नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार पुस १४, २०७४ | Friday, December 29, 2017 | www.newsofnepal.com | नेसं ११३८ पोहेलाथ्व ११ | वर्ष २३, अंक ३४४ | पृष्ठ १२ | मूल्य रु. १०/–

२ वर्ष २०१७ का वजनदार अन्तर्राष्ट्रिय खेल प्रतियोगिता
५ चीनको विशेषज्ञ चिकित्सक टोली नेपाल भ्रमणमा
९ निर्वाचन आयोगलाई एमालेको ध्यानाकर्षण
११ भारतीय सिमेन्टको आयात बढाउने खेल

## बैंकहरू संकटमा परेकै हुन् त ?

रोविन पौडेल/दीपेन्द्र थापा
काठमाडौं

एनसेलको लाभांश विदेश लैजान सर्वोच्च अदालतले बाटो खोलिदिएपछि बैंकहरू तरलता समस्यामा फस्ने खतरा बढेको छ। एकैपटक ठूलो परिमाणमा बैंकको ढुकुटीबाट रकम बाहिरिने भएकाले बैंकहरूलाई रकमको अभाव हुन सक्ने खतरा बढेको हो।

बैंकहरूमा लगानीयोग्य पुँजी घट्दै गएको अवस्थामा फेरि देखापरेको नयाँ विषयले बैंकहरूको वित्तीय स्वास्थ्यमा समस्या उत्पन्न गराउन सक्ने सरोकारवालाहरूको चिन्ता छ।

एनसेलको लाभांश बाहिरिने र अग्रिम करका रूपमा ठूलो परिमाणमा रकम सरकारी ढुकुटीमा जाने अवस्थामा छ। अर्कोतर्फ निर्वाचनका बेला बैंकिङ प्रणालीभन्दा बाहिर गएको रकम पुन: बैंकिङ प्रणालीमा आउने आशा गरिए पनि त्यो नहुँदा बैंकहरूलाई तरलताको दबाब रहेको छ। एकपछि अर्को गर्दै बैंकिङ क्षेत्रमा देखिएको चुनौतीले केही महिना तरलताको अभाव खड्किने उनीहरूको अनुमान छ।

आयातमुखी अर्थतन्त्रका कारण बैंकिङ प्रणालीमा आउनुपर्ने रकम आयातमा उपयोग हुनुले स्वाभाविक तरलता संकट निम्त्याएको हो। अझ पछिल्लो समयमा रेसिमट्यान्स पनि घट्दै जाँदा सर्वसाधारणसँग खर्च गर्नयोग्य

**एनसेलले लाभांशका रूपमा रकम लैजान बाटो खुल्दा, अग्रिम करका रूपमा सरकारी ढुकुटीमा रकम थुप्रिँदा तथा चुनावमा खर्च भएको रकम बैंकिङ प्रणालीमा नआउँदा नगद सञ्चयका दृष्टिले बैंकहरू दबाब परेका छन्। तत्काल रणनीति बनाइएन भने यसले खतरा निम्त्याउन सक्छ।**

रकमको अभाव हुँदै गएको छ।

अहिलेको विषम अवस्थामा विकास खर्च बढाएर आर्थिक गतिविधिमा बैंकहरूको संलग्नता बढाउनुपर्ने बैंकहरूको सुझाव छ।

एनसेलको लाभांशको विषयले विदेशी मुद्रा सञ्चिति वा तरलतामध्ये एक क्षेत्रमा असर पार्न सक्ने नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठको भनाइ छ। यीमध्ये कुन क्षेत्रमा असर पार्छ भन्ने हेर्न शुरूमा एनसेलको निक्षेप कुन मुद्रामा छ भनेर हेर्नुपर्ने उहाँले बताउनुभयो। *नेपाल समाचारपत्र*सँग कुरा गर्दै डेपुटी गभर्नर श्रेष्ठले भन्नुभयो- 'डिपोजिट विदेशी मुद्रामा छ भने विदेशी मुद्रा सञ्चितिमा केही कम हुनसक्छ, तरलतामा खासै असर पर्दैन।

तर, नेपाली मुद्रामा डिपोजिट गरिएको छ भने तरलतामा समस्या ल्याउन सक्छ।' यद्यपि, समाचारमा आएजस्तो ७०/७५ अर्ब रुपियाँ लैजाने कुरामा सत्यता नरहेको उहाँको दाबी छ। उहाँ भन्नुभयो- 'एनसेलले लैजाने भनेको चार वर्षको लाभांश होइन, एक वर्षको मात्रै हो। त्योभन्दा पहिले कम्पनीले वार्षिक साधारणभा गर्नुपर्‍यो, कर तिरेको हुनुपर्‍यो। सबै नीतिगत अवरोध पार गरिसकेपछि मात्र लाभांश लैजान पाइन्छ।'

डेपुटी गभर्नर शिवराज श्रेष्ठका अनुसार तरलता समस्या प्राय: पुस महिनामा हुने गर्छ। यतिबेला समय ६०/७० अर्ब रुपियाँ राजस्वको रूपमा सरकारी ढुकुटीमा जान्छ। सरकारको खर्च बढ्यो भने तरलताको समस्या धेरै नटिक्ने उहाँ बताउनुहुन्छ। 'चुनावपछि अर्थतन्त्र चलायमान रहँदा जनस्तरमा प्रवाह भएको रकम फर्किर बैंकिङ प्रणालीमा आउने क्रममा छ। तसर्थ, तरलताको समस्या केही कम हुने अपेक्षा गर्न सकिन्छ।' -श्रेष्ठले भन्नुभयो।

जनताको हातमा पुगेको पैसा घुमेर बैंकिङ प्रणालीमा नआएको सनराइज बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज वज्राचार्यको भनाइ छ। उहाँका अनुसार अझै पछिल्लो समय एनसेलको विषयमा सर्वोच्च अदालतले दिएको निर्णयले अर्बौं रुपियाँ नेपाली अर्थतन्त्रबाट बाहिरिने देखिन्छ।

हाल प्रतिमहिना १ खर्ब रुपियाँ बराबरको एलसी खुल्ने गर्छ। त्यस्तै मासिक ५०-६० अर्ब रुपियाँको तेल आयात हुने र पुस महिनामा मात्र कर्पोरेट क्षेत्रको ५० देखि ६० अर्ब रुपियाँ करका रूपमा राष्ट्रको ढुकुटीमा जाने उहाँले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

## ओली र दाहालको राजनेता बन्ने अवसर

पुष्करलाल श्रेष्ठ, काठमाडौं

चुनावलगत्तै पार्टी एकीकरण गरी स्थिर सरकार बनाएर देशलाई आर्थिक समृद्धितिर लाने आश्वासन दिँदै चुनावमा बहुमत हासिल गरेका नेकपा एमाले र माओवादीको नौटंकी देखेपछि नेपाली जनताको स्थिति रूखबाट खसेको बाँदरजस्तो भएको छ। पहिलो चरणको चुनाव सकिएको महिना दिन बितिसक्दा पनि पार्टी एकीकरणको त कुरै छाडौं, बुधबार दुई पार्टीका नेताको भेटबारे नेपाली सञ्चारमाध्यममा छाएको समाचारलाई नै ठूलो उपलब्धि ठानेर बस्न विवश बनाइएको छ नेपाली जनतालाई।

जनतालाई यति लामो समयसम्म तड्पाइसकेपछिको भेटको पहिलो निष्कर्ष भने फेरि उही नयाँ सरकार गठनका लागि बाटो खुला गर्न देउवा सरकारलाई आग्रह गर्ने कुराले नै प्राथमिकता पाएको देखियो।




चुनावलगत्तै बस्ने दुई पार्टीका अध्यक्षको बैठकपछि घरघरमा ग्यास ल्याइने, अस्तव्यस्त बनेको राजधानीको ट्राफिक व्यवस्थाका लागि भूमिगत मेट्रो बनाइने, प्रदूषणरहित शहर बनाइने, भ्रष्टाचारमुक्त देश बनाइने, प्रदेशहरूलाई व्यवस्थित बनाइने आदि योजना आउने आशा थियो जनतामा। तर सरकार गठनअघि एकताको खाका बनाउने, दुवै दलका अध्यक्षको संयुक्त नेतृत्व हुने, प्रधानमन्त्री र पार्टीको नेतृत्व आलोपालो गरिने आदि अध्यक्षद्वयकै व्यक्तिगत लाभका समाचारहरू आएपछि जनता यतिखेर थप जिल्ल पर्नु स्वाभाविक नै हो।

बुधबारको भेटमा अल्झिरहेको राष्ट्रियसभाको कुरा उठे पनि समाधानको बाटो पहिल्याएको कुराचाहिँ बाहिर आएको देखिएन। अहिले राष्ट्रियसभा गठनको अध्यादेश राष्ट्रपतिकोमा थन्केर बसेको छ। यही विषयलाई लिएर यति बेला राजनीतिक दलहरूले देशलाई अनिर्णयको बन्दी बनाइराखेका छन्। कानुन बनाउने काम जनताको होइन। शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'लाई कानुन बनाउनकै लागि हिजो जनताले सांसद बनाएर पठाएका हुन्। बेलैमा आफूले कानुन पनि नबनाउने अनि यसैमा अत्तो थापेर देशलाई अनिर्णयको बन्दी बनाइराख्न यी नेतालाई नैतिकताले दिन्छ कि दिँदैन?

सरकारले गत कात्तिक १ गते नै अध्यादेश स्वीकृतिका लागि राष्ट्रपतिकोमा पठाएको थियो। अध्यादेशलाई लिएर झन्डै साढे दुई महिना राष्ट्रपति विद्यादेवी भण्डारी मौन बसिदिएपछि दलहरूलाई अहिले यही अध्यादेशलाई बहाना बनाएर देशलाई अनिर्णयको बन्दी बनाउने मौका मिल्यो। अहिलेको चुनाव परिणामबारे पूर्वानुमान गर्न नसकेका दलहरूलाई यसभन्दाअघि राष्ट्रपतिकोमा थन्केको अध्यादेशबारे कुनै चासो भएन। अहिले चुनाव परिणाम आइसकेपछि बल्ल राष्ट्रियसभामा कसको सिट संख्या बढी हुने र घट्नेबारे चिन्ता लाग्न थाल्यो।

विगतमा आठ-आठ वर्ष संविधानसभाबाट संविधान बन्न नसकेको बेला तीन दलका नेता एउटा कोठामा बसेर हुने/नहुने कयौं गाँठा फुकाएका उदाहरण छन्। चाहेका भए अहिले पनि यी दल एकै ठाउँमा बसेर यो गाँठो सजिलै फुकाउन नसक्ने होइनन्। तर स्पष्ट कुरो के हो भने, बाहिर जस्तो भाषण दिए पनि प्रधानमन्त्री शेरबहादुर देउवालाई अझै कुर्सीको मोहले छोडेको छैन।

(क्रमश: पृष्ठ ९ मा)

## प्रदेशसभा सदस्यको नाम बुझाउँदै दल

सुनील महर्जन, काठमाडौं

राजनीतिक दलले प्रदेशसभाको समानुपातिकतर्फ पाएको सिट संख्याका आधारमा प्रदेशसभा सदस्यको नामावली बुझाउने आज शुक्रबार अन्तिम दिन हो।

निर्वाचन आयोगले सात दिनभित्र प्रदेशसभाको सदस्यको नामावली बुझाउन राजनीतिक दललाई दिएको समयसीमा आज शुक्रबार सकिँदै छ। आयोग प्रवक्ता नवराज ढकालले शुक्रबार कार्यालय समयभित्र दलहरूले प्रदेशसभाको समुनपातिकतर्फको सूची आयोगलाई बुझाइसक्नुपर्ने बताउनुभयो।

समानुपातिकतर्फ १३ दलले प्रदेशसभातर्फका २ सय २० सांसद पठाउनुपर्नेछ। त्यसमा संघीय समाजवादी फोरम, विवेकशील साझा पार्टी र नेमकिपाले नाम बुझाइसकेको आयोगले जनाएको छ। संघीय समाजवादी फोरमले १३ सिट जितेको छ। त्यसै गरी नेमकिपाले प्रदेश ३ मा १ सिट जितेको र विवेकशील साझा पार्टीले ३ सिट जितेको छ।

नाम बुझाउनका लागि शुक्रबार ३ बजेसम्म समय तोकिएको छ। शुक्रबार सूची बुझाउनका लागि भन्दै बाँकी दलको बैठक बिहीबार बसेको थियो। सबैभन्दा धेरै एमालेले ७५, कांग्रेसले ७२, माओवादी केन्द्रले ३५ जनाको सांसद पठाउने छन्। तीनवटा प्रदेशमा यी तीन पार्टीको मात्र सांसद हुनेछन्। राजपाले १२, राप्रपा र विवेकशील साझाले ३/३ जनाको नाम पठाउनुपर्नेछ। त्यसै गरी राष्ट्रिय जनमोर्चाले २ र अन्य पाँच दलले १ एक सिट जितेका छन्।

नाम टुंगो लगाउन नेकपा एमाले स्थायी समिति बैठक बिहीबार बसेको थियो। एमालेले प्रदेश एकमा १५, दुईमा ७, तीनमा १६, चारमा १०, पाँचमा १३, छमा ६ र सातमा ८ सिट जितेको छ। कांग्रेसले प्रदेश एकमा १३, दुईमा ११, तीनमा १४, चारमा ९, पाँचमा १२, छमा ५ र सातमा ८ सिट जितेको छ।

नेकपा माओवादी केन्द्रले प्रदेश एकमा ५, दुईमा ५, तीनमा ८, चारमा ३, पाँचमा ६ तथा प्रदेश छ र सातमा ४/४ सिट जितेको छ। संघीय समाजवादी फोरमले प्रदेश एकमा २ सिट, दुईमा ९ र पाँचमा २ सिट जितेको छ।

राजपाले प्रदेश दुईमा १० सिट र पाँच र सातमा १/१ सिट जितेको छ। त्यस्तै राप्रपाले प्रदेश एक, तीन र छ मा १/१ सिट जितेको छ। विवेकशील साझाले प्रदेश तीनमा ३ सिट जितेको छ। राष्ट्रिय जनमोर्चाले प्रदेश चार र पाँचमा १-१ सिट जितेको छ। नयाँ शक्तिले प्रदेश चारमा, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले प्रदेश एकमा, नेपाल संघीय समाजवादी पार्टीले प्रदेश दुईमा, नेमकिपाले प्रदेश तीनमा र राप्रपा प्रजातान्त्रिकले पनि प्रदेश तीनमा १/१ सिट जितेका छन्।

(क्रमश: पृष्ठ ९ मा)

## दल दर्ता गर्न आयोगको आह्वान

काठमाडौं, (नेस)

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि १५ दिनभित्र दल दर्ता गर्न दलहरूलाई बिहीबार आह्वान गरेको छ। प्रमुख निर्वाचन आयुक्त डा. आयोधीप्रसाद यादवको अध्यक्षतामा आयोगमा बसेको बैठकले सो निर्णय गरेको हो।

**राष्ट्रियसभा सदस्य निर्वाचन**

संविधानको धारा २६९ बमोजिम आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूले निर्वाचन प्रयोजनका लागि संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ वा ४९ बमोजिम दल दर्ता गराउनुपर्ने हुन्छ।

(क्रमश: पृष्ठ ९ मा)

## जाँदाजाँदै सरकारले दियो पीडितलाई राहत

काठमाडौं, (नेस)

सरकारले क्यान्सर, मृगौला र स्पाइनल इन्जुरीका कारण प्यारालाइसिस भएका बिरामीलाई मासिक ५ हजार भत्ता दिने निर्णय गरेको छ।

वाम गठबन्धनको नेतृत्वमा नयाँ सरकार गठनको चर्चा भइरहेको बेला नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार जनतामाझ लोकप्रिय बन्ने कदमका रूपमा सो निर्णयलाई लिइएको छ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले यस्ता बिरामीको दैनिक जीवनयापनलाई सहज बनाउन ५ हजार रुपियाँका दरले जीविकोपार्जन भत्ता दिने निर्णय गरेको सरकारका प्रवक्ता मोहनबहादुर बस्नेतले जानकारी दिनुभयो।

अहिले सरकारले क्यान्सर, मृगौला र स्पाइनल इन्जुरीलगायत जटिल रोगबाट पीडित बिरामीको उपचारमा सहुलियत दिँदै आएको छ। स्वास्थ्य मन्त्रालयले यी बिरामीका लागि दिने भनिएको रकम चुरोट तथा सुर्तीजन्य पदार्थ र मदिरामा थप कर लगाई व्यवस्थापन गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लगेको थियो। मन्त्रिपरिषद्ले सोही प्रस्ताव पास गरेको हो।

सरकारले हाल क्यान्सर र स्पाइनल इन्जुरीका बिरामीलाई उपचारका लागि १ लाख रुपियाँ सहयोग गर्दै आएको छ।

(क्रमश: पृष्ठ ९ मा)

## मन्त्रिपरिषद् बैठकमा हंगामा

### तपाईं राजीनामा दिनुहोस् म स्वीकृत गरिदिन्छु : थापा

काठमाडौं, (नेस)

मन्त्रिपरिषद्को बैठकमा सचिवले असहयोग गरेको भन्दै शहरी विकासमन्त्री दिलनाथ गिरीले आफ्नो मन्त्रालयको सचिव परिवर्तन गर्ने प्रस्ताव गरेपछि मन्त्रिपरिषद्को बैठकमा हंगामा भएको छ।

मन्त्रिपरिषद्को बैठकमा मन्त्री गिरीले शहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्माले आफूलाई पूरै असहयोग गरेको भन्दै असन्तुष्टिसहित सचिव परिवर्तन गर्नुपर्ने प्रस्ताव राखेपछि उपप्रधान एवम् ऊर्जामन्त्री कमल थापाले आपत्ति जनाउनुभएको थियो।

मन्त्री गिरीले अडानका साथ सचिवले जनताको काम गर्नुको सट्टा होटलहोलटमा ठेकेदारसँग मिलेर ठेक्कापट्टा मिलउन लागेको भन्दै थप आक्रोशित भएपछि दुई मन्त्रीबीचको विवादले उग्र रूप लिएको एक मन्त्रीले बताए। ती मन्त्रीले *नेपाल समाचारपत्र*सँग भने- 'शहरी विकास मन्त्रालयका सचिवको विषयले बैठकमा निकै ठूलो रूप लियो, प्रधानमन्त्रीलाई समेत सम्हालन गाह्रो भो।'

(क्रमश: पृष्ठ ९ मा)

## अब राति पनि चिडियाखाना हेर्न पाइने

टीका बन्धन, काठमाडौं


सामान्यतया चिडियाखानाका जीवजन्तु बिहान, दिउँसो र अपराह्न आफ्नो समय अनुकूल अवलोकन गर्ने गरिन्छ। रात्रिकालीन अवलोकनको अवसर भने दुर्लभ मानिन्छ।

यस्तै दुर्लभ अवसर मुलुककै सदर चिडियाखानाले प्रदान गरिरहेको छ। साँझ परेपछि पनि चिडियाखानाका जीवजन्तु र तिनका आनीबानी नजिकबाट नियाल्न सकिन्छ। चिडियाखानाका प्राविधिकले रातको समयमा सक्रिय हुने 'रात्रिचर जीव' लक्षित 'नाइट गाइडेड टुर'को सेवा दिँदै आएका छन्।

'सबै जीवजन्तु दिउँसो मात्रै सक्रिय हुँदैनन्, राति सक्रिय हुने, खेल्ने र आहारा खाने पनि धेरै छन्।' -चिडियाखानाका आयोजना व्यवस्थापक डा. चिरञ्जीवीप्रसाद पोखरेलले भन्नुभयो। कुल १ सय २० रोपनी क्षेत्रफलमा फैलिएको चिडियाखानामा हाल विभिन्न १ सय १४ प्रजातिका जीवजन्तु प्रदर्शनीमा राखिएका छन्। तीमध्ये विभिन्न १८ प्रजातिका निशाचर जन्तु छन्।

पाटे बाघ, गैंडा, जलगैंडा, स्याल, हिमाली भालु, काठेभालु, चितुवा, हिमाली नील बिरालो, चरीबाघ, ठूलो नील बिरालो, वन बिरालो, ध्वाँसे नील बिरालो, दुम्सीजस्ता जन्तु चिडियाखानाका रात्रिचर स्तनधारी जीव हुन्। हाप्सिलो, लाटोकोसेरो र मलाह हुचिल पनि रातमा सक्रिय रहने चिडियाखानाभित्रका पन्छी हुन्। अंग्रेजी महिनाको नोभेम्बर १५ देखि जनवरी १५ तारिखसम्म (करिब २ महिना) चिडियाखानाले 'रात्रिचर जीव' नियाल्न सकिने समय छुट्याएको छ।

रात्रिकालीन अवलोकनको प्राथमिकता भने विद्यालय तहमा अध्ययनरत चिडियाखानाका मित अर्थात् 'फ्रेन्ड्स अफ जु'का सदस्यलाई प्रदान गरिएको पोखरेलले जानकारी दिनुभयो। काठमाडौं उपत्यकाका करिब ५ सय विद्यालयका ८० हजारभन्दा बढी विद्यार्थी 'फ्रेन्ड्स अफ जु'का सदस्य बनेका छन्। रात्रिकालीन अवलोकन कार्यक्रम पुरानै भए पनि केही वर्षयता विद्यार्थीको आकर्षण झनै बढेको पोखरेलले बताउनुभयो।



दिउँसो देख्न मुस्किल हुने स्तनधारी जीव 'उड्ने लोखर्के' (कोइरालो) रात्रिकालीन अवलोकनको विशेष आकर्षण हो। प्राकृतिक बासस्थानमा यो जन्तुले पन्छी उडे जसरी २ सय ५० फिट हाराहारीको दूरी 'ग्लाइडिङ' गर्न सक्ने विज्ञहरू बताउँछन्। सो जन्तु २ महिनाअघि चिडियाखानाका वरिष्ठ भेट प्राविधिक राधाकृष्ण घर्तीले ललितपुरको गोदावरीबाट उद्धार गरेर जावलाखेल ल्याउनुभएको थियो।

प्राविधिक जनशक्तिको अभाव र सुरक्षाजस्ता कारणले रात्रिकालीन जीवजन्तु अवलोकन सुविधा तत्काल आम सर्वसाधारणका लागि भने खुला गर्न नसकिने त्यहाँका सहायक क्युरेटर गणेश कोइरालाले बताउनुभयो। 'त्यसै पनि निशाचर जीवको संख्या न्यून छ, हामी प्राविधिक पनि थोरै छौं, सुरक्षा र अन्य प्रशासनिक कारणले तत्काल सर्वसाधारणलाई यस्तो सुविधा उपलब्ध गराउन असमर्थ छौं।'

'द मनी फाइट' नाम दिइएको भिडन्तको दसौं राउन्डमा कोनोरलाई हराउँदै मेवेदर आफ्नो ५०औं भिडन्तमा पनि अपराजित नै हुन सफल भए। उक्त भिडन्तपछि विभिन्न स्रोतमार्फत मेवेदरले ३० करोड र कोनोरले १० करोड बराबरको अमेरिकी डलर आर्जन गराका थिए।

# वर्ष २०१७ का वजनदार अन्तर्राष्ट्रिय खेल प्रतियोगिता

सन् २०१८ लाई स्वागत र सन् २०१७ लाई बिदा दिने संघारमा विश्व खेलकुद उभिएको छ। हरेक क्षेत्रमा झैं यो वर्ष अन्तर्राष्ट्रिय खेलकुदमा पनि विश्वस्तरका अनगिन्ती अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना भए। ती सम्पूर्ण खेल गतिविधिको जानकारी धेरै कम मान्छेमा मात्र सीमित हुने गरेको छ। तीमध्ये सन् २०१७ मा भएका केही विश्वस्तरीय र वजनदार छाप बोकेको अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको जानकारी यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ।

कविरस शर्मा
kabirash2006@gmail.com

## अफ्रिका कप अफ नेसन्स

१४ जनवरीदेखि ५ फेब्रुअरीसम्म अफ्रिकाको प्रतिष्ठित फुटबल प्रतियोगिता अफ्रिका कप अफ नेसन्स्‌ भएको थियो। अफ्रिकी महादेशका १६ राष्ट्र सम्मिलित उक्त प्रतियोगिता गाबोनमा भएको थियो। गाबोनको विभिन्न चार शहरमा गरी ३२ म्याच खेलिएको उक्त प्रतियोगिताको उपाधि क्यामरूनले जितेको थियो। फाइनलमा इजिप्टलाई २-१ गोलअन्तरले हराउँदै क्यामरून विजेता बनेको थियो। योसमेत क्यामरुनले पाँचौंपटक उक्त प्रतियोगिताको उपाधि जित्न सफल भएको हो।

## अस्ट्रेलियन ओपन

जनवरी १६ देखि २९ सम्म वर्षको पहिलो ग्रान्डस्लाम टेनिसको रूपमा परिचित अस्ट्रेलियन ओपनको १ सय पाँचौ संस्करण भएको थियो। जसअन्तर्गत पुरुष एकलतर्फको उपाधि स्विजरल्यान्डका रोजेर फेडेररले जितेका थिए। प्रतिस्पर्धात्मक फाइनलमा उनले स्पेनका राफेल नाडाललाई ६-४, ३-६, ६-१, ३-६, ६-३ को सेटमा पराजित गरेका थिए। यस्तै महिला एकलतर्फको उपाधि अमेरिकी टेनिस क्विन सेरेना विलियम्सले अफ्नै दिदी भेनस विलियम्सलाई ६-४, ६-४ को सेटमा हराउँदै जितेकी थिइन्।

## विन्टर युनिभर्सियाड

जनवरी २९ देखि ८ फेब्रुअरीसम्म विश्वविद्यालयका विद्यार्थीबीच हुने अन्तर्राष्ट्रिय प्रतियोगिता युनिभर्सियाड खेलकुदको २८औं संस्करण कजाकस्तानको अल्माटीमा भएको थियो। ५६ राष्ट्र सहभागी उक्त प्रतियोगितामा हिउँसँग सम्बन्धित १२ खेलका लागि १६ सय ४ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। जसअन्तर्गत पदक तालिकामा रसियाले सर्वाधिक २९ स्वर्ण, २७ रजत र १५ कांस्य जित्न सफल भयो।

## महिला विश्व चेस प्रतियोगिता

फेब्रुअरी १० देखि ५ मार्चसम्म इरानको राजधानी तेहरानमा महिला विश्व चेस प्रतियोगिता भएको थियो। विश्वभरिका ६४ महिला खेलाडीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगिताको उपाधि चीनका तान झोंगीले जितेकी थिइन्। फाइनलमा उनले युक्रेनकी अन्ना मुजिचुकलाई हराएकी थिइन्।

## एसियन टेबल टेनिस च्याम्पियनसिप

अप्रिल ९ देखि १६ सम्म चीनको उभ्फि शहरमा एसियन टेबल टेनिस च्याम्पियनसिप भएको थियो। जसमा पुरुषतर्फ आयोजक चीनका फान झेन्डङ तथा महिलातर्फ जापानकी मिउ हिरानी च्याम्पियन बन्न सफल भएकी थिइन्।

## वर्ल्ड स्नुकर च्याम्पियनसिप

१५ अप्रिलदेखि मे १ सम्म इंग्ल्यान्डमा वर्ल्ड स्नुकर च्याम्पियनसिप भएको थियो। जसमा स्कटल्यान्डका जोन हिगिन्सलाई माथ खुवाउँदै आयोजक इंग्ल्यान्डकै मार्क सेल्बी विजेता बन्न सफल भएका थिए।

## एसियन वेटलिफ्टिङ च्याम्पियनसिप

२१ देखि २९ अप्रिलसम्म तुर्कमेनिस्तानको अस्गाबातमा एसियन वेटलिफ्टिङ च्याम्पियनसिप भएको थियो। नेपालका एक जनासहित एसियाका २७ राष्ट्रका १ सय ४४ भारोत्तलन खेलाडीले प्रस्तिस्पर्धा गरेको उक्त प्रतियोगितामा ८ स्वर्ण, २ रजत र २ कांस्यसहित चीनले पहिलो स्थान हासिल गरेको थियो।

## एसियन एमेच्योर बक्सिङ च्याम्पियनसिप

३० अप्रिलदेखि ७ मे सम्म उज्वेकिस्तानको तासकन्तमा एसियन एमेच्योर बक्सिङ च्याम्पियनसिप भएको थियो। ४९ देखि ९० किलोग्रामभन्दा माथि गरी कुल १० वटा तौल समूहको प्रतिस्पर्धा भएको उक्त प्रतियोगितामा आयोजक उज्वेकिस्तान नै टिम च्याम्पियन बन्न सफल भएको थियो। कुल १० स्वर्णमध्ये उज्वेकिस्तानले ९ स्वर्ण जित्न सफल भएको थियो।

## एसियन अन्डर-२३ मेन्स भलिबल च्याम्पियनसिप

मे १ देखि ९ सम्म इरानमा एसियन अन्डर-२३ मेन्स भलिबल च्याम्पियनसिप भएको थियो। एसियाका ११ राष्ट्र सम्मिलित उक्त प्रतियोगिताको उपाधि आयोजक इरानले नै जित्न सफल भएको थियो। फाइनलमा जापानलाई ३-० को सेटमा हराउँदै इरान दोस्रोपटक च्याम्पियन बनेको थियो।

## एसियन एमेच्योर रेस्लिङ च्याम्पिनसिप

मे १० देखि १४ सम्म भारतमा एसियन एमेच्योर रेस्लिंङ च्याम्पिनसिप भएको थियो। एसियाका १९ राष्ट्रका २ सय ५५ खेलाडीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा ८ स्वर्ण, ३ रजत र ५ कांस्य पदक जित्दै जापानले पहिलो स्थान हासिल गरेको थियो। यस्तै टिम ऱ्याङ्किङअन्तर्गत पुरुष फ्रि-स्टाइलमा ७१ अंकसहित इरान शीर्ष स्थानमा रहेको थियो। यस्तै ग्रेको-रोमन वरीयतामा पनि ६९ अंकसहित इरानले नै बाजी मार्दा महिला फ्रि स्टाइलमा ७६ अंकसहित जापानले शीर्ष स्थान ओगटेको थियो।

## एसियन जुडो च्याम्पियनसिप

२६ देखि २८ मे सम्म भएको २३औं एसियन जुडो च्याम्पियनसिप हङकङमा भएको थियो। पुरुष र महिलातर्फ समान सात-सात तौल समूहको प्रतिस्पर्धा भएको उक्त प्रतियोगितामा ९ स्वर्ण, १ रजत र ५ कांस्य जितेर जापानले पहिलो स्थान हासिल गरेको थियो।

## फ्रेन्च ओपन

मे २८ देखि जुन ११ सम्म फ्रेन्च ओपन टेनिसको १ सय १६औं संस्करण चलेको थियो। वर्षको दोस्रो ग्रान्डस्लाम टेनिसको रूपमा परिचित उक्त प्रतियोगिताको पुरुष एकलतर्फ स्पेनका राफाल नाडाल तथा महिला एकलतर्फ लात्भियाकी एलेना ओस्टापेन्कोले उपाधि जित्न सफल भए। फाइनलमा नाडालले स्विजरल्यान्डका स्टान वावरिन्का र ओस्टापेन्काले रोमानियाकी सिमोना हालेपलाई हराएका थिए।

## विश्व टेबलटेनिस च्याम्पियनसिप

२९ मे देखि ५ जुनसम्म जर्मनीमा ५४औं विश्व टेबलटेनिस प्रतियोगिता भएको थियो। जसमा पुरुष र महिला दुवै स्पर्धामा चीनका खेलाडी च्याम्पियन बनेका थिए। पुरुष एकलतर्फ मा लङ र महिला एकलतर्फ डिङ निङ च्याम्पियन भएका थिए।

## यूएफा च्याम्पियन्स लिग फाइनल

जुन ३ मा भएको युरोपेली क्लबकै सर्वोच्च प्रतियोगिता यूएफा च्याम्पियन्स लिगको फाइनल वेल्सको कार्डिफमा भएको थियो। जहाँ स्पेनिस फुटबलका महारथी रियल मेड्रिडले इटालियन सिरी 'ए' च्याम्पियन युभेन्टसलाई ४-१ गोलअन्तरले हराउँदै सर्वाधिक १२औं पटक उक्त उपाधि उचालेको थियो। उक्त खेलमा म्यान अफ दि म्याच घोषित भएका क्रिस्टियानो रोनाल्डोले २ गोलको योगदान गरेका थिए।

## कन्फेडरेसन कप फुटबल

१७ जुनदेखि २ जुलाईसम्म रसियामा कन्फेडरेसन कप फुटबल आयोजना भएको थियो। महादेशीय च्याम्पियन र फिफा विश्वकप विजेतासहित आसन्न विश्वकप आयोजक राष्ट्रले प्रतिस्पर्धा गर्ने उक्त प्रतियोगितामा यसपटक जर्मनीले बाजी मार्‍यो। दक्षिण अमेरिकी च्याम्पियन चिलीलाई १-० ले हराउँदै जर्मनी पहिलो पटक कन्फेडरेसन कप च्याम्पियन बनेको हो।

## विश्व तेक्वान्दो च्याम्पियनसिप

३० देखि २४ जुनसम्म विश्व तेक्वान्दो च्याम्पियनसिपको २३औं संस्करण दक्षिण कोरियाको मुजु शहरमा भएको थियो। नेपालका १० खेलाडीसहित १ सय ७७ राष्ट्रका ९ सय ४५ खेलाडीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा आयोजक दक्षिण कोरिया टिम च्याम्पियन बनेको थियो। पुरुष र महिला स्पर्धा गरी दक्षिण




कोरियाले ५ स्वर्ण, १ रजत र ४ कांस्य जितेको थियो।

## महिला विश्वकप क्रिकेट

जुन २६ देखि जुलाई २३ सम्म इंग्ल्यान्डले एघारौं आईसीसी महिला विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गरेको थियो। आठ राष्ट्रका महिला क्रिकेट टिमले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा आयोजक इंग्ल्यान्डले नै उपाधि जितेको थियो। लड्र्समा भएको फाइनलमा भारतलाई ९ रनको झीनो अन्तरले पराजित गर्दै इंग्ल्यान्डले चौथोपटक उक्त उपाधि उचालेको थियो।

## यूएस सिनियर ओपन गल्फ

२९ जुनदेखि २ जुलाईसम्म यूएस सिनियर ओपन गल्फ प्रतियोगिता अमेरिकाको कोलोराडोमा भएको थियो। ३७ वर्षदेखि चल्दै आएको यस प्रतियोगिताको उपाधि अमेरिकाकै केरी पेन्नीले जितेका थिए।

## विम्बलडन टेनिस

जुलाई ३ देखि १६ सम्म वर्षको तेस्रो ग्रान्डस्लामबाट परिचित विम्बलडन टेनिस प्रतियोगिताको १ सय ३१औं संस्करण भएको थियो। टेनिस इतिहासकै दोस्रो सबैभन्दा पुरानो यस प्रतियोगिताअन्तर्गत यस वर्ष पुरुष र महिला एकलतर्फ क्रमश: स्विजरल्यान्डका रोजर फेडेरर र स्पेनकी गार्बिन मुगुरुजा च्याम्पियन बनेका थिए। फेडेररले क्रोएसियाका मारिन चिलिचलाई ६-३, ६-१, ६-४ को सेटमा तथा मुगुरुजाले अमेरिकाकी भेनस विलियम्सलाई ७-५, ६-० को सेटमा हराउँदै उपाधि जितेका थिए।

## कोन्काकाफ गोल्डकप

७ देखि २६ जुलाईसम्म उत्तर तथा मध्य अमेरिकाको प्रतिष्ठित प्रतियोगिता १४औं कोन्काकाफ गोल्डकप फुटबल च्याम्पियनसिप अमेरिकाको विभिन्न १४ शहरमा भएको थियो। १२ राष्ट्रले चुनौती प्रस्तुत गरेको उक्त प्रतियोगिताको उपाधि आयोजक अमेरिकाले नै जितेको थियो। छैठौं पटक उक्त उपाधि जित्ने क्रममा अमेरिकाले जमैकालाई २-१ गोलअन्तरले पराजित गरेको थियो।

## फिना वर्ल्ड च्याम्पियनसिप

१४ देखि ३० जुलाईसम्म १७औं फिना वर्ल्ड च्याम्पियनसिप (वर्ल्ड एक्वेटिक च्याम्पियनसिप) हंगेरीको राजधानी बुडापेस्टमा भएको थियो। पानीसँग सम्बन्धित उक्त खेल प्रतियोगितामा १ सय ८२ राष्ट्रका खेलाडीले प्रतिस्पर्धा गरेका थिए। जसमा २१ स्वर्ण, १२ रजत र १३ कांस्य जितेर संयुक्त राज्य अमेरिकाले पदक तालिकाको शीर्ष स्थान हासिल गरेको थियो।

## आईएएएफ वर्ल्ड च्याम्पियनसिप

४ देखि १३ अगस्टसम्म संयुक्त अधिराज्यमा १६औं इन्टरनेसनल एसोसिएसन अफ एथ्लेटिक्स फेडरेसन (आईएएएफ) वर्ल्ड च्याम्पियनसिप भएको थियो। नेपालको एक जना खेलाडीसहित विश्वभरिका २ सय राष्ट्रका खेलाडीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा १० स्वर्ण ११ रजत र ९ कांस्य जित्दै अमेरिकाले पदक तालिकाको शीर्ष स्थान ओगटेको थियो। यस प्रतियोगितामा जमैकाका कीर्तिमानी एथ्लिट्स उसेन बोल्टले खेल जीवनबाट संन्यास लिएका थिए।

## यूएफा सुपरकप

८ अगस्टमा भएको यूएफा सुपरकपमा स्पेनिस फुटबलका महारथी रियल मेड्रिड विजयी भएको थियो। युरोपेली क्लबको दुई प्रतिष्ठित च्याम्पियनसिपअन्तर्गत यूएफा च्याम्पियनसिप लिगको विजेता र युरोपा लिगको विजेताबीच हुने म्याचमा यसपटक रियल मेड्रिडले बाजी मारेको हो। च्याम्पियन्स लिग विजेता रियलले युरोपा लिग विजेताम्यानचेस्टर युनाइटेडलाई २-१ गोल अन्तरले पराजित गरेको थियो।

## फिबा एसिया कप

८ देखि २० अगस्टसम्म भएको २९औं फिबा एसिया कप लेबनान भएको थियो। एसिया र अस्ट्रेलिया तथा न्युजिल्यान्ड गरी १६ राष्ट्र सम्मिलित उक्त प्रतियोगिताको उपाधि अस्ट्रेलियाले जित्न सफल भएको थियो। फाइनलमा इरानलाई ७९-५६ स्कोरले हराउँदै अस्ट्रेलियाले स्वर्ण जित्न सफल भएको थियो।

## वर्ल्ड एमेच्योर रेस्लिङ च्याम्पिनसिप

२१ देखि २६ अगस्टसम्म फ्रान्समा १४औं वर्ल्ड एमेच्योर रेस्लिङ च्याम्पिनसिप भएको थियो। ७३ राष्ट्रका ६ सय ८४ खेलाडीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा ६ स्वर्ण, १ रजत र कांस्य जित्दै जापान पदक तालिकाको शीर्षस्थानमा उक्लन सफल भएको थियो।

## बीडब्ल्यूएफ वर्ल्ड च्याम्पियनसिप

२१ देखि २७ अगस्टसम्म स्कटल्यान्डमा २३औं ब्याडमिन्टन वर्ल्ड फेडरेसन (बीडब्ल्यूएफ) वर्ल्ड च्याम्पियनसिप आयोजना भएको थियो। पुरुष र महिला इभेन्टहरु भएको उक्त प्रतियोगिता ग्लास्गोको एमिरेट्स एरिनामा सञ्चालन भएको थियो। जसमा २ स्वर्ण, २ रजत र १ कांस्य पदक जित्दै चीनले पदक तालिकाको शीर्ष स्थान कब्जा गरेको थियो।

## आईबा वर्ल्ड बक्सिङ च्याम्पियनसिप

२५ देखि २ सेप्टेम्बरसम्म एमेच्योर इन्टरनेसनल बक्सिङ एसोसिएसन (आईबा) वर्ल्ड बक्सिङ च्याम्पियनसिप जर्मनीको ह्यामवर्गमा भएको थियो। १० वटा तौल समूहमा भएको उक्त प्रतियोगितामा ८५ राष्ट्रका २ सय ७९ पुरुष बक्सिङ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। जसमा क्युबाली खेलाडीको वर्चस्व रहेको थियो। ५ स्वर्ण र २ रजत जित्दै क्युबा पदक तालिकाको शीर्ष स्थानमा सूचीकृत बनेको थियो।

## द मनी फाइट

२६ अगस्टमा व्यावसायिक बक्सिङमा एउटा रोमाञ्चक भिडन्त भएको थियो। वर्तमान विश्व खेलकुदका सर्वाधिक धनी खेलाडी तथा व्यावसायिक बक्सिङमा अपराजित अमेरिकी बक्सर फ्लोयड मेवेदर र मिक्स्ड मार्सल आर्ट्स यूएफसीका चर्चित आइरिस फाइटर कोनोर मेक ग्रेगरबीच बक्सिङ खेलिएको थियो। 'द मनी फाइट' नाम दिइएको उक्त भिडन्तको दसौं राउन्डमा कोनोरलाई हराउँदै मेवेदर आफ्नो ५० औं भिडन्तमा पनि अपराजित नै हुन सफल भए। उक्त भिडन्तपछि विभिन्न स्रोतमार्फत मेवेदरले ३० करोड र कोनोरले १० करोड बराबरको अमेरिकी डलर आर्जन गरेका बताइएको थियो।

## वर्ल्ड जुडो च्याम्पियनसिप

२८ अगस्टदेखि ३ सेप्टेम्बरसम्म वर्ल्ड जुडो च्याम्पियनसिप हंगेरीको राजधानी बुडापेस्टमा भएको थियो। पुरुष र महिलाको भिन्दाभिन्दै ७ वटा तौल समूहमा प्रतिस्पर्धा भएको उक्त प्रतियोगितामा १ सय २६ राष्ट्रका ७ सय ३१ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। जसमा ८ स्वर्ण, ४ रजत र १ कांस्य जित्दै जापान पदक तालिकाको शीर्ष स्थानमा सूचीकृत बनेको थियो।

## यूएस ओपन

२८ अगस्टदेखि १० सेप्टेम्बरसम्म वर्षको चौथो ग्रान्डस्लाम तथा सबैभन्दा पुरानो टेनिस प्रतियोगिताबाट परिचित यूएस ओपनको १ सय ३७औं संस्करण अमेरिकाको न्यूयोर्कमा खेलिएको थियो। जसमा पुरुष एकलतर्फको फाइनलमा स्पेनका राफाल नाडालले दक्षिण अफ्रिकाका केभिन एन्डरसनलाई ६-३, ६-३, ६-४ ले हराउँदै उपाधि जितेका थिए। यस्तै महिला एकलतर्फको फाइनलमा अमेरिकाका स्लोएने स्टेफेन्सले आफ्नै राष्ट्रकी मेडिसन किजलाई ६-३, ६-० को सेटमा हराउँदै पहिलोपटक ग्रान्डस्लाम उपाधि उचालेकी थिइन्।

## वर्ल्ड सट गन च्याम्पियनसिप

३० अगस्टदेखि ११ सेप्टेम्बरसम्म सुटिङ खेलसँग सम्बन्धित वर्ल्ड सट गन च्याम्पियनसिप प्रतियोगिता रसियामा भएको थियो। पुरुष र महिला खेलाडीले सुटिङको विभिन्न इभेन्ट्समा प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा इटालीले सर्वाधिक ६ स्वर्ण, १ रजत र २ कांस्य जित्दै पदक तालिकाको शीर्ष स्थान हासिल गरेको थियो।

## चेस वर्ल्डकप

२ देखि २७ सेप्टेम्बरसम्म चेस वर्ल्डकप जर्जियामा भएको थियो। विश्वस्तरका १ सय २८ खेलाडीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा अर्मेनियाका लेभोन एरोनियन च्याम्पियन बनेका थिए।

## एसियन इन्डोर एन्ड मार्सल आर्ट्स गेम्स

१७ देखि २७ सेप्टेम्बरसम्म तुर्कमेनिस्तानको अस्गाबातमा एसियन इन्डोर एन्ड मार्सल आर्ट्स गेम्सको पाँचौं संस्करण भएको थियो। उक्त प्रतियोगितामा कुल २१ खेलका लागि एसियाका ४५ र ओसियाना क्षेत्रका १७ राष्ट्रका गरी ४ हजार १२ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। जसमा नेपालका १८ खेलाडी पनि सहभागी भएका थिए। आयोजक तुर्कमेनिस्तानले ८९ स्वर्ण, ७० रजत र ८६ कांस्य जित्दै पदक तालिकाको शीर्ष स्थान ओगटेका थिए।

## अन्डर-१८ साफ च्याम्पियनसिप

१८ देखि २७ सेप्टेम्बरसम्म भएको अन्डर-१८ साउथ एसियन फुटबल फेडेरेसन (साफ) च्याम्पियनसिप भुटानको थिम्पुमा आयोजना भएको थियो। सार्कमा आबद्ध पाँच राष्ट्रको १८ वर्षमुनिका फुटबल टोलीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा नेपालले उपाधि जित्न सफल भएको थियो। उक्त प्रतियोगितामा नेपालको यो दोस्रो उपाधि हो।

## फिफा अन्डर-१७ वर्ल्डकप

६ देखि २८ अक्टोबरसम्म फिफा अन्डर-१७ वर्ल्डकप भारतमा भएको थियो। ६ महदेशबाट छनोट भएका २४ राष्ट्रका १७ वर्षमुनिको राष्ट्रिय टोलीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा इंग्ल्यान्ड च्याम्पियन बनेको थियो। फाइनलमा स्पेनलाई ५-२ गोल अन्तरले हराउँदै इंग्ल्यान्डले पहिलोपटक उक्त उपाधि जितेको हो।

## वर्ल्ड आर्चरी च्याम्पियनसिप

१५ देखि २२ सेप्टेम्बरसम्म मेक्सिकोमा वर्ल्ड आर्चरी च्याम्पियनसिपको ४९औं संस्करण सम्पन्न भएको थियो। ५८ राष्ट्रका ३ सय ७३ महिला तथा पुरुष धनुषवाण खेलाडीले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगितामा ५ स्वर्ण, १ रजत २ कांस्य जित्दै दक्षिण कोरियाले पदक तालिकाको शीर्ष स्थान ओगटेको थियो।

## एएफसी च्याम्पियन्स लिग

१८ देखि २५ नोभेम्बरसम्म एसियाका 'ए' श्रेणीको फुटबल क्लबबीच हुने एएफसी च्याम्पियन्स लिगको ३६औं संस्करणको फाइनल होम र अवेको ढाँचाअनुरूप जापान र साउदी अरेबियामा भएको थियो। जसअनुसार दुई खेलमा साउदी अरेबियाको अल हिलाललाई समग्रमा २-१ ले हराउँदै जापानको उरावा रेड डायमन्ड्सले उपाधि जितेको थियो।

## वर्ल्ड वेट लिफ्टिङ च्याम्पियनसिप

२८ नोभेम्बरदेखि ५ डिसेम्बरसम्म अमेरिकाको अनाहेममा वर्ल्ड वेट लिफ्टिङ च्याम्पियनसिप आयोजना गरिएको थियो। जसमा ६८ राष्ट्रका ३ सय २८ पुरुष तथा महिला खेलाडीले विभिन्न ८ वटा तौल समूहमा प्रतिस्पर्धा गरेका थिए। संयुक्तरूपमा इरान र कोलम्बियाले समान २ स्वर्ण, १ रजत र २ कांस्य जित्दै पदक तालिकाको शीर्ष स्थान ओगटेका थिए।

## फिफा क्लब वर्ल्डकप

६ देखि १६ डिसेम्बरसम्म युनाइटेड अरब एमिरेट्समा फिफा क्लब वर्ल्डकपको १४औं संस्करण आयोजना भएको थियो। फिफामा आबद्ध ७ कन्फेडरेसनका क्लब च्याम्पियनले प्रतिस्पर्धा गरेको उक्त प्रतियोगिताको उपाधि स्पेनको रियल मेड्रिडले जितेको थियो। फाइनलमा दक्षिण अमेरिकी क्लब च्याम्पियन ब्राजिलका ग्रेमियोलाई १-० ले हराउँदै रियल मेड्रिडले तेस्रोपटक उक्त उपाधिमाथि आफ्नो नाम लेखाएको हो।

# बोर्डमा पार्टी राजनीति !



निकिता पौडेल

विदुर गिरी

गठन भएदेखि राजनैतिक भर्ती र खिचातानीको थलो बन्दै आएको चलचित्र विकास बोर्डमा यसपालि पनि पार्टी राजनीति हावी हुनपुगेको छ। सरकारले ११ दिनअघि प्रतिस्पर्धाका आधारमा बोर्ड अध्यक्षका रूपमा फिल्म व्यवसायी तथा निर्मात्री निकिता पौडेललाई नियुक्त गरे पनि बोर्डका सदस्यहरुले राजनैतिक आस्थाकै आधारमा असहयोग गरेका छन्।

बोर्डले राखेको दुवै बैठकमा सदस्यत्रय फिल्म व्यवसायी नरेन्द्र महर्जन, कलाकार उत्तम केसी र पत्रकार अशोक प्यासी राई सहभागी भएनन्। केही महिनाअगाडि नै बोर्ड अध्यक्षका लागि आवेदन मागेको सरकारले हालै मात्र चलचित्र विकास बोर्ड, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थानलगायतमा दिएको नियुक्ति मान्य नहुने वाम गठबन्धनको निर्णयपछि एमाले सरकारले नियुक्त गरेको सदस्यत्रय बोर्डका बैठकलगायतका कार्यक्रममा सहभागी नभएका हुन्।



उत्तम केसी



नरेन्द्र महर्जन



अशोक प्यासी राई



केशवभट्टराई

बोर्ड सदस्य उत्तम केसीले बहिष्कार गरेको नभई व्यस्तताका कारण बैठकमा सहभागी नभएको दाबी गरे। 'बहिष्कार नै गरेको त होइन, नभ्याएर हो। म काठमाडौंबाहिर छु। नुवाकोटमा *बाह्रमासे* फिल्मको सुटिङ गरिरहेको छु। बाहिर हल्ला जे भए पनि पार्टीबाट त्यस्तो निर्देशन त छैन। पार्टीले जारी गरेको विज्ञप्ति हेरेर सहयोग नगर्ने कि भन्ने हामी-हामीबीच कुरा भएको चाहिँ हो', बिहीबार *नेपाल समाचारपत्र*सँग कुरा गर्दै उत्तमले भने- 'हामीलाई पार्टीले फिल्म क्षेत्रको प्रतिनिधि बनाएर पठाएको हो। त्यसैले त्यस्तो सल्लाह भएको हो। बहिष्कार नै गरेको भने होइन।' उनले बोर्ड अध्यक्ष र सदस्य नियुक्तिका लागि सरकारले बनाएको मापदण्डको विरोधीसमेत नभएको बताए। 'हामी यो मापदण्डको विरोधी होइनौं, शेरधन राईको पालामा हामीले नै पास गराएको हो। सुटिङ सकिएपछि बोर्डको मिटिङ जान्छु।'

केहीअघिको मन्त्रिपरिषद्को निर्णयअनुसार सरकारी निकायका संस्थान, बोर्ड, आयोग आदिमा नियुक्तिका लागि कार्यगत अनुभव, शैक्षिक योग्यतालगायत विभिन्न मापदण्ड बनाइएको थियो। जसअनुसार चलचित्र विकास बोर्डको अध्यक्ष पदपूर्तिका लागि सूचना तथा सञ्चार मन्त्रालयले सूचना जारी गरी प्रतिस्पर्धाबाट बोर्डको अध्यक्ष नियुक्त गर्न सिफारिस गरेअनुसार सरकारले १३ आवेदकबाट निकितालाई नियुक्त गरेको थियो। न्यूनतम स्नातक उत्तीर्ण गरेको र फिल्म क्षेत्रको प्रवर्द्धनमा १० वर्ष लागेको व्यक्तिले भाग लिन पाउने गरी मन्त्रालयले बोर्ड अध्यक्षका लागि आवेदन माग गरेको थियो। अध्यक्षका लागि निकितासँगै उज्वल घिमिरे, सुचित्रा श्रेष्ठ, नरेशकुमार केसी, होतराज शर्मा, सुदीपकुमार रेग्मी, आयुष रिजाल (गोपाल), विशाल श्रेष्ठ, आलोककुमार तिवारी, मनीष पण्डित, योगेश घिमिरे (टीकाराम), चोपेन्द्रसागर पराजुली, सुष्मा थापा कार्कीले आवेदन दिएका थिए।

अर्का बोर्ड सदस्य नरेन्द्र महर्जनले पनि बहिष्कार गरेको नभई समय अभावका कारण बोर्डको बैठकमा सहभागी हुन नसकेको बताए। 'म त नेपाल उद्योग वाणिज्य महासंघको चुनावमा हेटौंडामा छु। चुनावले नभ्याएर नगएको हुँ। पछि आउँछु भनेको छु', उनले भने- 'पार्टीबाट पनि बहिष्कार गर्नु वा असहयोग गर्नु भन्ने खालको खबर आएको छैन।'

अर्का बोर्ड सदस्य अशोक प्यासी राईले भने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन परिणामा आइसकेपछि भएका नियुक्तिहरु नमान्ने भन्ने पार्टीको विज्ञप्तिका कारण बोर्ड बैठकमा सहभागी नभएको बताए। 'नयाँ जनादेश आइसकेपछि भएका नियुक्तिहरु नमान्ने भन्ने पार्टीको विज्ञप्ति आएको छ। खासै मिटिङ भएको पनि छैन। बोर्डको मात्र होइन, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थानलगायतमा भएको नियुक्त नमान्ने भन्ने कुरा हो। यसमा पछि अदालतले स्टे अर्डर दिन पनि सक्छ, नदिन पनि सक्छ। तर, पार्टीबाटै विज्ञप्ति जारी गरेकाले त्यसकाविरुद्ध जान सकिएन', राईले भने- 'फेरि संयोगवश भ्याउन सक्ने स्थिति पनि भएन। अब पछि नयाँ आउने विभागीय मन्त्रीले कसरी लिन्छन् त्यो हेर्नुछ। फेरि सरकारले उहिले आवेदन मागेर नियुक्ति पनि ढिला गरिदियो।'

नेकपा एमाले सम्बद्ध जनपक्षीय चलचित्रकर्मी संघका अध्यक्ष केशव भट्टराईले भने पार्टीले नै विज्ञप्ति निकालिसकेको हुनाले सदस्यहरु त्यसविरुद्ध अगाडि बढ्न नसकेको बताए। 'हामीले व्यक्तिको विरोध गरेका होइनौं, बोर्डको नियुक्तिको मात्रै विरोध गरेका पनि होइनौं, खालि प्रक्रियाको मात्र विरोध गरेका हौं। पार्टी महासचिवले नै विज्ञप्ति निकालिसकेको हुनाले सदस्यहरुले त्यसविरुद्ध जानसक्ने कुरा हुँदैन। पार्टी महासचिवको विज्ञप्ति भनेको पार्टीको आधिकारी धारणा हो। पार्टीको धारणाभन्दा बाहिर चलचित्रकर्मी सदस्यहरु जान सक्दैनन्', भट्टराईले भने- 'यसमा बजारमा चर्चा भएजस्तो मेरो केही निर्देशन छैन। मलाई अनावश्यक मुछिन खोजिएको छ। यसमा मेरो केही भूमिका हुँदैन।'

बोर्डमा अध्यक्ष र सदस्यको कार्यकाल २ वर्षको हुन्छ। सदस्य उत्तम केसीको पदावधि माघ १० गते सकिँदै छ भने बाँकी २ सदस्यको पदावधि करिब १ वर्ष बाँकी छ।

नवनियुक्त अध्यक्ष निकिता पौडेलले भने बोर्डका सदस्यहरुबाट पनि सहयोग पाउने आशा व्यक्त गरिन्। 'हामी सबै चलचित्र क्षेत्रको विकास र विस्तारका लागि बोर्डमा आएका हौं। त्यसैले व्यस्तता वा अन्य जे कारणले अहिले बैठकमा सहभागी हुन नसक्नु भए पनि उहाँहरुले चलचित्र क्षेत्रका लागि भए पनि साथ दिनुहुनेछ भन्ने विश्वास लिएकी छु' -निकिताले भनिन्। उनले बिहीबार बसेको बोर्डको बैठकले केही सामान्य औपचारिक निर्णय गरेको जानकारी गराइन्। बोर्डमा सूचना तथा सञ्चार मन्त्रालयका २ र अर्थ मन्त्रालयका १ पदेन सदस्य तथा अन्य ३ सदस्य र अध्यक्ष गरी ७ जना हुन्छन्। ४ सदस्यको उपस्थितिपछि बैठक बसेको हो।

## दुर्घटनामा कलाकार
# बिना थापाको निधन



बुधबार बिहान राजधानीको बत्तीसपुतलीमा भएको सवारी दुर्घटनामा परी मोडल, रङ्कर्मी तथा अभिनेत्री बिना थापाको निधन भएको छ। बा२ख ८९४ नम्बरको पानी ट्याङ्करले उनी सवार बा५५प १३८७ नम्बरको स्कुटरलाई ठक्कर दिँदा बिना गम्भीर घाइते भएकी थिइन्।

उनको उपचारका क्रममा वीर अस्पतालमा निधन भएको हो। उक्त ट्याङ्कर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। काठमाडौं धापासी बस्ने गुल्मी मुसिकोट गाउँपालिका-२ की स्थायी बासिन्दा २७ वर्षीया बिनाले *रामप्यारी, डिभोर्स, उर्वसी*जस्ता फिल्ममा अभिनय गरेकी छिन्। प्रदर्शनको तयारीमा रहेको हिमाल केसी निर्देशित फिल्म *पिँजडा ब्याक अगेन*मा उनले सहअभिनेतृको रूपमा अभिनय गरेकी छिन्। 'उनी सबैसँग हासखेल गरेरे सबैसँग मिलेर काम गर्ने कलाकार थिइन्। उनीसँग काम गर्ने जो-कोहीले पनि उनको व्यवहार र उनलाई भुल्न सक्दैनन्' -निर्देशक केसीले भने। *पिरतीको डोरी, दिन बित्यो*जस्ता दर्जनौं गीतको म्युजिक भिडियोमा अभिनय गरेकी उनी देश-विदेशमा हुने विभिन्न कार्यक्रममा नृत्य प्रतिभाका साथ प्रस्तुत हुने गर्थिन्। उनी नाटकको पनि कुशल रंगकर्मी थिइन्।





Show Time
9:30 AM
12:30 PM
3:00 PM
3:30 PM
6:00 PM
6:30 PM

City max CINEMAS






सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR:
NIC ASIA एन आई सी एशिया बैंक लि.
IME International Money Express Fast, Reliable And Secure Remittance
KILOMETER
राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

{ प्रसिद्धि प्रत्येक मानिसले प्राप्त गर्न सक्छ, तर यसका लागि दुई प्रकारको बाटो छ। एउटा बाटो राम्रो काम गरेर, अर्को नराम्रो काम गरेर। राम्रो काम गरेर प्रसिद्धि कमाउन धेरै तपस्या गर्नुपर्छ र यो ढिलो हुन्छ। नराम्रो काम गरेर भने रातारात प्रसिद्धि हुन्छ। अब यो तपाईंको आफ्नो निर्णय हो कि प्रसिद्धि कुन बाटोबाट कसरी पाउने ?

– सैमुअलवोन

## सम्पादकीय

नेपाल समाचारपत्र

# वन्यजन्तु र आखेटोपहारको अवैध कारोबार रोक

काठमाडौं उपत्यकामा वन्यजन्तु र यसका अंगहरुको अवैध कारोबार बढ्दै गएको छ । गत साता मात्रै संरक्षित वन्यजन्तु सालकको डेढ केजी खपटासहित खोटाङका अनिल चाम्लिङ राई काठमाडौंको बूढानीलकण्ठबाट पक्राउ परे । त्यस्तै करिब ३ महिनाअघि भक्तपुरको बालकोटबाट जिउँदो कछुवासहित ललितपुर र मकवानपुरका दुईजना तामाङ युवा पक्राउ परेका थिए । काठमाडौंमा मात्रै एक वर्षमा यस्ता प्रकृतिका ५० वटा जति मुद्दा दर्ता हुने गरेको काठमाडौंका जिल्ला वन अधिकृत डा. इन्द्रप्रसाद सापकोटाले बताउनुभएको छ । वन्यजन्तुको अवैध सिकार उपत्यकाबाहिर हुने गरे पनि आखेटोपहार र अंगप्रत्यंगको मुख्य कारोबार काठमाडौंमा हुने गरेको छ । त्यसैले काठमाडौं यस्ता वस्तुको निकासी हुने 'ट्रान्जिट हब' बनेको छ । अबको सरकारले वन्यजन्तु र यसका अंगहरुको अवैध कारोबारलाई पूर्णरुपमा रोक्न सक्नुपर्दछ ।

मुलुकमा अशान्ति र अस्थिरता छाएकाले वन्यजन्तु र आखेटोपहारको अवैध कारोबार गर्नेहरुले मोका पाएका हुन् । साथै छोटो समयमा राम्रो आम्दानी हुने प्रलोभनका कारण पनि यस्तो कारोबार मौलाइरहेको छ । पारिवारिक आर्थिक अवस्था कमजोर रहेका र बेरोजगार युवापुस्ता यस्तो घटनामा संलग्न हुने गरेको पाइएको छ । यस्तो कारोबारमा संलग्न हुनेहरूबाट सबैभन्दा धेरै चितुवाको छाला बरामद हुने गरेको छ भने त्यसपछि रेडपाण्डा, गैंडा, सालक, भालु, बाघ, कस्तुरी मृग, हात्तीका अंगप्रत्यंग बरामद हुने गरेको पाइन्छ । वन्यजन्तुको अवैध कारोबारमा ऊर्जाशील युवापुस्ताको आकर्षण बढ्नु भनेको मुलुकका लागि चिन्ताको विषय हो । युवापुस्ताका लागि आकर्षित योजनाहरु ल्याएर उनीहरुलाई त्यसतर्फ मोड्नु टड्कारो आवश्यकता देखिन्छ ।

नेपालको ऐनले तोकेअनुसार वन्यजन्तु अपराधमा संलग्न रहनेलाई गरिने कारबाही र दण्ड सजाय समयसापेक्ष बनाइएको खण्डमा त्यस्तो अवैध कारोबार केही हदसम्म घट्ने देखिन्छ । राष्ट्रिय वन्यजन्तु संरक्षण ऐन २०२९ मा सूचीकृत वन्यजन्तुको कारोबारमा संलग्न रहनेलाई कानुनी कारबाही केही कठोर भए पनि संरक्षित दोस्रो सूचीमा रहेका जन्तुको हकमा भने नेपालको कानुन धेरै लचक छ । वन्यजन्तु संरक्षण ऐनको पहिलो सूचीमा सूचीकृत जन्तुको अवैध कारोबारमा संलग्नलाई ५ वर्षदेखि १५ वर्ष कैद र ५ देखि १० लाख रुपियाँ वा दुवै सजाय तोक्न मिल्ने प्रावधान छ । सो ऐनको संरक्षित सूचीमा सूचीकृत नभएका बाहेकका जन्तुको हकमा भने ६ महिना कैद, २० हजार जरिबाना वा दुवै सजाय तोक्न सक्ने कानुनी प्रावधान छ । त्यसैले पनि संरक्षण ऐनको पहिलो सूचीमा सूचीकृत नभएको चितुवाको आखेटोपहारको कारोबार विगतमा पनि धेरै थियो, अहिले पनि घटेको छैन ।


यसले के देखाउँछ भने, अबको सरकारले वन्यजन्तु र यसका अंगप्रत्यंगको ओसारपसार एवं अवैध कारोबारसम्बन्धी भएका कानुनहरु कडाइका साथ लागू गराउनुपर्छ । साथै फितला कानुनहरु पनि संशोधन गरिनुपर्छ । काठमाडौंलाई वन्यजन्तु र यसका आखेटोपहरुको 'ट्रान्जिट हब' बन्न रोक्नै पर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# फौजदारी न्यायको सैद्धान्तिक पक्ष



दामोदर पौडेल

कानुनी राज्यमा कानुन र त्यसको कार्यान्वयनको महत्व हुन्छ। राज्यले कानुन बनाएपछि नागरिकहरुले कानुनको जानकारी पाए पनि नपाए पनि कानुनको पालन गर्नै पर्ने हुन्छ। कानुनको जानकारी नै नभए कसरी पालन गर्ने सवाल उठ्छ। त्यसैले कानुनको जानकारी सकेसम्म बढी नागरिकले पाउन आवश्यक छ। हुन त कानुन सामाजिक नैतिकता र सामाजिक न्यायभन्दा धेरै हदसम्म फरक हुँदैन। कतिपय कानुनी व्यवस्था समाजमा पर्ने सकारात्मक वा नकारात्मक असरको आधारमा स्वत: प्रचारित हुन पुग्छन्। त्यस कारणले जनताले जानकारी पाएका हुन्छन्। तैपनि कानुन बदलिँदा धेरै पक्षहरुबाट धेरै नागरिक सचेत हुँदैनन्। कतिपय नयाँ प्रावधान र विकासको कारणले नयाँ प्रकारका कानुन बन्ने कारणले गर्दा कतिपय कानुनी व्यवस्था जनताको लागि बोधगम्य नहुने मात्र होइन जानकारीभन्दा बाहिर पनि हुन्छन्। जस्तै- साइबर कानुन सामान्य मानिस मात्र होइन धेरैलाई जानकारी हुँदैन। कम्पनी कानुनसमेत धेरै नागरिकले बुझ्केका हुँदैनन्।

सोही कारण बारम्बार कानुन परिवर्तन हुनु स्वाभाविक हो। कानुन क्षेत्रमा काम गर्नेबाहेक अरुले संशोधित कानुनमा प्राय: आफूलाई अपडेट गर्न सक्दैनन्। यसै प्रसंगमा नेपालमा मुलुकी अपराध (संहिता) ऐन २०७४ ले मुलुकी ऐनसमेतलाई प्रतिस्थापन गरेर मिति २०७४ असोज ३० गतेबाट प्रमाणीकरण भएर कानुनको रुपमा आएको छ। २०२० सालमा लागू भएको मुलुकी ऐनसमेतमा मानिसहरु एक हदसम्म अभ्यस्त भएकोले मुलुकी अपराध ऐन आए पनि लागू हुने मिति भने २०७५ भदौ १ गते राखिएको छ। अन्य कारणका अतिरिक्त लागू हुने समय लामो राख्नुको कारण उक्त ऐनका प्रावधानहरु सकेसम्म धेरैले थाहा पाऊन् भन्ने पनि रहेको हो।

फौजदारी कानुनले केही कानुनी सिद्धान्तहरुलाई अंगालेको हुन्छ। अदालत वा कतै पनि फौजदारी विषय वा मुद्दामा ती सिद्धान्तको प्रधानता हुन्छ। मुद्दा चलाउँदा र फैसला हुँदासमेत फौजदारी कानुनी सिद्धान्तलाई अनुसरण गरिन्छ। यो विधिशास्त्रबाट निर्देशित हुन्छ। उक्त ऐनले महत्वपूर्ण फौजदारी न्यायका सिद्धान्तहरु उल्लेख गरेको छ। यसको जानकारी सबैको लागि महत्वपूर्ण छ।

प्रथमत: कुनै पनि समयमा रहेको कानुनको आधारमा नै कसैले कुनै काम गरेको छ भने त्यो कसुर हुँदैन। कसुर नभएपछि सजाय पनि हुँदैन। जस्तै- कसैले कसैलाई मार्न खोजेमा आफ्नो हितको लागि कुनै काम गर्दा कसैको मृत्यु भएमा वा डाक्टरले इमानदारीका साथ रोगीको उपचार गर्दागर्दै मृत्यु भएमा त्यो कार्य अपराध हुँदैन। किनभने कानुनले नै त्यसलाई अपराध मानेको छैन। पछि कानुनले अपराध मानेमा अपराधै हुन्छ। तर अपराध नमानेको समयमा अपराध नहुने हुँदा सजाय पनि हुँदैन।

कानुनले गलत गर्नेलाई निश्चित सजायको व्यवस्था गरेको हुन्छ। कति जरिबाना वा कति कैद भन्ने उल्लेख भएको हुन्छ। कसैले कुनै अपराध गरेमा उसलाई कानुनमा लेखेअनुसार मात्र सजाय हुन्छ। पछि बढी सजाय हुने कानुन बने पनि अपराध हुँदाको समयको कानुनअनुसार नै सजाय हुन्छ।

कहिलेकाहीं मानिसले असल नियतले काम गरेको हुन्छ तर गल्ती नै हुन पुग्छ। त्यस्तो काममा सजाय हुँदैन। तर असल नियत थियो भन्ने प्रमाणित भने हुनुपर्दछ। उदाहरणका लागि कसैले कसैलाई घरमा यो कपडा भएको ब्याग पुर्‍याइदिनू भनेमा अर्कोले त्यो लिएर जाँदा त्यसमा लागूपदार्थ रहेछ भने त्यसको दोष बोक्नेमा लाग्दैन तर उसले आफ्नो इमानदारिता प्रमाणित गर्न सक्नुपर्दछ। त्यो कठिन काम भने हो। त्यस्तै कसैले मेरो जग्गा हो भनेर जग्गा बेच्छ तर त्यो जग्गा जाली कागजको आधारमा आफ्नो बनाएको रहेछ भने किन्नेलाई जाली गर्नेमा सहभागिता नभएको प्रमाणित भए उसलाई सजाय हुँदैन।

> कहिलेकाहीं मानिसले असल नियतले काम गरेको हुन्छ तर गल्ती नै हुन पुग्छ। त्यस्तो काममा सजाय हुँदैन। तर असल नियत थियो भन्ने प्रमाणित भने हुनुपर्दछ। उदाहरणका लागि कसैले कसैलाई घरमा यो कपडा भएको ब्याग पुर्‍याइदिनू भनेमा अर्कोले त्यो लिएर जाँदा त्यसमा लागूपदार्थ रहेछ भने त्यसको दोष बोक्नेमा लाग्दैन तर उसले आफ्नो इमानदारिता प्रमाणित गर्न सक्नुपर्दछ।

कसैलाई पनि एउटै कसुरमा एकपटकभन्दा बढी सजाय हुँदैन। जस्तै- कसैले कसैको सामान चोरी गरेमा सोमा चोरीको सजाय एकपटक मात्र हुन्छ। तर चोरीसँगै रेप आदि पनि गरेमा सोमा पनि सजाय हुन्छ। जसमाथि आरोप लागेको छ उसलाई आफ्ना कुरा भन्न दिनुपर्दछ। उसले आफ्ना प्रमाणहरु पेस गर्न पाउनुपर्दछ। उसलाई जानकारी हुँदाहुँदै अटेरी गरेमा बाहेक उसको सुनुवाइको मौका पाउने अधिकार हुन्छ। त्यो नभई उसलाई सजाय गर्न हुँदैन। त्यस्तै कसैलाई पनि कुनै अपराधमा थुनेमा वा प्रहरी, अदालत आदिमा बोलाएमा उसलाई कुनै पनि अपराधको आरोप लागे पनि उसले सो सम्बन्धमा आफ्नो विरुद्धमा बोल्नै पर्दछ भन्ने छैन। उन चुप रहन सक्छ। त्यस अवस्थामा संकलित प्रमाणले जे बोल्दछ त्यही आधारमा काम हुन्छ।

मानिसलाई अपराधको अनुसन्धानको सिलसिलामा सोधपुछ गर्ने, थुन्ने आदि गरिन्छ। तर उसलाई फैसला गर्ने निकायले अपराधी वा गल्ती गर्ने भनेर उल्लेख नगरेसम्म उसलाई कसुरदार मानिदैन। त्यसैले आफूले गल्ती नगरेको देखिने प्रस्ट प्रमाण छन् भने अदालत वा प्रहरीबाट भाग्नुभन्दा आफ्ना कुरा भन्नु न्याय पाइन्छ। भागेमा अपराध गरेको अनुमान हुने सम्भावना बढी हुन्छ। यसको तात्पर्य अपराधी भने भग्नुपर्दछ भन्ने होइन। अपराधीले सजाय पाउनुपर्दछ। त्यस्तै होस ठेगानमा नभएको र बालबालिकाले गरेको अपराधमा कसुर मानिदैन। विशेषत: १० वर्षमुनिका बालबालिकाले गरेको कसुरमा उनीहरुलाई सजाय हुँदैन। तर उनीहरुलाई कसैले अपराध गर्न लगाएको भए त्यसो गर्नेलाई भने सजाय हुन्छ।

कानुनअनुसार कसुर नै हुने उल्लेख भएको बाहेक मञ्जुरी लिएर गरेको काम, भनाइको लागि गरेको काम, भलाइको लागि संरक्षकको मञ्जुरी लिई नाबालक वा होस ठेगानमा नभएको मानिसको लागि गरेको काम तथा भलाइको लागि मञ्जुरी नै नलिई गरेको कामबाट अपराध मानिने परिणाम निस्केमा पनि त्यसलाई अपराध नमानिने व्यवस्था छ। तर यस्तो अवस्थामा भलाइको लागि गरिएको प्रस्ट अवस्था र असल नियत देखिनुपर्दछ। स्मरणयोग्य कुरा के हो भने, शुरुमा नै कसुर देखिने काम भलाइको लागि हुन सक्दैन। जस्तै- मानिसलाई मञ्जुरी लिएर पनि बेच्न सकिँदैन।

कसैले कसैलाई असल नियतले कुनै जानकारी दिएमा सो जानकारी दिएको कारणबाट कसैलाई क्षति हुन पुगेमा जानकारी दिने व्यक्ति सजायको भागी हुँदैन। जस्तै- कुनै गलत काम हुँदैछ भन्ने जानकारी कसैलाई दिएर ऊ त्यहाँ पुग्दा उसलाई पनि क्षति भएमा जानकारी दिने व्यक्ति सजयको भागी हुँदैन। तर यसमा असल नियत देखिनै पर्दछ। त्यस्तै कसैले डर-त्रास आदि देखाएर गलत कार्य गर्न लगाएमा गलत कार्य गर्ने सजायको भागी हुँदैन। तर मानिसको क्षति पुग्नेजस्ता जघन्य वा ठूला अपराधमा त्यो लागू हुँदैन।

अरु हानि नोक्सानी हुनबाट बचाउन असल नियतले कुनै कार्य गर्दा त्यो कार्य अपराधजस्तो देखिएमा पनि उसलाई सजाय हुँदैन। यस्तोमा ठूलो हानि बचाउँदा सानो हानि भएको कुरा पर्दछन्। आफ्नो निजी सम्पत्ति, ज्यान बचाउन वा सुरक्षा गर्न केही गर्दा कोही मरेमा वा कुनै अपराधजन्य काम हुन पुगेमा त्यसो गर्ने व्यक्ति अपराधी मानिदैन। तर यस्तो अवस्थामा त्यो कार्य गर्नुको विकल्प थिएन भन्ने प्रमाणित गर्नुपर्ने हुन्छ। यस्ता कार्य गर्दा आफैं वा अरुको सहयोगबाट बच्ने प्रयास पहिला हुन आवश्यक छ। नसकेमा मात्र अन्तिम उपायको रुपमा त्यस्तो कार्य हुन पुगेको हुनु आवश्यक छ।

संगठित अपराध गर्ने समूहले कुनै अपराध गरेमा त्यो समूहको कुनै सदस्य त्यस कार्यमा सहभागी नभएमा पनि ऊ त्यस सजायको भागिदार हुन्छ। किनभने आपराधिक समूहको लक्ष्य नै अपराध गर्नु हुन्छ भन्ने विधिशास्त्रीय मान्यता हो। त्यस्तै कुनै पनि अपराधमा त्यो अपराध गर्न प्रोत्साहन गर्नेलाई पनि अपराधी नै मानिन्छ। फौजदारी कानुनका यी सिद्धान्तहरु सर्वसाधारणले पनि जानकारी पाउन आवश्यक छ। वास्तवमा एकातिर अपराधरहित समाजको परिकल्पना आवश्यक छ भने अर्कोतर्फ अपराध भएमा अपराधमा संलग्न र मानसिकरुपमा पनि अपराध नै गर्दछु भन्नेले सजाय पाओस्, ऊबाहेक अरुले सजायको भागी हुन नपरोस् भन्ने नै कानुनको सिद्धान्त र मान्यता हो।

मुलुकी अपराध ऐन २०७४ लाई नै बढी आधार बनाएर लेखिएको यो विषय कानुनका ज्ञाताहरुबाहेकका लागि सामान्य जानकारीका लागि उपयोगी हुनेछन्। तर यी मात्र फौजदारी न्यायका सिद्धान्त होइनन्, केही प्रमुख पक्ष भने हुन्।

*(लेखक पौडेल अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

# राजधानी काठमाडौंप्रतिको बेवास्ता र हेलचेक्र्याइँ



**रमेशकेशरी वैद्य**, काठमाडौं

बढ्दो जनसंख्या, अव्यवस्थित सवारीसाधन र बिग्रे-भत्केको सडकका कारण राजधानी कुरुप बनेको छ। नेताहरुले रेल ल्याउने, पानीजहाज ल्याउनेजस्ता सपना सर्वसाधारणलाई बाँडेका हुन्छन्। यथार्थमा नेताका कुरा बोलीमा नै सीमित रहेको हुन्छ। राजनीतिक जञ्जालमा यिनीहरु यति व्यस्त भइरहेका हुन्छन् कि कसैको सुझावका कुरा, लेख पढ्ने यिनीहरुलाई फुर्सद हुँदैन। यिनीहरुलाई खाली आफ्नो सत्ता लम्ब्याउने र राजनीतिक कलहमा अल्झिराख्नमा नै आनन्द आउँछ। वास्तवमा भन्ने हो भने, यहाँ देश चलाउने भनौं वा नेताहरु भनौं, ज्यादै बाठा तथा धुर्त हुन्छन्। कारण आफ्नो फाइदाका लागि हरेक राजनीतिक सम्झौतामा एउटा न एउटा अंकुश लगाइराखेका हुन्छन्। जसले गर्दा राजनीतिक कलह सधैं लम्बिराखेको हुन्छ। यसको असर मुलुकलाई परिराखेको हुन्छ तर यिनीहरुलाई भने खासै असर परिराखेको हुँदैन। कारण यिनीहरु हरेक दृष्टिकोणले पहलमानजस्तै बलियो भइराखेका हुन्छन्।

अब आएर सर्वसाधारणको चाहना यो छ कि राजधानी तथा मुलुकको विकास एकदम द्रुतगतिमा होस्। सर्वप्रथम राजधानीका कुरा गर्दा क्रसिङ ब्रिजहरुको मर्मत तथा रंगरोगन हुनु आवश्यक छ। फोहोर, जथाभावी पसलहरु अनि दुर्घटना आदिले गर्दा यो ठाउँको वातावरण नै नरमाइलो लाग्छ। सरकारले छिटोभन्दा छिटो यसतर्फ ध्यान पुऱ्याउनु जरुरी छ। यसै सन्दर्भमा कुरा गर्दा, न्यूरोड गेट साइडमा पनि प्राय: दुर्घटना भइरहने हुँदा न्यूरोड ढोकालाई नै सानो क्रसिङ ब्रिज बनाइदिँदा हरतरफबाट सुविधा हुनेछ। तर यसको लागि सम्पदा तथा पुरानो सोचलाई छोडी बाटो काट्ने पुल सम्बन्धित निकायले बनाउनु जरुरी छ। अनि मात्र यहाँका दुर्घटनाहरु कम हुँदै जानेछन्।

सरकार सधैं रेल ल्याउने कुरा गरेर फाइदा मात्र सोचिराखेको हुन्छ, तर सर्वसाधारणलाई सवारी सुविधाको लागि राजधानीको रिङरोडवरिपरि मोनोरेलहरु राख्ने योजना बनाइराखेको हुँदैन। यसतर्फ पनि सरकारले ध्यान पुऱ्याउनै पर्दछ। राजधानी तथा मुलुकमा धेरै फ्री पार्कहरु हुनु, झरना, फोहरा, हरियाली हुनु देशका सोभा हुन्। तर यहाँ यी कुरा भएर पनि व्यवस्थित, सफा छैन। यसप्रति सरकार विल्कुल नै अनभिज्ञ भएको अनुभव हुन्छ। यी कुरा सरकारसमक्ष औंल्याउँदा पनि सरकारले वास्ता गर्दैन भने गर्ने के त ?

अहिले तरकारी बजार, फुटपाथ, पार्किङका साथै आमसभा गर्ने खुल्ला स्थानाहरुको कमी महसुस भएको छ। यसको समाधान पनि हामीसँग नै छ। अब खुल्ला मञ्चलाई नै हेरौं, हुन त अहिले केही समयको लागि यो स्थान नगरपालिकाको साइडमा भवन निर्माणले अस्थायी प्रयोगमा छ। तर भोलि यही स्थानको कुरा गर्ने हो भने यो स्थानबाट हामीले चार-पाँच किसिमले फाइदा लिन सक्छौं। सर्वप्रथम त खुल्लामञ्च सरकारी कार्यक्रम, आमसभा तथा नाचगानका लागि उत्तम स्थान हो, जुन सधैं भइरहेकै पनि हो।


यो स्थान बिहान ६ देखि ९ बजेसम्म एक समय तरकारी बजारका लागि प्रयोग गर्दा सबैलाई सुविस्ता हुनेछ। यदि नगरपालिकाले कडाइ तथा सफाइको जिम्मा लिने हो भने यो असम्भव कुरा होइन। कारण बाटोमा तरकारी तथा फलफूल बजार गर्न दिनु अशोभनीय हुनुका साथै फोहोर बढाउने माध्यम भएको छ। यही स्थानमा १० बजेदेखि साँझ ५ बजेसम्म स-साना पसल बनाई तरकारी बजारमा परिणत गर्ने हो आयस्रोतका हिसाबले राम्रै हुनेछ। खालि रहेको जग्गा सबैका लागि प्रयोगमा आउँछ भने यो राम्रै कुरा हो। प्रयोगपछि सरसफाइमा सबैले ध्यान दिनु जरुरी छ।

खुल्लामञ्च हेर्दा सानो देखिए तापनि सवारी पार्किङका हिसाबले यसलाई अन्डरग्राउन्ड बनाई यहाँ सर्वसाधारणका लागि सवारी पार्किङ सुविधा सम्बन्धित निकायले दिनु जरुरी छ। अहिले राजधानीमा जति पनि माग्ने, खाते, जँड्याहा, बेसहाराहरु छन्। यस्ताहरुका लागि सरकारले सुधार गृहहरुको तर्जुमा गर्नु जरुरी छ। यसबाहेक पशुहरुमा भुस्याहा कुकुर, साँढे, गाई तथा मन्दिरहरुमा बाँदरहरुको संख्या पनि निकै बढेको छ। यसको व्यवस्थापन पनि सरकारले नै गर्ने हो।

विडम्बना नै मान्नुपर्छ, यहाँ दुई वर्षअगाडि भुइँचालो आयो। यसले धेरै सम्पदाहरुमा क्षति पुऱ्यायो। तर यत्रो समय बित्दा पनि पुन:निर्माण कार्य ढिला भइराखेको छ। सरकार किन सुस्त देखिराखेको छ ? त्यो बुझ्न गाह्रो भएको छ।

पहिलेको तुलनामा अहिले नगरपालिकाले हरप्रयासले राजधानीलाई सफा गरिराखेको छ। तर यो मुलुकमा एउटा खल्लो लागेको कुरा के छ भने, अझै पनि वधशालाको विकासबाहेक फोहोरबाट कम्पोस्ट मल बनाउने कारखाना खोल्न सकेको छैन। सम्बन्धित निकायहरु मौन छन्। न सरकारले यसप्रति कुनै कदम नै चालेको देखिन्छ। प्राय: यिनै हुन् राजधानीका रामकहानी। अब त संघीयता पनि आइसक्यो हाम्रो मुलुकमा। अब संघीयतामा काठमाडौंबाहेक अरु ६ वटा राजधानी थपिन्छन् र राजधानीहरुको नयाँ नामकरण गर्न जरुरी छ। सरकारले राजधानीको कसरी विकास गर्ने हो भन्ने कुरा अब यही राजधानीबाट शुरु गर्नुपर्छ, अन्यथा संघीयताको नखरा जनतालाई अपच हुनेछ, झुसिलो डकारजस्तै।

## सामाजिक सञ्जाल



मुलुकमा चलेको लामो राजनीतिक संक्रमणकाल अन्त्य गर्न संविधान जारीसँगै कार्यान्वयनको चरणमा भएका निर्वाचनमा जनताको मत राजनीतिक स्थिरता, विकास र समृद्धिको लागि नै थियो। तर, दलहरु पुनः सत्ता भागवण्डामा अल्झनु सुखद संकेत हैन।

**बुद्धि पाण्डे**
**@buddhipandey4**



राजनीतिको नाममा अराजकतापूर्ण अभिव्यक्ति बन्द गर। नरसंहार मच्चाउने, हात काट्नेजस्ता हिंसालाई प्रोत्साहित गर्ने घृणा बढाउने काम नगर। राजनीतिक मुद्दाहरूको बारेमा राजनीतिक भाषा प्रयोग गरौं। अराजनीतिक भाषाले राजनीतिक कदको मापन हुने पनि ख्याल गरौं।

**K.C.Lamichhane**
**@KC_lamichhane**

२०७४, पुस
शुक्रबार
१४

३ सय ५० वर्ष लामो इतिहास बोकेको रानीपोखरीको पुनर्निर्माणमा मल्लकालीन शैली, स्वरूप र निर्माण सामग्री प्रयोग गरी पुनर्निर्माण हुने भएको छ।



# चीनको विशेषज्ञ चिकित्सक टोली नेपाल भ्रमणमा




**भगवती तिमल्सिना, काठमाडौं**

नेपालमा चीनका वरिष्ठ मुटुरोग विशेषज्ञको टोली स्वास्थ्य सेवा अवलोकन र भगिनी सम्बन्ध विस्तारको प्रस्तावसहित नेपाल आएका छन्। टोली स्वास्थ्य सहयोग आदान-प्रदानको सम्भाव्यता अध्ययन गर्दै नेपाल सरकारका प्रतिनिधिहरूसँगको छलफलमा व्यस्त रहेको छ।

चिकित्सकीय टोली साइनो नेपाल मिडिया सोसाइटीको निमन्त्रणामा चारदिने भ्रमणमा नेपाल आएका हुन्। चीनका मुटुरोग विशेषज्ञ तथा पूर्वराष्ट्रपति च्याङ् चमिङका निजी चिकित्सक तथा चीनको सांघाई नम्बर १० पिपुल्स अस्पतालको कार्डियोलोजी विभागका प्रमुख प्राडा सु यावेइको नेतृत्वमा ६ सदस्यीय चिकित्सकको नेपाल आएको छ।

डा. सु लगायतको टोलीले बुधबारै नेपालको स्वास्थ्य मन्त्रालयको नीति योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखाका प्रमुख प्राडा श्रीकृष्ण गिरीसँग भेटी नेपालको स्वास्थ्य अवस्था र सहयोग आदान-प्रदानका लागि सम्भावित क्षेत्रका बारेमा छलफलसमेत गरेका छन्।

छलफलका क्रममा प्राडा गिरीले नेपाल संघीयतामा गैसकेकाले सेवा विस्तार प्रदेशीय हिसाबमा अघि बढ्न सक्ने बताउनुभएको थियो। उहाँले स्वास्थ्य सेवा तथा मुटुरोगका बारेमा विद्यालय तहदेखि नै अघि बढाउनुपर्नेमा भ्रमण टोलीलाई जानकारी गराउनुभएको थियो। साथै आवश्यक पर्ने उपकरण, दक्ष जनशक्ति, तालिमका र दुई देशका चिकित्सकबीच अनुभव आदान-प्रदान गरी टेलीले मेडिसिनलाई समेत गाउँ-गाउँमा पुऱ्याउन सके स्वास्थ्य सेवाका बारेमा दुई देशको सम्बन्ध सुमधुर हुने कुरामा जोड दिएको डा. गिरीले नेपाल समाचारपत्रलाई जानकारी गराउनुभयो।

साइनो नेपाल मिडिया सोसाइटीका अध्यक्ष ध्रुव पौडलेका अनुसार विगतमा नेपाल सरकारले वान बेल्ड वान रोड परियोजनामा हस्ताक्षर गरिसकेको छ। अबका दिनमा हस्ताक्षर अनुसार कार्यान्वयनमा कसरी लैजान सकिन्छ भन्ने उदेश्यले साइनो नेपाल मिडिया सोसाइटीले चीन सरकारलाई नेपालमा मुटुरोगीको संख्यामा वृद्धि भइरहेको अवस्थामा सुधारका लागि सहकार्य गर्ने वातावरण तय गर्नका लागि नेपाल भ्रमणमा बोलाइएको उहाँले बताउनुभयो।

चिकित्सक टोलीले नेपालको स्वास्थ्य अवस्थाको जानकारी लिनुका साथै पर्यटकीय क्षेत्र काठमाडौं, ललितपुर र भक्तपुरको भ्रणण गरिसकेका छन्। त्यसै गरी शुक्रबार शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा सेवा अवलोकन गर्नुका साथै केही उपकरण हस्तान्तरणका लागि सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेको डा. सुले जानकारी गराउनुभयो। शनिबार बिहानै चीन फर्कने कार्यक्रम रहेकाले चिकित्सक टोलीले शुक्रबार दिउँसो काठमाडौंको माण्डु एकेडेमीलगायतको भ्रमण गर्ने तालिका तयार भएको जानकारी अध्यक्ष पौडेलले गराउनुभयो।

बिहीबार काठमाडौंमा आयोजना गरिएको स्वास्थ्य क्षेत्रमा नेपाल-चीन आदान-प्रदान र सहयोग विषयक कार्यक्रममा बोल्दै बिनाविभागीयमन्त्री गिरिराजमणी पोखरेलले नेपालका लागि बहुपक्षीय सहयोग खाँचो रहेको कुरा औंल्याउनुभयो। उहाँले जनस्तरबाटै नेपाल र चाइनाको सम्बन्ध विस्तारको खाँचो रहेको अवस्थामा साइनो नेपालले सेतुको काम गरेर हामीलाई एकै थलोमा जुटाएको छ। आगामी दिनमा यस विषयलाई गम्भीरताका साथ लिएर अघि बढ्छौं भन्नुभयो। उहाँले नेपाल र चीनको सम्बन्ध प्रशंसनीय रहेको र भविष्यमा थप सुधार गर्दै लैजाने छौं भन्नुभयो।

## नेपालसँग सहकार्य गर्ने वातावरण बनाउन नेपाल आएको हुँ : *प्राडा सु*



**– डा. सु मुटुरोग विशेषज्ञमा विश्वकै उत्कृष्ट १०औं नम्बरभित्र पर्नुहुँदोरहेछ नेपाल आउनाको उद्देश्य के हो ?**

० नेपालको स्वास्थ्य क्षेत्रमा सहकार्य गरौं नेपालका लागि के गर्न सकिन्छ भन्ने उद्देश्यका साथ पहिलोपटक नेपाल आएको हुँ। मेरो साथमा नेपाली डा. शैलेन्द्र कर्णसमेत ५ जना मुटुरोगका क्षेत्रमा काम गर्ने चिकित्सक संलग्न रहेका छौं। संसारलाई एउटै बाटो बनाउने वान रोड वान बेल्डको योजनाअनुरूप अगाडि बढाउने लक्ष्यका साथ अघि बढेको छ। चाइनिज टोलीको उद्देश्य ज्ञान साटासाट र प्रविधिको आदान-प्रदान गर्ने उद्देश्य रहेको छ। नेपाल र नेपालको पूर्वराजा महेन्द्र र वीरेन्द्रलाई चाइनाका जनताले असाध्य माया गर्छन्।

**– नेपाल र चीनमा मुटुरोगीको अन्तर के छ ?**

० चाइनामा ४४ प्रतिशत मुटुरोगी र २२ प्रतिशत क्यान्सरका रोगी छन्। यसको मुख्य कारण दैनिक खानपान, व्यायाम नै हो। नेपाल र चीनका गरिब मानिसमा जनचेतना र आर्थिक अवस्था कमजोर भएका कारण शरीरको ब्यालेन्स गर्न सक्दैनन्। अमेरिकालगायतका विकसित मुलुकमा खानामा ब्यालेन्स गर्छन्, खेल, व्यायामलगायत थुप्रै कुरामा ध्यान दिन्छन्। तर नेपाल, चीनमा त्यसो गरिन्न र अस्पताल पनि भनेको समयमा जान सक्ने अवस्था छैन। हामीले नेपालमा टेलिमेडिसिनको एउटा ७० हजार अमेरिकी डलर बराबर पर्ने उपकरण ल्याएका छौं। कुनै निकायलाई नेपाल सरकारको सल्लाहअनुसार प्रदान गर्नेछौं। सम्भवतः यो उपकरण गंगालाललाई प्रदान गर्छौं होला। नेपालमा टेलिमेडिसिन भर्खरै शुरू हुँदै गरेको अवस्थामा चीनमा हरेक क्षेत्रमा टेलिमेडिसिनका माध्यमबाट रोग पहिचान र उपचार शुरू भइसकेको छ। यतिमात्र नभई नेपालमा दक्ष जनशक्तिको कुरा गरिरहँदा चीनमा रोबोटले मुटुको रोग पत्ता लगाउने मेसिन चलाउने प्रविधिको विकास भइसकेको छ।

**– मुटुको समस्या केका कारणले हुन्छ ?**

० मुटुको रोग खानपान, व्यायामलगायतका थुप्रै समस्या छन्। कसैको मुटुको प्वाल, ब्लक हुने, बोसो जम्ने, उच्च रक्तचाप, खानपानमा बढी चिल्लो, मसला मुटुरोगको मूल कारक हो। विशेष गरी सुर्ती सेवन नै मुटुको समस्या बढी छ। नेपालमा १५ वर्षमुनि र ७० वर्षमाथिका व्यक्तिलाई मात्र सरकारले निःशुल्क उपचार गर्ने अवस्थासमेत असहज भइरहेको अवस्थामा चीनमा शतप्रतिशत स्वास्थ्य बीमा भएकाले सबै रोगको उपचार सरकारले निःशुल्क गर्छ।

**– तत्काल के योजना छ नेपालमा ?**

० नेपाको पीछडिएको ठाउँमा गएर सेवा प्रदान गर्ने योजनाका साथ हामी आएका छौं। हामीले एउटा टेलिडिभाइस उपकरण पनि ल्याएका छौं। यसको सही सदुपयोग गंगालालमा हुने अपेक्षा हामीले गरेका छौं। शुक्रबारको अस्पताल निरीक्षण र भेटघाटपछि निर्णय गर्छौं।

**– नेपालमा यो उपकरण सञ्चालन गने जनशक्ति छ त ?**

० यो उपकरण ज्याकेटजस्तो छ चलाउन सजिलो छ र हामीले सिकाउँछौं। यो ज्याकेट लगाएपछि तपाईंले मोबाइलमा रेकर्ड गर्न सक्नुहुन्छ, डिभाइसको माध्यमबाट चीनबाट हेर्छौं। अझ चीनले यो मेसिन जनशक्तिमा निर्भर नभई रोबटको माध्यमबाट चलाउने तयारी गरेको छ।

# रानीपोखरी पुरानै शैलीमा निर्माण हुने

**ईश्वरराज ढकाल, काठमाडौं**

रानीपोखरी पुनर्निर्माण तत्कालका लागि स्थगित भएको छ। ३ सय ५० वर्ष लामो इतिहास बोकेको रानीपोखरीको पुनर्निर्माणमा मल्लकालीन शैली, स्वरूप र निर्माण सामग्री प्रयोग गरी पुनर्निर्माण हुने भएको छ।

मल्लकालीन शैलीमा पुनर्निर्माण गर्ने गरी सरकारले अध्ययन समिति गठन गरेको छ। पुरातत्त्व विभागका पूर्वमहानिर्देशक विष्णुराज कार्कीको संयोजकत्वमा ११ सदस्यीय अध्ययन समिति गठन गरेको छ।

समितिको सदस्य-सचिवमा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्मा रहनुभएको छ।

समितिको सदस्यहरूमा भवन विभागका पूर्वमहानिर्देशक सूर्यभक्त सांगाछे, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सम्पदा महाशाखा प्रमुख राजु मानन्धर, संस्कृतिविद् सुदर्शनराज तिवारी, विभागका इस्ट्रक्चरल इन्जिनियर पुरुषोत्तम डंगोल, संस्कृतिविद् काशीनाथ तमोट, विभागका सिनियर डिभिजन इन्जिनियर सम्पत घिमिरे, प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवर, कामपा वडा नम्बर २७ का वडा अध्यक्ष चिनियामान वज्राचार्य, २८ का वडा अध्यक्ष भाइराम खड्गी रहनुभएको छ।

अध्ययन समितिको सल्लाहकारमा काठमाडौं क्षेत्र नम्बर ६ का सांसद एवं रक्षामन्त्री भीमसेनदास प्रधान, प्रदेश सभासद् केशव स्थापित र राजनीतिकर्मी रञ्जु दर्शना रहनुभएको छ।

समितिले प्रतिवेदन नदिएसम्म हाललाई रानीपोखरी पुनर्निर्माणको सभागृहमा बसेको बैठकमा उपमेयर हरिप्रभा खड्गी, पुनर्निर्माण प्राधिकरणका सचिव मधुसूदन अधिकारी, पुरातत्त्व विभागका महानिर्देशक भेषनारायण दाहालको उपस्थिति रहेको थियो।

यो समितिलाई रानीपोखरीको पुनर्निर्माणका सम्बन्धमा अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन दिने जिम्मवारी दिँदै बैठकले प्रतिवेदन प्राप्त भएर अर्को निर्णय नभएसम्मका लागि हाल भइरहेको काम स्थगित गर्ने निर्णय गरेको हो। विभागका महानिर्देशक भेषनारायण दाहालले परम्परागत सामग्री प्रयोग गर्नेदेखि पोखरीमा पानी जमाउने विषयमा समेत अध्ययन गरेपछि बल्ल कस्तो डिजाइमा बन्ने हो भन्ने विषयमा निर्णय हुने बताउनुभयो।

उहाँले भन्नुभयो- 'नेपालको अस्तित्वसँग जोडिएको रानीपोखरीको सम्पूर्ण संरचना पुरानै शैलीमा निर्माण गरिनुपर्छ। रानीपोखरीको तोकिएको समयमा पुनर्निर्माण सम्पन्न गर्न कामपाले बारम्बार ताकेता गर्दै आएको थियो। पुनर्निर्माणको ठेक्का पाएको वर्ल्डवाइड कडेल एन्ड के ऐन केजीजेभीले तोकिएकै समयमा काम सम्पन्न गर्ने गरी काम थालेको थियो।

तर, उपप्रमुख खड्गीले नियमविपरीत निर्माण भएको भन्दै रोकिदिनुभएको थियो। मेयरले काम गर्न निर्देशन दिने तर उपमेयरले रोक्ने आदेश दिएपछि रानीपोखरी पुनर्निर्माणका मेयर र उपमेयरबीच चर्को विवाद देखिएको थियो। समिति गठन भएपछि मेयर र उपमेयरबीचको विवाद तत्कालका लागि साम्य भएको छ। अध्ययन समितिले रानीपोखरीको ड्रइङ डिजाइन, मौलिकतालगायतको विषयमा अध्ययन गरेर कामपालाई प्रतिवेदन बुझाउनेछ। सोही प्रतिवेदनको आधारमा पुनर्निर्माण शुरु गर्ने कामपाले जनाएको छ। २०७२ वैशाख १२ को विनाशकारी भूकम्पबाट क्षतिग्रस्त रानीपोखरीको पुनर्निर्माणको शिलान्यास २०७२ माघ २ गते राष्ट्रपतिबाट भएको थियो।

यसै गरी मन्त्रिपरिषद्को हिजो बसेको बैठकले पुरातत्त्व विभागको मापदण्डअनुसार नै रानीपोखरीभित्रको भौतिक संरचना पुनर्निर्माण गर्न सरकारले काठमाडौं महानगरपालिकालाई निर्देशन दिएको छ।

**शुक्लाफाटा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
झलारी, कन्चनपुर

**IT officer सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७४/०९/१४)**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरबार काठमाडौंको प.सं.२०७४/०७५, च.नं. १२७ मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको सेवा करारमा सम्बन्धी पत्रानुसार देहाय बमोजिमको शर्तहरुको अधिनमा रही यस कार्यालयका लागि सूचना प्रविधि अधिकृत (IT officer) एक जना सेवा करारमा लिनुपर्ने भएकोले इच्छुक उम्मेदवारहरुले रीतपूर्वक दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **आवेदन दिने अन्तिम मिति :-** सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७४/०९/२८ गते कार्यालय समय भित्र)
२ **शैक्षिक योग्यता :-** लोक सेवा आयोगद्धारा लिईने कम्प्युटर अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc IT, BSc CSIT) को उपाधि हासिल गरेको।
३ **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) :-** २०७४/०३/२८ गतेको स्वीकृत सचिवस्तरीय निर्णयमा उल्लेख भए बमोजिम हुनेछ।
४. **संलग्न गर्नुपर्ने कागजातहरु :** (व्यक्तिगत विवरण (Bio- Data), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु।
५. **आवेदन दिने तरिका :-** बुँदा नं.४ मा उल्लेख भएका कागजातहरु एवं बुदा नं. ६ मा तोकिएको शुल्क नगरपालिका राजश्व शाखामा बुझाई सक्कलै रसिद संलग्न राखी नगरपालिकामा आवेदन दिनुपर्ने छ।
६. **आवेदन शुल्क :-** रु. १,०००/- (एक हजार रुपयाँ मात्र)।
७. **उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन :-**

| सि.न. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |

८. **तलव भत्ता :-** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोके बमोजिमको हुनेछ।
९. **करार अवधि :-** २०७५ असार मसान्तसम्म ।
१०. **थप जानकारीको लागि सम्पर्क नम्वर :-** ०९९५४००१०
११. दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको लगत्तै अर्को दिन दरखास्त बुझाउन सकिनेछ।
१२. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम एवं स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरबार काठमाडौंको च.नं.१२७ मिति २०७४/०७/१७ गतेको पत्र बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, उपहार प्राप्ति, चिताएको कुरा पुग्ने सम्भावना।
**वृष** : धनको खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च।
**मिथुन** : आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति।
**कर्कट** : स्वस्थता र आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष।
**सिंह** : राजा अर्थात् राज्य सञ्चालकबाट लाभ, विजय, मान वृद्धि।
**कन्या** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धन प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान पाइने।
**वृश्चिक** : धनलाभ, खेलकुद-परीक्षामा सफलता, पैसा प्राप्तिको सम्भावना।
**धनु** : काममा सफलता, जोश-जाँगर बढ्ने, आय वृद्धि, सुख-सन्तुष्टि।
**मकर** : छिमेकमा विवाद, पेटको स्वास्थ्य समस्या, दौडधुप।
**कुम्भ** : द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता।
**मीन** : धनलाभ, आर्थिक उन्नति, शुभ कार्य, सुखानुभूति।

# नेपाल

नेपाल सरकारले कानुनीरूपमै योग्यता पुगेको स्थायी सेवा अवधिमा रहेका शिक्षकलाई विद्यालयको प्रअको अख्तियारी दिने व्यवस्था गरेको छ। प्रअ पद नियुक्तिका लागि आधारभूत तहको विद्यालयको हकमा शिक्षाशास्त्र विषयमा प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरी स्थायी सेवा अवधिमा रहेर कम्तीमा १० महिना तालिम लिएको हुनुपर्छ।

# प्रभावकारी बन्दै भूकम्पीय पुन:लाभ परियोजना

रोशन पराजुली, हेटौंडा

सामान्य गृहिणी दैनिकी बिताइरहेकी मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर-३ छतिवन, जलजलेकी सोममाया वाइबाले व्यावसायिकरूपमा कुखुरापालन शुरू गरेकी छन्। वित्तीय साक्षरतासम्बन्धी तालिममा सहभागी बनेपछि सोममायालाई व्यावसायिकरूपमै अघि बढ्ने ऊर्जा मिल्यो।

तालिमबाट व्यवसाय गर्ने विभिन्न तरिकाबारे सीपआर्जन गरेपछि उनले ६ सय कुखुरा पालन शुरू गरेकी हुन्। पहिले पनि कुखुरापालन आफ्ना लागि उपयुक्त व्यवसाय हुने ठानेर पाल्न शुरू गरे पनि व्यावसायिकरूपमा सफल नभएपछि उनले छाडेकी थिइन्। मर्सिकोर नेपालको सहयोगमा बाल कल्याण समाज मकवानपुरले सञ्चालन गरेको वित्तीय साक्षरतासम्बन्धी तालिममा सहभागी उनलाई हाल व्यावसायिकरूपमा लाग्न पर्याप्त योजना हुनुपर्ने लागेको छ।

एक महिनासम्म सञ्चालन हुने महिला वित्तीय साक्षरता तालिममा छतिवनका उनीजस्ता ३ सय ८९ जना महिला सहभागी छन्। तालिममा उनीहरूले बचत गर्ने बानीसँगै वित्तीय व्यवस्थापनका विभिन्न सीप सिकिरहेका छन्। बाल कल्याणले स्थानीय सहयात्री बचत तथा ऋण सहकारी संस्थाको समन्वयमा तालिम सञ्चालन गरेको हो।

तालिममा सहभागी मैयाकुमारी दुलाल अहिले नियमित बचत गर्न थालेकी छिन्। 'बचत गर्नु राम्रो हो भन्ने थाहा थियो। तर, अभावबीच कसरी बचत गर्न सकिन्छ भन्ने थाहा थिएन', मैया भन्छिन्- 'तालिममा सहभागी बनेपछि आर्थिक व्यवस्थापन र बचत कसरी गर्ने थाहा भयो।' उनले अहिले आफूमात्र मासिकरूपमा बचत गर्दिनन्, घरका सदस्यलाई पनि आफ्नो खर्च कटाएर बचत गर्ने बानी बसालेकी छन्।

संस्थाले सञ्चालन गरेको भूकम्पीय पुन:लाभ कार्यक्रमअन्तर्गत सहकारी आबद्ध महिलालाई दशवटा समूहमा सहकारी शिक्षासम्बन्धी सीप प्रदान गरिने परियोजना अधिकृत रामप्रसाद दाहालले जानकारी दिए। 'तालिम पूरा भएपछि सहभागीको लक्ष्य व्यावसायिकरूपमा अघि बढ्ने हो', परियोजना अधिकृत दाहाल भन्छन्- 'व्यवसायका लागि योजनादेखि व्यवसाय शुरू गर्दासम्म विभिन्न चरणमा वित्तीय साक्षरतामा सहजीकरण गर्ने काम भइरहेको छ।'

उनका अनुसार सहभागीलाई ३० दिनसम्म स्थानीय सहजकर्ताले वित्तीय साक्षरता सम्बन्धमा विभिन्न सीप प्रदान गर्नेछन्। सहकारीआबद्ध महिलालाई तालिममार्फत व्यावसायिकरूपमा अघि बढ्न सघाउ पुर्‍याउँदा सहकारीको पनि विकास हुने दाहाल बताउँछन्।

भूकम्पीय पुन:लाभ परियोजनाअन्तर्गत ५० दिनको डकर्मी तालिम पनि सञ्चालन भइरहेको छ। दश/दश जना रहेको दुई समूहका सहभागीलाई भूकम्पप्रतिरोधी घर निर्माणसम्बन्धी डकर्मी तालिम प्रदान गर्ने काम पनि भइरहेको परियोजनाका लेखा अधिकृत केशव दाहालले जानकारी दिए।

तालिमका क्रममा अतिविपन्न परिवारमध्ये बकैया-५, श्रीपुर छतिवनका नोटासिंह स्याङ्तान र बकैया-७, छतिवन भीरकोटका मोतीलाल राईको नि:शुक घर निर्माण पनि हुँदै छ। 'तालिममा सिकेको सीप प्रयोग गरेर सहभागीले भूकम्पप्रतिरोधी घर निर्माण गरिरहेका छन्', परियोजनाका सबइन्जिनियर समीर दाहाल भन्छन्- 'घरमा गारो लगाउने काम भइरहेको छ।'

डकर्मी तालिममा महिलाको सहभागिताले आफूहरूलाई उत्साहित बनाएको सबइन्जिनियर दाहाल बताउँछन्। उनका अनुसार तालिममा सहभागी ९ जना महिला भूकम्प प्रतिरोधी घर निर्माणका लागि दक्ष मिस्त्री बन्दै छन्।

तालिममा सहभागी २४ वर्षीया रञ्जु डिम्डुङ तालिममा सहभागी भइरहँदा आफू आगामी दिनमा भूकम्पप्रतिरोधी घर निर्माण गर्न दक्ष बन्नेमा विश्वस्त छिन्। 'तालिममा सिकेको सीप अब गाउँमा भूकम्पले भत्काएका घर निर्माणमा प्रयोग गर्नेछु', उनी भन्छिन्- 'घर बनाउने काम पुरुषको मात्र होइन भन्ने प्रमाणित गरेर देखाउनुछ।'

परियोजनाअन्तर्गत भूकम्पीय जोखिम न्यूनीकरणका लागि आवश्यक पर्चा/पम्प्लेट वितरणलगायत जागरणको काम गाउँमा गरिएको संस्थाले जनाएको छ। छतिवन श्रीपुरमा रहेको प्रभात मावि श्रीपुर, महेन्द्र मावि छतिवन, बुद्ध मावि हात्तीसुँडे, जनक मावि भीरकोट, कर्मप्राप्ति मावि कर्मचुलीका पाँच/पाँच जना विद्यार्थीलाई प्राथमिक उपचारसम्बन्धी तालिम प्रदान गरिएको बाल कल्याण समाज मकवानपुर जिल्ला कार्यक्रम संयोजक प्रकाश खतिवडाले जानकारी दिए।

नौ महिनाका लागि सञ्चालित भूकम्पीय पुन:लाभ परियोजना वित्तीय साक्षरता तालिम, संरचना निर्माण सहयोग, प्राथमिक उपचार तालिम, सहकारी व्यवस्थापनलगायत कार्यका लागि प्रभावकारी बन्नेमा आफू विश्वस्त रहेको जिल्ला कार्यक्रम संयोजक खतिवडाको भनाइ छ। परियोजनाबाट प्रदान गरिने विभिन्न तालिम तथा जागरणमूलक अभियानले छतिवनको मुहार फेर्नेमा सहयोगी मर्सिकोर नेपाल र आफ्नो संस्था बाल कल्याण समाज विश्वस्त रहेको खतिवडा बताउँछन्।

## गाउँपालिकाको नाम र केन्द्र मतदानमार्फत टुंग्याइयो

खोटाङ, (नेस)

खोटाङस्थित दिप्रुङ गाउँपालिकाको केन्द्र र नाम राख्ने विषयमा सहमति हुन नसक्दा दुवै विषयलाई मतदानमार्फत टुंगो लगाईएको छ। उक्त गाउँपालिकाको केन्द्र वडा नम्बर-५ मा पर्ने तृतीयाभञ्ज्याङमा राख्ने र सोही वडाकै याङशोलाटारमा राख्ने भन्ने बारेमा दुई पक्षबीच विवाद चुलिएपछि गाउँपालिकाको गाउँसभाले निर्वाचनमार्फत बिहीबार केन्द्र र नामको टुंगो लगाएको हो।

निर्वाचनले दिप्रुङ गाउँपालिकाको केन्द्र याङशोलाटार बनाउने र नाम दिप्रुङ चुइचुम्मा गाउँपालिका राख्ने टुंगो लगाएको छ। निर्वाचनमा तृतीयाभञ्ज्याङ केन्द्र बनाउने पक्षमा १७ मत र याङशोलाटार केन्द्र बनाइनुपर्ने पक्षमा १८ मत खसेको दिप्रुङ गाउँपालिकाका अध्यक्ष भूपेन्द्र राईले बताउनुभयो। निर्वाचनमा ३६ मध्ये ३५ जनाले भाग लिएका थिए।

स्थानीय तह पुन:संरचना प्राविधिक सहयोग समितिले दिप्रुङ गाउँपालिकाको केन्द्र दिप्रुङ गाउँपालिका-५ को तृतीयाभञ्ज्याङमा बनाउन सिफारिस गरेअनुरूप कार्यालय स्थापना भए पनि गाउँपालिकाको केन्द्र अपायकमा बनाएको भन्दै डाँडागाउँ, टेम्मा र याम्खाका स्थानीयले विरोध गर्दै आएका थिए।

# अधिकांश विद्यालयका प्रधानाध्यापक अयोग्य

दुर्गाप्रसाद शर्मा, पर्वत

जिल्लाका अधिकांश सामुदायिक विद्यालयहरू मापदण्ड नपुगेका प्रधानाध्यापकको भरमा चलिरहेका छन्। वर्षेनि सामुदायिक विद्यालयहरूको दरबन्दी मिलान हुन नसक्दा वर्षौंदेखि सामुदायिक विद्यालयहरू मापदण्ड नपुगेका प्रधानाध्यापकको भरमा चलेको जिल्ला शिक्षा कार्यालय पर्वतले जनाएको छ।


जिल्ला शिक्षा अधिकारी रमेशराज पौडेलका अनुसार जिल्लाका ३ सय १० सामुदायिक विद्यालयअन्तर्गत ६० प्रतिशत विद्यालयहरूमा मापदण्ड विपरीतका प्रधानाध्यापक रहेका छन्। माध्यमिक तहमा ७८ निम्न माध्यमिक तहमा ३७ र प्राथमिक तहमा १ सय ९९ सामुदायिक विद्यालय रहेको जिल्लामा ४० भन्दा बढी विद्यालयमा मापदण्ड विपरीतका प्रधानाध्यापक रहेको पौडेलले जानकारी दिनुभयो। शिक्षा निर्देशिकाले योग्यता पुगेको, स्थायी, वरिष्ठ शिक्षकलाई विद्यालयको प्रअको अख्तियारी दिनुपर्ने कानुनी प्रावधान रहेपनि पहुँचका भरमा मापदण्डविपरीतका प्रअ नै विद्यालयले स्वीकार्नुपरेको उहाँले बताउनुभयो।

सामुदायिक विद्यालयहरूको पुस्तैनी रोग नै बनेको प्रअ समस्याले जिल्लाको शैक्षिक विकासलाई निकै अप्ठेरो पारेको उहाँले बताउनुभयो। जसका कारण बालबालिकाहरू गुणस्तरीय शिक्षा र योग्य प्रअ र शिक्षकबाट वञ्चित भएका छन्। कतिपय विद्यालयहरूमा स्थायी शिक्षक हुँदाहुँदै पनि अस्थायी शिक्षक प्रअ बनेको उहाँले बताउनुभयो। शिक्षामाथिको राजनीतिक हस्तक्षेप, पहुँचवालाको दबदबाले स्थायी, मापदण्ड पुगेका शिक्षकहरू कुनै पनि जिम्मेवारीमा बढ्ने अवस्था नआएको उहाँले बताउनुभयो। जसका कारण विद्यालय परिवारभित्रै मनमुटाव सृजना हुने गरेको भन्दै अब यो प्रवृत्तिको अन्त्य हुनुपर्नेमा उहाँको जोड थियो।

नेपाल सरकारले कानुनीरूपमै योग्यता पुगेको स्थायी सेवा अवधिमा रहेका शिक्षकलाई विद्यालयको प्रअको अख्तियारी दिने व्यवस्था गरेको छ। प्रअ पद नियुक्तिका लागि आधारभूत तहको विद्यालयको हकमा शिक्षाशास्त्र विषयमा प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरी स्थायी सेवा अवधिमा रहेर कम्तीमा १० महिना तालिम लिएको हुनुपर्छ। त्यस्तै निमावि तहको हकमा शिक्षाशास्त्रमा स्नातक तह उत्तीर्ण गरी स्थायी सेवावधिमा रहेर कम्तीमा १० महिना तालिम गरेको हुनुपर्नेछ भने मावि तहको हकमा शिक्षाशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरी स्थायी सेवावधिमा रहिरहेको हुनुपर्ने कानुनी व्यवस्था छ। तर कानुनी व्यवस्थामा जे भए पनि अधिकांश विद्यालहरूमा त्यो कार्यान्वयन हुनसकेको छैन। यस कारण नै दरबन्दी मिलानमा समस्या परेको जिशिकाले जनाएको छ।

# विद्यार्थीलाई राष्ट्रिय सुरक्षा दलको तालिम

चिरञ्जीवी मास्के, दोलखा



सदरमुकाम चरिकोटमा रहेको रणभीम गणले मंगलबार राष्ट्रिय सुरक्षा दलका क्याडेटहरूको पासआउट कार्यक्रम आयोजना गरेको छ। सो अवसरमा राष्ट्रिय सुरक्षा दलको तालिम लिएका क्यारेटहरूले आफूले तालिममा लिएको सीप प्रदर्शन गरेका थिए।

पासआउट कार्यक्रममा रणभीम गणका गणपति झवेन्द्ररेस्मी मगरले राष्ट्रिय सुरक्षा दलको तालिममा सहभागी सम्पूर्ण क्याडेटहरूलाई धन्यवाद ज्ञापन गरेका थिए। उनले यो तालिम नेपाली सेना बनाउने तालिम नभएको तर विद्यार्थीहरूलाई आत्मविश्वासी र राष्ट्रियताप्रति पूर्णरूपमा सर्मपित गर्ने बताए।


नेपाल सरकारले २०२२ सालबाट शुरू गरेको राष्ट्रिय सुरक्षादलको तालिम दोलखा जिल्लामा भने गत वर्षबाट मात्र शुरू भएको हो। जिल्लामा दोस्रो पटक सञ्चालन भएको तालिममा सदरमुकाम चरिकोटस्थित कालिञ्चोक उच्च माविका १८ छात्र र १७ छात्रा तथा जिरी उच्च माविका १७ छात्र र १७ छात्रा गरी ६९ जनाको सहभागिता रहेको रणभीम गण चरिकोटले जनाएको छ।

तालिमले विद्यार्थीहरूलाई अनुशासित, आत्मविश्वासी, राष्ट्रप्रेमी, आत्मरक्षा गर्न सक्षम र दैवी विपत्तिको बेलामा सहयोग गर्न सक्षम बनाउने गणपति झवेन्द्ररेस्मी मगरले बताए।

गत असार ३ गतेबाट ७९ दिनसम्म सञ्चालन भएको तालिममा खुकुरी डिल, मास पिटी, ताइक्वन्दो, नेपाली सेनासम्बन्धी जानकारी र एरोविक सम्बन्धी प्रयोगात्मक ज्ञान दिइएको गणले जनाएको छ। अब २१ दिन नेपाली सेनाको क्याम्पमा सामूहिक तालिम सञ्चालन गरिने र त्यसमा उत्कृष्ट हुनेलाई विदेशमा समेत तालिमका लागि लगिने गणपति रेस्मीमगरले बताए। रणभीम गणमा तालिम लिएका राष्ट्रिय सुरक्षा दलमा आबद्ध विद्यार्थीहरूलाई मोरङको याङशिला क्याम्पमा सामूहिक तालिमका लागि लगिने गणपति रेस्मीगरले बताए। राष्ट्रिय सुरक्षा दलको यो तालिम देशको विभिन्न ७३ वटा विद्यालयमा सञ्चालन भएको र तालिममा झन्डै ६ हजार विद्यार्थी सहभागी रहेको रणभीम गणका मेजर सन्तोष थापाले बताए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**मोटरसाईकल हरायो**

मिति २०७४/८/२ गते बनेपाको सिद्धार्थ कलेज अगाडी पार्कीङ गरेर राखेको अवस्थामा **बा ८८ प ४९६६** नम्बरको निलो रङको २२० सिसि बजाज पल्सर **इन्जिन नं. DKYCHE 43921** र **च्यासिस नं. :D2A13EY8HCE53789** भएको मोटरसाईकल हराएको हुदा फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**मोबाईल नं. : ९८१८१०७३९८**

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, पुस
शुक्रबार
१४

वडाभित्र अवैध मदिरा उत्पादन तथा बिक्री वितरण, जुवातास रोकथाम, क्यारम खेलजस्ता विषयहरु अबको १५ दिनभित्र बन्द नगरे सम्बन्धित व्यक्तिलाई कानुनी कारबाहीसमेत गरिने निर्णय गरिएको छ।

# नेपाल

# मदिरा उत्पादन गरे वडाबाट प्रदान गरिने सेवा रोक्का



हिक्मत नेपाली, दैलेख

दैलेखको डुंगेश्वर गाउँपालिका वडा नं. २ लाँकुरीले वडाभित्र अवैधरूपमा मदिरा उत्पादन तथा बिक्री वितरण गरेबापत वडाबाट पाउने सेवा सुविधा रोक्का गर्ने निर्णय गरेको छ। वडालाई बालविवाह र मदिरामुक्त वडा बनाउने अभियानको थालनी गर्दै यस्तो निर्णय गरिएको हो।

अवैध मदिरा तथा बालविवाह न्यूनीकरणका लागि अन्तरक्रिया तथा एक दिने अभिमुखीकरण कार्यक्रममा वडाभित्र बालविवाह र मदिरामुक्त बनाउने निर्णय गरिएको डुंगेश्वर गाउँपालिका वडा नं २ का वडा अध्यक्ष राजुकुमार खत्रीले जानकारी दिएका छन्। वडाभित्रका विभिन्न स्थान तथा समुदायभित्र अवैध मदिरा तथा व्यावसायिक रूपमा आयआर्जनको मुख्य स्रोतका रूपमा लिइएको घरेलु मदिराले समाजमा विकृति फैलाएको भन्दै यस्तो अभियानको थालनी गर्ने निर्णय गरिएको अध्यक्ष केसीले बताए।

वडास्तरीय भेलाले गरेको निर्णय गत आइतबारदेखि नै वडाभित्रका बासिन्दा र सरोकारवाला निकायहरूलाई सूचना तथा जानकारी गराई अवैध मदिरा उत्पादन, बिक्री वितरणमा रोक लगाइने अध्यक्ष केसीले बताए। अटेर गरी मदिरा बिक्री वितरण तथा उत्पादन गरेको पाइएमा डुंगेश्वर गाउँपालिका वडा नं. २ बाट दिइने सेवा सुविधा रोकिने अध्यक्ष केसीले जनाए।

यस्तै कार्यक्रमले वडाभित्र बालविवाह बढ्दै गएको भन्दै बालविवाह न्यूनीकरणका लागि अभियान थाल्ने निर्णय गरेको छ। वडामा बालविवाहको संख्यामा वृद्धि हुन थालेपछि बालविवाह रोक्नका लागि सूचनामूलक सडक नाटक, अभिमुखीकरण कार्यक्रम, जनचेतनामूलक कार्यक्रमलगायतका क्रियाकलापहरू सञ्चालन गरिने बताइएको छ।

बालविवाह रोकथामका लागि सरोकारवाला निकायसँगको सल्लाह सुझाव र सहयोग लिएर अभियान सञ्चालन गरिने वडा अध्यक्ष खत्रीले जानकारी दिएका छन्। बालविवाह रोकथामका लागि अभिभावकलाई समेत जवाफदेहिता बनाउँदै लैजाने निर्णय गरिएको अध्यक्ष केसीले जानकारी दिए।

यस्तै वडाभित्र अवैध मदिरा उत्पादन तथा बिक्री वितरण, जुवातास रोकथाम, क्यारम खेलजस्ता विषयहरू अबको १५ दिनभित्र बन्द नगरे सम्बन्धित व्यक्तिलाई कानुनी कारबाहीसमेत गरिने निर्णय गरिएको छ। वडामा अबको १५ दिनभित्र अवैधरूपमा उत्पादन गरिने मदिरा बिक्री वितरण तथा उत्पादनलाई रोक्नुपर्ने छ। यस्तै वडाभित्रका व्यपारीहरूले सञ्चालन गरेको क्यारम खेललाई पनि रोक्नुपर्नेछ।

वडा अध्यक्ष राजुकुमार केसीका अनुसार वडालाई अब छिट्टै बालविवाहमुक्त बनाइने बताए। वडामा जननिर्वाचित प्रतिनिधिहरू र वडाबासीको सहभागितामा गरिएको यस्तो निर्णयलाई कार्यान्वयनमा ल्याउन सबैको सहयोग आवश्यक रहेको बताएका छन्।

# एक महिनामा पनि शालिग्रामको पत्तो लागेन

नेपाल समाचारपत्र

लमजुङ

लमजुङको ऐतिहासिक मन्दिरमा रहेका महत्त्वपूर्ण शालिग्राम चोरी भएको एक महिना हुन लाग्दा पनि त्यसको सुइँकोसम्म पाउन सकिएको छैन। जिल्ला सदरमुकाम बेंसीशहर-८ स्थित लक्ष्मीनारायण मन्दिरमा रहेका १ सय ४ थान शालिग्राम गत मंसिर २१ गतेका दिन चोरी भएको थियो।

सो चोरीका बारेमा अनुसन्धान जारी रहेको भनिए पनि आजसम्म कसैलाई पनि पक्राउ नगरिएको र ती सामग्रीसमेत फेला पार्न नसकिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक पदमबहादुर विष्टले बताउनुभयो। सो मन्दिर जिल्ला प्रहरी कार्यालय रहेको स्थानदेखि ३ सय मिटरको दूरीमा रहेको छ।

उक्त लक्ष्मीनारायण मन्दिर सत्रौं शताब्दीमा लमजुङे राजा बनेका सचिन्द्र शाहद्वारा निर्माण गरिएको हो। सचिन्द्र नरहरि शाहका नाति हुन्। उनको पालामा लमजुङमा धेरै मन्दिर तथा चण्डी र देवालयहरू बनेको इतिहासमा उल्लेख भएको मर्स्याङ्दी क्याम्पसका पूर्वउपप्राध्यापक एवम् इतिहासविद् रमाराज खनियाँले बताउनुभयो।

उहाँका अनुसार उक्त लक्ष्मीनारायण मन्दिर विक्रम संवत् १६६७ सालमा बनेको र सोही समयमा काली गण्डकीबाट ल्याएर लक्ष्मीनारायणको शक्तिको प्रतीकको रूपमा विधि विधानका साथ प्रतिस्थापना गरेको इतिहास पाइन्छ। कुल १ सय ५४ वटा अमूल्य शालिग्राममध्ये सबैभन्दा कमसल ५० वटा छोडी अन्य बहुमूल्य शालिग्रामको चोरी भएको सो मन्दिरका पुजारी सोमराज घिमिरेले बताउनुभयो। उहाँले भन्नुभयो- 'यो घटना थाहा पाउनासाथ मन्दिर संरक्षण समिति, जिल्ला प्रहरी कार्यालयलाई जानकारी दिएको हुँ, आजसम्म केही पत्ता लागेको छैन।'

Government of Nepal
Ministry of Irrigation
Department of Irrigation
Central Regional Irrigation Directorate
**Irrigation Development Division,** Sindhupalchowk

**Invitation for Bid**

**First Date of Publication: 29th Dec, 2017**

**Invitation for Bids for the Construction of HW, Canal and Canal Structures**

**Contract Identification No.: CKIP/MIP/IDD-Sindhupalchowk/NCB-01/2074-075**

1. The Government of Nepal [GON] has allocated funds towards the cost of **ChauriKhola ISP, Lisankhupakhar-4, Sindhupalchowk** and intends to apply part of the funds to cover eligible payments under the Contract: **CKIP/MIP/IDD-Sindhupalchowk/NCB-01/2074-075.** Bidding is opened to all eligible Nepalese Bidders.
2. **Irrigation Development Division, Sindhupalchowk** invites sealed bids or electronic bids from eligible bidders for the **construction of H/W, Canal and Canal Structures works** under National Competitive Bidding –**Two Envelope Bidding Procedure**.
3. **Under the Single-Stage, Two Envelope Procedure**, Bidders are required to submit simultaneously two sealed envelopes, (i) one sealed envelope containing the Technical Bid and labeled "**Technical Proposal**" and (ii) the other sealed envelope containing Price Bid only and labeled as "**Price Bid**". Both in turn enclosed in one sealed envelope as per the provision included in **ITB 21 of the Bid Document**. The **"Letter of Technical Bid**" submitted with Technical Bid, and the "Letter of Price Bid" submitted with Price Bid in separately sealed envelopes must be signed by authorized signatory, failure to which may be the ground for declaring the bid non responsive.
4. Only eligible bidders with the following key eligibility criteria as specified in **clause 40(2) of PPR 2064** should participate in this bidding.
   I. **Historical Financial Performance**: Submission of Audited Balance Sheet and Income Statements for the Last Five Years to demonstrate the current soundness of the applicant's financial position. As a minimum, a Bidder's Net Worth shall be Positive.**(As per 2.3.1 of Sec 3 of Bid Document)**
   II. **Average Annual Construction turnover**: Minimum average annual construction turnover of NPR: (as mentioned in "The Work" below) calculated as the average of the Best Three (3) Years' total certified payments received for contracts in progress or completed, within the last Ten (10) Years. **(As per 2.3.2 of Sec 3 of Bid Document )**
   III. **Financial Resources Requirement**: As a minimum, the Bidder must show that his financial resources, in terms of at least Last Year's working capital and lines of credit, will be adequate to cover his Bid Price and current work commitments. **(As per 2.3.3 of Sec 3 of Bid Document)**
5. **Contracts of Similar Size and Nature (Specific Construction Experience)**: Bidder's participation as contractor, management contractor, or subcontractor, in at least one contract within the last Five (05) years with a value of at least NPR (as mentioned "The work" below) that have been successfully completed and that are similar to the proposed works. **(As per 2.4.1 of Sec 3 of Bid Document ).** Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Irrigation Development Division, Sindhupalchowk, Tel No. 011-620425, or may visit PPMO website www.bolpatra.gov.np/**egp
6. Bidder must submit their bid electronically. The bidding documents are available online and can be download from **PPMO's e-GP system www.bolpatra.gov.np/egp** Bidders, submitting their bid electronically, should deposit the cost of Rs. 5000.00 for bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (**pdf format**) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank**:
   - Name of the Bank : **Nepal Bank Limited, Sindhupalchowk**
   - Name of Office : **Irrigation Development Division, Sindhupalchowk**
   - Office Code no. : **23-357-01**
   - Office Account no. : **kha/3/073/02**
   - Rajaswa (revenue) Shirshak no. : **14227**
7. **Pre-bid meeting** shall be held at Irrigation Development Division, Sindhupalchowk at 11:00 AM, **on 14th Dec.2017**
8. Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Irrigation Development Division, Chautara, Sindhupalchowk on or before 28th Jan 2018 at 12:00 Hours Noon
9. **Technical Bids** will be opened on 14 hours, 28th Jan. 2018 in the presence of bidders representatives who choose to attend. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amountingas mentioned below "**The work**" which shall be valid for 30 days beyond the validity period of the bid (i.e.120 days from bid submission date). Bid security shall be submitted along with the technical bid. Failure to submit the bid security with the technical bid shall be ground for declaring the bid non responsive.
10. After the completion of evaluation of Technical Bid, substantially responsive evaluated bidders will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in the national daily.
11. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
12. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids
13. The Employer reserves the right to accept or reject wholly or partly any or all of the bids without assigning any reason whatsoever.
14. The conditions, processes and procedures not mentioned in this notice shall be as per bidding document, prevailing **PPA2063, PPR 2064.**
15. **"The Work"**

| Contract No. | Nature of the Works | Average Annual Construction Turnover (NRs.) | Specific Construction Experience (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| CKIP/MIP/IDD-Sindhupalchowk/NCB-01/2074-075 | Construction of Head works , Canal and Canal Structure of Chaurikhola ISP, Lisankhupakhar-4 | **40.66 Million** | **43.40 Million** | 14,40,000.00 | 5000.00 |

**Division Chief**

# जिल्ला अस्पतालको एम्बुलेन्स जीर्ण

सल्यान, (नेस)। जिल्ला अस्पताल सल्यानमा रहेको एम्बुलेन्स जीर्ण हुँदा पनि मर्मत सम्भार नहुँदा बिरामीलाई सास्ती भएको छ। सल्याको सबैभन्दा ठूलो अस्पतालले १२ वर्षअघि खरिद गरी सञ्चालनमा ल्याइएको एम्बुलेन्स जीर्ण बन्दा बिरामीलाई सास्ती बेहोर्नुपरेको छ।

१५ शय्या रहेको अस्पतालमा बिरामीको चाप दिनदिनै बढे पनि जिल्ला अस्पतालमा भएको एम्बुलेन्सको भर पर्दा बिरामीहरू मारमा पर्ने गरेका छन्। जिल्ला अस्पतालको एम्बुलेन्स नहुँदा बिरामीहरू कतै रिफर गर्नुपर्दा एम्बुलेन्स नहुँदा बिरामीलाई समस्या हुने गरेको अस्पतालका डाक्टर प्रदीप शर्मा बताउनुभएको छ। जिल्लामा रहेको सबैभन्दा ठूलो अस्पतालमा एम्बुलेन्स नहुँदा बिरामी तथा बिरामीका आफन्तमा समस्या मात्रै होइन बिरामीको ज्यानैसमेत खतरामा पर्ने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्ने शर्माले बताउनुभयो।

१५ शय्याको अस्पतालले सल्यानमा ५० बिरामीलाई उपचार गरिरहेको छ यसबाट बिरामीको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको भने काम गर्ने कर्मचारीलाई पनि समस्या परेको छ। धेरै बिरामी बढेपछि भुइँमा बसाएर भए पनि बिरामीलाई उपचार गर्नुपरेको डाक्टर शर्माले बताउनुभयो।

# जनप्रतिनिधि कुटपिटका ३ आरोपित पक्राउ

जुम्ला, (नेस)

जनप्रतिनिधि कुटपिटमा संलग्न जुम्लाका ३ जना आरोपित पक्राउ परेका छन्। तातोपानी गाउँपालिका-२ नम्बर वडा सदस्य मुनबहादुर डाँगीलाई निर्घात कुटपिट गर्ने ३ जना आरोपितलाई प्रहरीले बुधबार पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा सोही वडाका विष्णु अधिकारी, प्रेम अधिकारी र टंक अधिकारी रहेका छन्। प्रहरीका अनुसार उनीहरूले जनप्रतिनिधि डाँगीलाई सामूहिक रूपमा कुटपिट गरेका हुन्। वडा सदस्यको हैसियतले हिमशिखर माध्यमिक विद्यालय तातोपानीको योजना तर्जुमाका लागि बैठकमा गएका बेला सार्वजनिक बाटोको विषयलाई लिएर आफूमाथि कुटपिट भएको पीडित डाँगीले बताए। 'सार्वजनिक स्थानमा चरित्र हत्या हुने गरी उनीहरू ममाथि गाली बेइज्जती गर्दै एक्कासि आक्रमणमा उत्रिए। आरोपित तीनै जनाले मलाई सामूहिक रूपमा लछारपछार गरी जमिनमा बझार्दै मरणासन्न हुने गरी कुटपिट गरेका हुन्।' -उनले भने।

स्थानीय रामबहादुर रावलका अनुसार घाइते जनप्रतिनिधि डाँगीको नाकबाट धेरै खुन बग्नुका साथै नाक र अन्य शरीरमा ठूलो चोट लागेको छ। उनलाई गत आइतबार दिउँसो निर्घात कुटपिट भएको थियो भने प्रहरीमा मंगलबार मात्र जाहेरी दर्ता भएको थियो। सांघातिक आक्रमण गरी कुटपिट गर्नेलाई सार्वजनिक अपराध ऐनअनुसार कारबाही गरिने जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ। आक्रमणबाट घाइते डाँगी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा उपचारपछि घर फर्किएका छन्।

# खचाखचले कैदीलाई सास्ती

नेपाल समाचारपत्र

कालिकोट



यहाँ जिल्ला कारगारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी भएपछि उनीहरूलाई समस्या भएको छ। २५ जनाको क्षमता भएको यस श्रेणीको कारागारमा ४० जना कैदी, ११ जना थुनुवा रहेका छन् भने एक बालिका आश्रित गरी जम्मा ५२ जना बसिरहेका छन्।

महिला कैदीहरू तीन जना मात्र भएकाले त्यति समस्या नभए पनि पुरुष कैदी बन्दीहरू दुई गुणा बढी भएकाले व्यवस्थापनमा समस्या आएको जेलर महोनप्रसाद शर्माले बताए। २०३२ सालमा बनेको कारगार भवनको अति जीर्ण अवस्था भएका कारण ०७३ चैत १३ गते एक कैदी भागेर गएको जेलर शर्माले बताए। क्षमताभन्दा बढी कैदी बन्दी राखिएकाले विभिन्न समस्या आउने गरेको छ।

जीर्ण अवस्थाको भवन कोचाकोच गरी बस्नुपरेको तिलागुफा नगरपालिका निवासी कैदी लक्ष्मण शाहीले गुनासो पोखे। उनले खानेपानी, खेल, मनोरञ्जनका सामग्रीसमेत नभएको बताए।

जिल्ला कारागारमा एक जना हेल्थ असिस्टेन्टको दरबन्दी भए पनि दुई वर्ष अगाडिदेखि दरबन्दी रिक्त रहेकाले उपचार गर्नलाई समस्या हुने गरेको छ। कैदी तथा थुनुवाहरू समान्य बिरामी हुँदा पनि उपचारका लागि जिल्ला अस्पतालमा पुऱ्याउनुपर्ने बाध्यता रहेको छ।

# विश्व

## आक्रमण

अफगानिस्तानको राजधानी काबुलमा भएको आत्मघाती बम विस्फोटमा कम्तिमा ४० जनाको मृत्यु हुनाको साथै अन्य ८० जना घाइते भएका छन्।



## आरोप

जापानका पूर्वसुमो ग्रायन्ड च्याम्पियन हारुमाफुजीलाई एकजना जुनियर कुस्तीवाजलाई यातना दिएको आरोप लागेको छ।



2017, DEC Friday 29

## विश्व २ मिनेट

### युक्रेन

#### बन्दी साटफेर

किभ, (एजेन्सी)

युक्रेन सरकार र देशको पूर्वीभागमा रहेका पृथक्तावादी विद्रोहीबीच बन्दी आदानप्रदान भएको छ। सन् २०१४ मा संघर्ष शुरू भएपछिको यो सबैभन्दा ठुलो बन्दी आदानप्रदानको घटना हो। सरकारले आफ्नो नियन्त्रणमा रहेका करिब २ सय ३० विद्रोहीलाई रिहा गरेको छ भने रुस समर्थ विद्रोहीले आफ्नो कब्जामा रहेका ७४ बन्दीलाई छाडेका छन्। विगत १५ महिनामा भएको यस प्रकारको बन्दी आदान प्रदानको पहिलो घटना हो। सन् २०१५ मा मिन्स्क शान्ति सम्झौतामा हस्ताक्षर भएको थियो जसमा बन्दी रिहा तथा आदानप्रदान महत्त्वपूर्ण मुद्दा रहेको थियो।

### इजिप्ट

#### बेलायती महिला जेलमा

कायरो, (एजेन्सी)

इजिप्टमा १ बेलायती महिलालाई पेन किलर ट्याब्लेट राखेकोमा ३ वर्षको जेल सजायँ तोकेको छ। उनीमाथि औषधि तस्करी गरेको आरोप लगाइएको थियो। ३३ वर्षिया लारा प्लमरबाट ३ सय चक्की पेन किलर बरामद गरिएको थियो। गत अक्टोबर ९ मा प्लमरको सुटकेसमा उक्त ट्रमाडोल ट्याब्लेट फेला परेपछि उनलाई पक्राउ गरिएको थियो। प्लमरले ती औषधि बेलायतमा वैध भएको तर इजिप्टमा प्रतिबन्धित रहेको आफूलाई जानकारी नभएको दाबी गरेकी थिइन्। उनको परिवारले उनका वकिलले अपिल दायर गरिसकेको जानकारी दिएको छ।

### रसिया

#### सुपरमार्केटमा विस्फोट

सेन्ट पिटर्सवर्ग, (एजेन्सी)

रसियाको दोस्रो सबैभन्दा ठूलो शहर सेन्ट पिटर्सवर्गको एउटा सुपर मार्केटमा बुधबार भएको विस्फोटनमा कम्तिमा १० जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। यसै वर्ष यस शहरको सव वेमा भयानक बम विस्फोट भएको थियो। ग्राहकको व्यागमा राखिएको करिब २ सय ग्राम विस्फोटक पदार्थ पड्केको र बढी क्षति पुऱ्याउन छर्रासमेत प्रयोग गरिएको प्रहरीले जनाएको छ। यस घटनाको जिम्मेवारी अहिलेसम्म कसैले पनि लिएको छैन। उत्तरपश्चिमी कालिनिन्स्की जिल्लास्थित पेरेक्रेस्टोक सुपरमार्केटको एउटा शाखामा यो घटना भएको हो।

### स्विजरल्यान्ड

#### सर्वसाधारण मारिए

जेनेभा, (एजेन्सी)

साउदी अरेबियाको नेतृत्वमा रहेको अन्तर्राष्ट्रिय गठबन्धन फौजले विगत १० दिनभित्र यमनमा गरेको हवाई हमलामा १ सय ९ जना सर्वसाधारणको ज्यान गइसकेको बिहीबार संयुक्त राष्ट्र संघका एकजना वरिष्ठ अधिकारीले बताएका छन्। यस हमलामा ५४ जना एउटा व्यस्त बजारमा र एउटै परिवारका १४ जना सदस्य एउटा फार्ममा मारिएका थिए। यमनमा इरान समर्थित हौथी लडाकूको सशस्त्र आन्दोलन दबाउन उक्त गठबन्धन फौजलाई संयुक्त राज्य अमेरिका, बेलायत र अन्य मुलुकले पनि सहयोग र समर्थन गरिरहेका छन्।

# चिनियाँ नयाँ वर्षमा ट्रम्पलाई कुकुरका रूपमा चित्रण

बेइजिङ, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई उनको चिरपरिचित हेयरस्टाइल , आकाशतर्फ तेर्स्याइएको चोर औंलासहित विशाल कुकुरका रूपमा सन् २०१८ को चिनियाँ नववर्षमा प्रतिनिधित्व गराइने भएको छ।




२०१८ फेब्रुअरी १६बाट शुरू हुने 'कुकुर वर्ष' को उत्सवमा राष्ट्रपतिको कुकुर प्रतीकको प्रयोग हुनेछ। चान्द्रिक नयाँ वर्ष पनि भन्ने गरेको चिनियाँ नयाँ वर्ष चन्द्रसूर्य चिनियाँ क्यालेन्डरमा आधारित छ र १२ वर्षको चक्रमा प्रत्येक वर्षलाई रासीसँग जोडिएको जनावरले प्रतिनिधित्व गराइएको हुन्छ। सन् २०१७ को चिनियाँ वर्ष भाले वर्ष मानिन्छ रसन् २०१८ लाई कुकुर वर्षका रूपमा स्वागत गर्न चिनियाँहरू तयार रहेका छन्। जुन ट्रम्पको चिनियाँ रासी पनि हो।

ट्रम्पको चित्रण उडेको सुनौलो आँखिभौं र माथि उठेको सुनौलो कपालमा केन्द्रित छ। उक्त कुकुरको चोर औंलाले माथि देखाइरहेको छ, यो वादविवादमा राष्ट्रपतिले दिने गरेको चर्चित शेली हो। कुकुरको घाँटीमा



राखिएको कलर रातो रङ ट्रम्पले प्राय प्रयोग गर्ने टाइसँग समान छ। उक्त मूर्तिलाई सेतो क्रिसमस ट्रीले घेरिएको र गुलाफी गरगहना तथा कृतिम हिँउले सिंगारिएको छ।

उत्तरी चीनको सान्सी प्रान्तको ताइयुआन सहरस्थित एउटा सपिंग मलमा प्रदर्शनमा राखिएको उक्त कुकुरको मूर्ति चाइना प्लस न्युजले ट्विटरमा प्रकासित गरेको हो।

सन् २०१६ को चिनियाँ नयाँ वर्षमा ट्रम्पलाई ३२ फिट अग्लो भालेका रूपमा चित्रण गरिएको थियो। त्यसमा पनि कुकुरको जस्तै सुनौलो कपाल र चोर औंला ठड्याएको देखाइएको थियो। सन् २०१६ मा ट्रम्पको सपथग्रहणअगाडि उक्त भालेको सानो प्रतिकृति चीनमा उपहारका रूपमा लोकप्रिय बनेको साउथ चाइना मर्निङ पोस्टले जनाएको छ।

अमेरिकी कमान्डर इन चिफका लागि चिनियाँ नयाँ वर्षले त्यति महत्त्व नराख्ला तर उनी चिनियाँ कुकुर वर्षमा जन्मेका हुन्। ट्रम्प सन् १९४६ मा जन्मेका थिए। कुकुर वर्षमा जन्मेकाहरू चिनियाँ खगोलशास्त्रअनुसार तीक्ष्ण वुद्धि, कडाश्रम गर्ने र इमानदार हुन्छन्। आफू जन्मेको प्रतीक वर्षलाई चिनियाँहरू विशेष गरी राम्रो भाग्यको वर्षका रूपमा मनाउने गर्छन्।

ट्रम्प जन्मेको वर्ष र चिनियाँ रासी चिहन पूर्वराष्ट्रपति जर्ज डब्ल्यु बुस र बिल क्लिन्टनको पनि हो। ट्रम्पकी नातिनी अराबेला कुस्नरले सन् २०१६ को चान्द्रिक नयाँ वर्षमा चिनियाँ भाषामा 'ह्याप्पी न्यु इयर' गाएको भिडियो भाइरल भएको थियो।

# ह्वाइट हाउसको २ सय वर्ष पुरानो रुख काटिने



वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसस्थित करिब २ सय वर्ष पुरानो ऐतिहासिक रुख केही दिनमै काटिने भएको छ।

ज्याक्सन मेग्नोलिया रुख सन् १८२९ देखि १८३७ सम्म अमेरिकाको राष्ट्रपति रहेका एन्ड्रयु ज्याक्सनले आफ्नी पत्नीको सम्झनामा रोपेका थिए। यो रुख अमेरिकी इतिहासमा विशेष महत्त्व राख्छ। उक्त रुखको फेदमा कयौं ऐतिहासिक आयोजना भएका छन्। सन् १८२८ देखि १९८८ सम्म अमेरिकी २० डलरको नोटमा सोही रुख छापिएको थियो।

तर विज्ञहरूले अहिले उक्त रुखको अवस्था खराब रहेको र त्यसबाट असुरक्षा रहेको जनाएका छन्। अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पले उक्त रुसको ठुलो हिस्सा हटाउन आदेश दिएकी छिन्।

ह्वाइट हाउसका प्रवक्ता स्टिफन ग्रिसमले भने- 'ट्रम्पले रुख रहेको स्थानलाई जोगाइ राख्ने भएको छ। पछि सोही स्थानमा नयाँ रुख पुन रोप्न सकिनेछ।

मेलानियाले उक्त फैसला सुरक्षालाई ध्यानमा राखेर लिएको स्टिफनले बताए। किनभने उक्त रुखबाट ह्वाइट हाउसमा आउने आगन्तुक र प्रेस सदस्यको सुरक्षामा खतरा रहेको उनले बताए। यो रुख प्राय अमेरिकी राष्ट्रपतिको हेलिकप्टर उडान भर्ने स्थानमा रहेको छ।

मेग्नोलिया रुखले ह्वाइट हाउसमा ३९ राष्ट्रपतिको शासनकाल हेरिसकेको छ। यस अवधिमा अमेरिका २ गृहयुद्ध र २ विश्वयुद्धबाट गुज्रिसकेको छ। पूर्वअमेरिकी राष्ट्रपति क्लिन्टनकी छोरी चेल्सी क्लिन्टनले ट्विट गरी यति वर्षसम्म उक्त रुखको रेखदेख गर्नेहरूलाई धन्यवाद दिएकी छिन्।

# दक्षिण कोरियाली राष्ट्रपतिद्वारा सम्झौता रद्द



## सम्झौता असफल

सोल, (एजेन्सी)

दक्षिण कोरियाको विदेश मन्त्रालयले सन् २०१५ मा दोस्रो विश्वयुद्धकालीन यौनदासीहरूलाई क्षतिपूर्ति दिने सम्बन्धमा जापानसँग भएको सम्झौताले ती पीडितहरूको आवश्यकतालाई सम्बोधन गर्न असफल भएको जनाएको छ। उक्त मन्त्रालयले गठन गरेको एक आयोगले सम्झौताले जीवित यौनदासीहरूको विचारलाई प्राथमिकता दिन नसकेको बताएको छ।

जापानसँगको दशकौं लामो कूटनीतिक विवादको अन्त्यका लागि दक्षिण कोरियाको यसअघिको सरकारले उक्त सम्झौतामा हस्ताक्षर गरेको थियो।

दक्षिण कोरियाली अभियन्ताहरूले दोस्रो विश्वयुद्धको दौरान जापानी सेनाले करिब २ लाख महिलालाई देह व्यापार गर्न बाध्य पारेको बताउँछन्।

दक्षिण कोरिका राष्ट्रपति मून जाउ -इनले बिहीबार उक्त सम्झौता काम नलाग्ने भन्दै औपचारिक रूपमा रद्द गरिएको जानकारी दिएकाले जापान र दक्षिण कोरियाबीचको कूटनीतिक सम्बन्ध चिसिने सम्भावना बढेको छ। सरकारी समाचार निकाय योन्हापले यस सम्झौताले कुनै पनि हालतमा ती हजारौं यौनदासीहरूको माग सम्बोधन हुन नसक्ने देखकाले राष्ट्रपति मूले आफ्नो अधिकार प्रयोग गरी त्यसलाई रद्द गर्ने निर्णय गरेको जनाएको छ।

जापानी प्रधानमन्त्री सिन्जो आबे र तत्कालीन दक्षिण कोरियाली राष्ट्रपति पार्क गेयुन ह्येले हस्ताक्षर गरेको सो सम्झातामुताबिक जापानले पीडितहरूसँग क्षमायाचना गर्दै बाँचिरहेका पीडित महिलाको सहयोगका लागि ८८ लाख अमेरिकी डलरको कोष खडा गरिदिएको थियो।

# राजकुमार ह्यारीद्वारा ओबामाको अन्तर्वार्ता

वासिंगटन, (एजेन्सी)

गत जनवरीमा पदबाट बाहिरिए यता दुर्लभ अन्तर्वार्ता दिन `क्रममा अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले सामाजिक सञ्जालको गैरजिम्मेवारीपूर्ण प्रयोग विरुद्ध चेतावनी दिएका छन्। उनले यस्तो कार्यको कारण जटिल विषयहरूमा मानिसहरूको बुझाइलाई बंग्याउँदै गलत सूचना प्रसार गरिरहेको चेतावनी दिएका छन्।

बेलायतका राजकुमार ह्यारीद्वारा बीबीसी रेडियोको फोज टुडे प्रोग्राममा सोधिएको प्रश्नको जवाफमा आबामाले भनेका छन् ,'नेतृत्वमा रहने हामी सबैले इन्टरनेटमा साझा स्थान पुनर्निर्माण गर्ने उपायहरू खोनुपर्छ।' बेलायतको राजगद्दिको उत्तराधिकारीको बरियताको पाँचौं स्थानमा रहेका ह्यारीले उक्त प्रोग्राममा क्रिसमसको दौरान अतिथि सम्पादक बनाइएका थुप्रै महत्त्वपूर्ण व्यक्तित्वमध्ये एक रहेका थिए।

पूर्वराष्ट्रपति आबामाले भविष्यमा मानिसहरू सत्यतथ्यबाट विमुख भई आफ्नै विचार जबर्जस्ती लादिएका कुराहरू मात्र पढ्न र सुन्न पाउने भन्दै चिन्ता व्यक्त गरेका छन्। उनले भनेका छन्,'इन्टरनेटका खतराहरूमध्ये एक भनेको मानिसहरूले पूर्णत: फरक वास्तविकता पाउने हुन्। '

ओबामापछिका राष्ट्रपति डोनाल्ड ट्रम्प निकै ट्विटर चलाउने व्यक्ति हुन्। तर ओबामाले उनको नाम तोकेका छैनन्। ट्रम्पलाई चाहिनेभन्दा बढी ट्विटर प्रयोग गर्ने गरेको र आफूले प्रत्यक्ष रूपमा अमेरिकी जनतासँग सम्पर्क राख्न सक्ने भएपनि उनले थोरै व्यक्तिलाई मात्र फलो गर्ने गरेको आरोप लगाइएको छ।

सो प्रोग्राममा ह्यारी आफैंको पनि अन्तर्वार्ता लिइएको छ। उनले भनेका छन्- 'मैले धेरैको अन्तर्वार्ता लिएको छैन। तर रमाइलै लाग्यो। विशेष गरी राष्ट्रपति आबामाको अन्तर्वार्ता रमाइलो लाग्यो। हुन त उनले मेरो अन्तर्वार्ता लिन चाहेका थिए।' ह्यारीको प्रोग्राम सशस्त्र फौज, मानसिक स्वास्थ, युवा अपराध र जलवायु परिवर्तनजस्ता विषमा केन्द्रित रहेको थियो।



# हजुरआमा मृत्युदण्डबाट जोगिइन्



क्वालालम्पुर, (एजेन्सी)

लागूऔषध ओसारप्रसारको मुद्दाबाट सफाइ पाएपछि १ जना अष्ट्रेलियाली हजुरआमा मृत्युदण्डबाट बचेकी छिन्। मारिया एल्भिरा पिन्टो एक्पोस्टो नामक ती महिलालाई सन् २०१४ को डिसेम्बरमा क्वालालम्पुर विमानस्थलमा १ दशमलव १ किलोग्राम क्रिस्टल मेथाम्फेटामाइनरहित प्रहरीले पक्राउ गरेको थियो।

अदालतले उनले आफ्नो झोलामा लागूऔषध छ भन्ने थाहा नै नभएको भनी दिएको बयानलाई विश्वास गर्दै सो फैसला गरेको हो। उनका वकिलले मारिया अनलाइन रोमान्समा फसेपछि उनलाई षड्यन्त्रपूर्वक लागूऔषध बोकाइएको दाबी गरेका थिए। मलेसियाको प्रचलित कानुनमा लागूऔषध कारोबारीलाई झुण्ड्याएर मृत्युदण्ड दिइने व्यवस्था गरिएको छ।

साथमा कम्तिमा ५० ग्राम क्रिस्टल मेथ बोकने जो केहीलाई कारोबारीको दर्जा दिइने प्रावधान छ। सजायँ मुक्त हुनासाथ निकै भाविह्ल भएर ३ नातीका बज्यै मारियाले आफ्नो छोरालाई अंकमाल गरेकी थिइन्।

क्वालालम्पुर नजिकको शाह आलमस्थित अदालतबाट हिंडने क्रममा उनले छुट्न पुगेकोमा आफू निकै खुशी भएको बताएकी छिन्। चीनको संघाइबाट मेलवर्नमा आउने क्रममा ती ५४ वर्षीया मारिया पक्राउमा परेकी थिइन्।

उनका वकिलहरूले उनी अनलाइनमा भेटेका आफूलाई अमेरिकी सैनिक बताउने क्याप्टेन ड्यानियल स्मिथ नामक व्यक्तिलाई भेट्न चीन पुगेको तर उनलाई ती व्यक्तिलाई भेट्न नपाएको बर कुनै अपरिचित व्यक्तिले उनलाई मेलवर्नसम्म एउटा झोला बोकिदिन अनुरोध गरेको बताएका छन्।

{ नेपालगन्ज विमानस्थलको प्रवेशद्वारदेखि राँझाचोकसम्म पूर्वराजा ज्ञानेन्द्रलाई स्वागत गर्न मानिसहरू लाइन बसेका थिए। 'हाम्रो राजा हाम्रो देश, प्राणभन्दा प्यारो छ, राजा आउ देश बचाऊ' लगायतका नाराले विमानस्थल घन्किएको थियो।

# निर्वाचन आयोगलाई एमालेको ध्यानाकर्षण

## प्रदेशसभामा समानुपातिकमा जाने ७५ जनाको सूचीको टुंगो लगायो

पुष्कर बुढाथोकी, भक्तपुर

नेकपा एमालेले छिटोभन्दा छिटो समानुपातिकतर्फको निर्वाचन परिणाम सार्वजनिक गर्न निर्वाचन आयोगको ध्यानाकर्षण गराएको छ। आज बालकोटस्थित एमाले अध्यक्ष केपी शर्मा ओलीको निवासमा उहाँकै अध्यक्षतामा बसेको स्थायी कमिटी बैठकले निर्वाचन परिणाम सार्वजनिक गरी सरकार निर्माणको प्रकृया सहज गराउन आयोगको ध्यानाकर्षण गराउने निर्णय गरेको एमाले सचिव तथा प्रचार विभाग प्रमुख योगेश भट्टराईले बताउनुभयो।

समानुपातिकतर्फको निर्वाचन परिणाम घोषणा नहुनु दुखद भएको ठहर गर्दै बैठकले यसकै कारण सरकार निर्माणमा अन्योल गराएको प्रति निर्वाचन आगोगको ध्यानाकर्षण गराएको उहाँले बताउनुभयो। यसका लागि निर्वाचन आयोगसमक्ष पार्टी प्रतिनिधि मण्डलले कुरा गर्ने बैठकले निर्णय गरेको छ।

नयाँ सरकार निर्माण, माओवादी केन्द्रसँगको पार्टी एकता र राष्ट्रियसभा गठनका विषयमा पार्टी एकता संयोजन समितिको बैठक छिट्टै बसी टुंग्याउने बारे बैठकमा छलफल भएको छ। बैठकपछि संचारकर्मीसँग कुरा गर्दै सचिव भट्टराईले भन्नुभयो, छिट्टै नेकपा एमाले र माओवादीबीच पार्टी एकता हुन्छ, यस क्रममा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग सकारात्मक कुराकानी भएको बारे अध्यक्ष ओलीले बैठकमा जानकारी गराउनुभएको छ।

उहाँले पार्टी एकता संयोजन समितिको बैठक भोलि या पर्सि बसेर एकता प्रकृयाका अरू सांगठनिक र राजनैतिक नेतृत्व व्यवस्थापनलगायतका कुरा छलफल गरी टुंगो लगाउने विश्वास व्यक्त गर्नुभयो।

बैठकले प्रदेशसभामा पार्टीका तर्फबाट समानुपातिकमा जाने ७५ जनाको सूचीको अन्तिम टुंगो लगाएको छ र सो सूची भोलि निर्वाचन आयोगमा बुझाउने बताउँदै सचिव भट्टराईले एमालेको प्रदेशसभामा प्रत्यक्षबाट १६८ जना र समानुपातिकतर्फबाट ७५ जना गरी २४३ जना सदस्यले प्रदेशसभामा प्रतिनिधित्व गर्ने बताउनुभयो।

दिउँसो डेढ बजेदेखि करिब ५ घण्टासम्म चलेको बैठकमा अध्यक्ष ओली, वरिष्ठ नेता झलनाथ खनाल, माधव नेपाल, उपाध्यक्ष वामदेव गौतम, भीम रावल, महासचिव ईश्वर पोखरेल, सचिव प्रदिप ज्ञवालीलगायत अधिकांश स्थायी कमिटिका नेताहरूको सहभागिता रहेको थियो।

## प्रदेशसभाका ७५ समानुपातिक सांसदहरूको सूची

काठमाडौं, (नेस)

नेकपा एमालेले प्रदेशसभाका ७५ जना समानुपातिक सांसदहरुको टुंगो लगाएको छ। बिहीबार बसेको पार्टी स्थायी कमिटीको बैठकले प्रदेशसभा सदस्य निर्वाचनअर्न्तगत समानुपातिकतर्फका सांसदहरुको टुंगो लगाएको हो।

**प्रदेश नं. १**
१. विनादेवी राई
२. सावित्री जोशी
३. उषाकला राई
४. कृष्णकुमारी राई
५. पदमकुमारी गुरुङ
६. होम कुमारी साँवा
७. आशारत्न जबेगु
८. यशोदा अधिकारी
९. अम्बिका थापा
१०. सरिता थापा
११. सावित्रा कुमारी रेग्मी
१२. सुनिता कुमारी चौधरी
१३. जसमाया गजमेर (विश्वकर्मा)
१४. वसन्ती देवी यादव
१५. गुलेफुन मियाँ

**प्रदेश नं. २**
१. सीता गुरुङ
२. रविन्द्र बैठा धोवी
३. डा. मनोजकुमार सिंह
४. जकतारैनदेवी सुडिन साह
५. अनिताकुमारी यादव
६. मञ्जुकुमारी यादव
७. हसिमा खातुन

**प्रदेश नं. ३**
१. बेलिमैया घले
२. जुनेलीमाया श्रेष्ठ
३. सरस्वती बाटी
४. शान्ति थिङ
५. देवकी श्रेष्ठ (बान्तवा)
६. इन्द्रमाया गुरुङ
७. सीता लामा
८. आशमाया तामाङ
९. उर्मिला कर्माचार्य
१०. रचना खड्का
११. मुनु सिग्देल
१२. सरस्वती बस्नेत
१३. गोमा भूर्तेल
१४. मिना ज्ञवाली (नेपाल)
१५. पार्वती सिलवाल
१६. मैना अछामी सार्की

**प्रदेश नं. ४**
१. चन्द्रमोहन गौचन
२. मित्रकुमारी गुरुङ सुवेदी
३. सावित्रा राना
४. मिना गुरुङ
५. मायानाथ अधिकारी
६. सृजना शर्मा
७. प्रभा कोइराला
८. पुष्पा केसी भण्डारी
९. लक्ष्मी सुनार
१०. जुनादेवी नेपाली

**प्रदेश नं. ५**
१. रमा घर्ती
२. थानकुमारी थापा चापागाइँ
३. विमला शर्मा पन्थी
४. सरस्वती गौतम
५. जालपा भुसाल
६. भगवतीदेवी भण्डारी
७. कृष्णी थारु
८. धमकली चौधरी
९. कमलादेवी विक
१०. ढाँटी सुनार भन्ने आशा स्वर्णकार
११. सुनिताकुमारी ठठेर
१२. चिन्तावती कुर्मी
१३. फौजिया नसिम

**प्रदेश नं् ६**
१. मिनासिंह रखाल
२. बदमी क्वारी बोहोरा
३. पद्मा खड्का
४. देवी ओली
५. कौशिलावती खत्री
६. राजु नेपाली

**प्रदेश नं. ७**
१. माया भट्ट
२. मनाकुमारी साउद
३. पूर्णा जोशी
४. माया तामाङ बोहरा
५. सुशीला बुढाथोकी
६. चुनकुमारी चौधरी
७. अर्चना गहतराज
८. दुर्गा विक

### जाँदाजाँदै...

यस्तै मिर्गौलाका बिरामीका लागि निःशुल्क डायलाइसिस र प्रत्यारोपण गर्नुपरेमा प्रत्यारोपण गर्ने अस्पताललाई ४ लाख र बिरामीलाई प्रत्यारोपणअगाडि परीक्षणका लागि ५० हजार र प्रत्यारोपणपछि औषधि उपचारका लागि १ लाख रूपियाँ उपलब्ध गराउँदै आएको छ।

बैठकले डा. पुष्पा चौधरीलाई स्वास्थ्य मन्त्रालयको सचिवमा नियुक्त गर्ने निर्णय गरेको छ। त्यस्तै रानीपोखरी पुनर्निर्माणमा देखिएको विवाद समाधानका लागि पुरातत्त्व विभागले स्वीकृत गरेको मल्लकालीन शैली (मापदण्ड) बमोजिम नै निर्माण गर्न निर्देशन दिने निर्णय गरेको सञ्चार मन्त्री बस्नेतले बताउनुभयो।

बैठकले व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको प्रथम चरणको असल अभ्यासलाई संस्थागतरूपमा सञ्चालन गर्दै यसलाई थप सुदृढ र प्रभावकारी बनाउने उद्देश्यले विश्व बैंकले दोस्रो चरणका लागि दिने ६ अर्ब २१ करोड ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

### मन्त्रिपरिषद्...

उपप्रधानमन्त्री थापाले मन्त्री गिरीले सचिव परिवर्तन गर्ने प्रस्ताव गर्नासाथ आपत्ति जनाउँदै यदि काम गर्न नसक्ने हो भने मन्त्री पदबाट राजीनामा दिने निर्देशन दिनुभएको थियो। एक मन्त्रीले थापाको भनाइ उद्धृत गर्दै भन्नुभयो- 'शहरी विकास मन्त्रालयका सचिव परिवर्तन हुँदैन, काम गर्न नसक्ने हो भने राजीनामा गर्नु हो, म अहिले नै स्वीकृत गरिदिन्छु।'

मन्त्री गिरीले आफूले मन्त्रीको हैसियतमा गर्न पाउनुपर्ने काम गर्न किन नपाउने भन्दै मन्त्री थापालाई प्रश्न गर्नुभएको थियो। मन्त्री गिरीको भनाइ उद्धृत गर्दै ती मन्त्रीले भने- 'सचिव रक्सी खाएर कार्यालय नै आउँदैनन्, मैले भनेकै मान्दैनन्, यस्तो पनि हुन्छ, काम नगर्ने सचिवलाई परिवर्तन गर्न पनि नपाउनु ?' सचिवहरूले सहयोग गरेको विषयमा छलफल हुँदा थापाले हस्तक्षप गर्दै शहरी विकासमन्त्री गिरीलाई असयोग गरेको विषय मन्त्रीपरिषद्मा ल्याउन नहुने भन्दै धम्की दिनुभएको थियो।

बैठकमा सचिवहरूलाई मुख्य सचिवले असहयोग गर्न निर्देशन दिएको भन्दै मुख्य सचिवको कार्यशैलीप्रति पनि मन्त्रीहरूको प्रश्न उठाएका थिए। यस बारेमा शहरी विकास मन्त्री दिलानाथ गिरीसँग सम्पर्क गर्दा मन्त्रीपरिषद्को बैठकको बारेमा आफूले कुनै प्रतिक्रिया नदिने बताउनुभयो।

### प्रदेशसभा...

ती सिटमा राजनीतिक दलले निर्वाचित हुने उम्मेदवारको नाम आयोगलाई सिफारिस गर्नुपर्छ।

आयोगमा दलहरूले बुझाएको बन्दसूचीबाट ३३ प्रतिशतसमेत पुर्‍याउनुपर्छ। प्रदेश सभा निर्वाचन ऐन दफा ६० को उपदफा ६ मा समानुपातिकतर्फको निर्वाचित हुनेको टुङ्गो लगाउँदा यथासम्भव दलित, आदिवासी जनजाति, खस, आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय तथा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी गराउनुपर्ने प्रावधान छ।

दलले प्राप्त गरेको सिट संख्याको आधारमा महिला तथा अन्य समावेशी समूह एवं अल्पसंख्यक समुदाय तथा पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गराउनुपर्ने संख्या समेत आयोगले निर्धारण गरेको थियो। महिलाको संख्या निर्धारण गर्दा त्यस्तो दलको तर्फबाट सम्बन्धित प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट प्रतिनिधित्व गर्ने कुल सदस्य संख्याको कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी निर्धारण गरिएको छ।

राजनीतिक दलहरूले प्रदेशसभा सदस्यको नाम बुझाएपछि आयोगले त्यसलाई सच्याउन ३ दिनको समय दिनेछ। दलले पेस गरेको उम्मेदवारको नामावलीको सूची प्राप्त भएपछि आयोगले सो सूचीमा नाम समावेश भएका उम्मेदवार निर्वाचित भएको घोषणा गर्नेछ। निर्देशिकाको दफा ३२ बमोजिमको मत परिणाम विभाजक सूत्रबमोजिम गणना गरी निर्वाचित उम्मेदवार घोषणा गरिनेछ। निर्वाचित भएको उम्मेदवारको नाम आयोगले प्रदेश प्रमुखसमक्ष पठाइ सो नामावली नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने उल्लेख छ। आयोगले विजयी उम्मेदवारको सूची प्रमुखलाई बुझाउने व्यवस्था रहेको छ।

### ओली...

आफूले भनेजस्तो यो अध्यादेश पास गराउन सकिए आफ्ना केही मान्छेलाई अझै राष्ट्रियसभामा लान पाउने, प्रदेश प्रमुख बनाउन सकिने देउवाको लोभ देखिन्छ भने पुष्पकमल दाहाललाई चाँडै सरकार बनाउनुभन्दा पहिले कांग्रेसलाई देखाएर भावी सरकार र एकीकरणपछि बन्ने पार्टीमा आफ्नो स्थान सुनिश्चित बनाउने दाउ पहिलो प्राथमिकतामा परेको छ।

यता आफ्नै पार्टीका सहयोगी राष्ट्रपति भएका बेलामा यो अध्यादेश सजिलै पास नहुने कुरामा केपी ओली ढुक्क देखिन्छन्। पछिल्लो घटनाक्रमलाई हेर्दा आफ्नै नेतृत्वमा चुनाव लडेको पार्टीलाई पहिलो दल बनाउन सकेकोमा मख्ख परेका ओली राजनीतिक स्थायित्वमा भन्दा कुन दललाई आफ्नो नजिक बनाएर सरकारमा जान सकिन्छ भन्ने दाउमा अलमलिरहेको देखिन्छ। नेताहरूको यो नौटंकी देख्दा अहिले पनि नेपालका कुनै पनि राजनीतिक दल देश र जनताप्रति जिम्मेवार हुने देखिएनन्। एउटा पक्षलाई एकल संक्रमणीय हुँदा फाइदा हुने र अर्को पक्षलाई बहुमतीय हुँदा फाइदा हुने खेलमै दलहरू तल्लीन छन्।

चुनावअघि वाम गठबन्धनको स्थिर सरकार र आर्थिक समृद्धिको प्रतिबद्धतालाई हेरेर मात्र कांग्रेसलाई जनताले पराजित गरेका होइनन्। चुनावको मुखैमा प्राणभन्दा प्यारो आफ्नो एक मात्र सुपुत्र प्रकाश दाहालको अप्रत्यासित निधनले पुत्र वियोगमा परेको पिता पुष्पकमल दाहाल 'प्रचण्ड' र दयावान् दानवीरको अंग पाएर पुनर्जीवन जिइरहेका केपी ओलीले नेतृत्व गरेको पार्टीलाई बहुमतमा ल्याउन सकिए यी दुवै नेताले चुनावपछि आफ्नो सम्पूर्ण ध्यान विनालोभलालच देश र जनताप्रति केन्द्रित गर्ने अपेक्षा राखेर पनि भावुक नेपाली जनताले यी दुई दललाई बहुमत दिएका हुन्। जनताले दिएको यो अभिमत र भावनाको कदर गर्दै यी दुवै नेताले अनिर्णयको बन्दी बनिरहेको मुलुकको गाँठो फुकाउँदै आफ्ना सबै व्यक्तिगत स्वार्थ त्यागेर वाम गठबन्धनको बेला गरेका प्रतिबद्धता पूरा गर्न सके नेपालको इतिहासमा यी दुवै नेतालाई राजनेता बन्नबाट कसैले पनि रोक्न सक्तैन।

### दल...

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भइसकेको र राष्ट्रियसभा सदस्यको निर्वाचन सम्पन्न गरी संघीय संसद्को निर्माण गर्ने क्रममा निकट भविष्यमा नै हुन गइरहेको राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगले दलहरूलाई दल दर्ताका लागि आह्वान गरेको हो।

# पूर्वराजा नेपालगन्जमा



कुमार श्रेष्ठ, बाँके

पूर्वराजा ज्ञानेन्द्र शाह पश्चिम नेपालको भ्रमणमा निस्किनुभएको छ। अपरान्ह ५ बजे पूर्वराजेन्द्र सपरिवार नेपालगन्ज विमानस्थलमा उत्रिँदा ठूलो संख्यामा पूर्वराजाका समर्थकहरूले बाजागाजा र नाराबाजी गरेका थिए।

नेपालगन्ज विमानस्थलको प्रवेशद्वारदेखि राँझाचोकसम्म पूर्वराजा ज्ञानेन्द्रलाई स्वागत गर्न मानिसहरू लाइन बसेका थिए। 'हाम्रो राजा हाम्रो देश, प्राणभन्दा प्यारो छ, राजा आउ देश बचाऊ' लगायतका नाराले विमानस्थल घन्किएको थियो।

स्थानीय सोल्टी होटलको उद्घाटन गर्न पूर्वराजा ज्ञानेन्द्र, पूर्वबडामहारानी कोमल, पूर्वयुवराज्ञी हिमानीलगायतको टोली नेपालगन्ज आइपुगेको हो। नेपालगन्ज विमानस्थलबाट पूर्वराजपरिवार सिधै सोल्टी होटल पुगेको थियो।

समर्थकलाई व्यवस्थापन गर्न सुरक्षाकर्मीलाई हम्मेहम्मे भइरहेका बेलामा विमानस्थलमा पुगेका पत्रकारसँग पूर्वराजा शाहले नेपालगन्ज आउँदा धेरै खुसी लागेको प्रतिक्रिया दिनुभयो। पूर्वराजपरिवारको स्वागतका लागि नेपालगन्जमा नेपाल विद्युत परिषद्का केन्द्रीय उपाध्यक्ष अधिवक्ता दिपकबहादुर सिंहको संयोजकत्वमा २ सय १ सदस्यीय स्वागत मूल समारोह समिति गठन गरिएको छ। विद्युत परिषद्का उपाध्यक्ष सिंहका अनुसार, पूर्वराज परिवार २ सातासम्म मध्य र सुदूरपश्चिमका विभिन्न जिल्लाको भ्रमण गर्नुहुनेछ। नेपालगन्जको बागेश्वरी मन्दिर, नेपाल भारत सीमा जमुनाहामा रहेको हनुमान मन्दिरमा पूजा गर्ने कार्यक्रम रहेको छ। त्यस्तै, बर्दियाको गुलरिया, दाङ, सुर्खेत र धनगढी जाने कार्यक्रम रहेको छ।

पश्चिम नेपालको बसाइमा पूर्वराजा शाहले विभिन्न व्यक्तित्वहरूलाई भेटघाट गर्ने सिंहले जानकारी दिनुभयो।

### बैंकहरु...

यस्तै ग्लोबल आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौडेलले सर्वोच्चको निर्णयसँगै बैंकहरूमा तरलताको अभाव हुने आभास भएको बताउनुभयो। यहाँ कर्जाको दर बढ्नुमा फियर फ्याक्टरले काम गरेको देखिने भए पनि तरलता संकट कम गर्न सम्बन्धित निकायले तदारुकता नदेखाउँदा यस्तो अवस्था खेप्नुपरेको उहाँको भनाइ छ। पौडेलले भन्नुभयो- 'अहिले निर्यात लगभग शून्य तथा विप्रेषण वृद्धिदर नकारात्मक रहेको अवस्थामा बजारमा तरलता सिर्जना कम हुँदै गएको छ। रकम सरकारको ढुकुटीमा बस्ने तथा निक्षेपको सृजना हुन नसक्दा कर्जा प्रवाह पनि असर पर्ने देखिएको छ। तसर्थ, साना तथा मझौला उद्योग प्रभावित हुने देखिन्छ।'

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीका अनुसार हाल राष्ट्र बैंकसँग ११ खर्ब रुपियाँको विदेशी मुद्रा सञ्चिति छ। यस हिसाबले राष्ट्रिय ढुकुटी विदेशी मुद्रामा हुने आयात ११ महिनालाई थेग्न सक्छ। क्षेत्रीले भन्नुभयो- 'एनसेललको लाभांशको विषयले विदेशी मुद्रा सञ्चितिमा दबाब दिन्छ भने आयात प्रभावित हुने देखिन्छ। यसको अर्थ दैनिक उपभोग्य वस्तु, निर्माण सामग्रीको आयात घट्छ र विकास निर्माणको काममा पनि असर गर्न सक्छ।'

उहाँका अनुसार हाल 'ब्यालेन्स अफ पेमेन्ट'मा २ अर्ब रुपियाँ नाफा रहेको छ। अघिल्लो वर्षको यही समयमा २९ अर्ब रुपियाँ नाफा रहेको थियो। उहाँले भन्नुभयो- 'तर अझै पनि चालू खातामा भने घाटा छ। चालू खाता घाटामा हुनु भनेको अर्थतन्त्र कमजोर हुनु हो। तरलताको असर थपियो भने अर्थतन्त्र थप प्रभावित हुन सक्छ।'

त्यस्तै अर्का पूर्वगभर्नर डा. युवराज खतिवडा उत्पादनमूलक क्षेत्रमा लगानी बढेका कारण तरलता भएको हो भने त्यसलाई सकारात्मक मान्नुपर्ने बताउनुहुन्छ। तरलता न्यूनीकरणको मुद्दा पैसामा होइन, यो सुशासनको सूचक पनि हो। यस्ता समस्या समाधान गर्ने दीर्घकालीन विकल्प खोजिनुपर्ने उहाँको भनाइ छ। खतिवडाले भन्नुभयो- 'आर्थिक लगानीको वातावरण सुध्रिँदै जाँदा तरलताको कुरा आउन सक्छ। तसर्थ, उत्पादनमूलक क्षेत्रमा लगानी बढ्नुपर्छ। स्वदेशी लगानी पर्याप्त हुँदैन भने विदेशी लगानी भित्र्याउनुपर्छ।'


Government of Nepal
Ministry of Home Affairs
**District Police Office**
Khotang, Diktel

**Invitation for Re-Bids**

**Date of publication 2074/09/14**

1. **District Police Office, Khotang invites** electronic bid from eligible and interested bidders for the following works under National Competitive Bidding Procedures. Eligible bidders having the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years and Minimum Work experience of similar size and nature: At least two having the value mentioned in Table below.

| Contract Number | Description of Works | Similar Nature Work Experience & Cash Flow | Average Annual Turn Over | Fee for Bids(Rs) | Bid Security (Rs) |
|---|---|---|---|---|---|
| N1SP/KHO-REG/074-75 | Construction of Barrack, Mess, Toilet Block, Septic Tank and Soak pit | 32,000,000.00 & 99,00,000.00 | 60,000,000.00 | 5,000.00 | 830,000.00 |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portal as specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account as below within the date and time specified.

| Office Code | Rajaswa Shrishak No. | Office Account No. | Cash Deposit for Bid Security | Name of the Bank |
|---|---|---|---|---|
| 12-314-02 | 14227 | Ka-1-1-001 | Dharauti Khata No:206020300000 (Ko. Le. Ni. Ka., Diktel) | Rastriya Banijya Bank, Khotang,Diktel |

3. The last Bid Purchase Date is **2074/09/28** within Office Hour.
4. Electronic bids must be submitted at **District Police Office, Khotang** through PPMO websites on or before **12:00 Hours** on **2074/09/30**.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hours** on **2074/09/30** at the **District Police Office Khotang.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a **bid security** or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of above mentioned amount, which shall be valid for 30 days beyond the validity period of the bid after deadline of Bid Submission.
6. Bid Security Guarantee must be in the format prescribed in the bid document.
7. Any amendment in this tender notice shall be pasted on the notice board of the **District Police Office Khotang** and the website.
8. Other things not included in bidding documents will be as per Public Procurement (1st Amended) Act 2073 and PPR 2064 (5th Amended 2073 BS).
9. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever. **Note:** Please refer to the complete set of bidding documents from the PPMO Websites for **pre-bid meeting** and for further information.



**भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय,** बुढानीलकण्ठ, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति : २०७४/०९/१४**

यस कार्यालयको शिलवन्दी बोलपत्र नं. **Gon/vsdao/NCB 1-074/075**, बुढानीलकण्ठ काठमाडौं स्थित भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयको **Construction of Lab Animal Experimental Building Works** का लागि यस कार्यालयमा दर्ता हुन आएका बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) बमोजिम उक्त कार्यका लागि सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रदाता श्री साकुरा निर्माण सेवा प्रा.लि., का.म.न.पा.-३, काठमाडौंले कबोल गरेको रकम रु. ५३,३६,८३५।०३ (अक्षरेपी त्रिपन्न लाख छत्तीस हजार आठसय पैंतीस रुपैयाँ र पैसा तीन) (मू.अ.कर बाहेक) को बोलपत्र सोही ऐनको दफा २७ को उपदफा १ बमोजिम स्वीकृतिको लागि मिति २०७४/०९/९ को निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कार्यालय प्रमुख**



# अर्थ

2017, DEC Friday 29

मुलुक नवनिर्माण तथा पुनर्निर्माणको महत्वपूर्ण चरणबाट गुज्रिरहेको वर्तमान अवस्थामा निर्माण व्यवसायीहरूलाई मारमा पर्ने गरी भइरहेका यस प्रकारका सबै गतिविधि तत्काल अन्त्य गरी पूर्ण विकास निर्माण र निर्माण व्यवसायीमैत्री वातावरण सिर्जना गरिदिनका लागि महासंघले सरोकारवाला सबै समक्ष आग्रह गरेको छ।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



## JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।



## संस्थाको २४औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

शेयरधनी महानुभावहरु,
यस संस्थाको संचालक समितिको मिति २०७४/०९/१३ मा बसेको ३२९ औं बैठकको निर्णय अनुसार निम्नलिखित मिति, स्थान तथा समयमा २४औं वार्षिक साधारणसभा बस्ने भएकोले सबै सदस्य महानुभावहरुको उपस्थितिका लागि निर्देशानुसार हार्दिक अनुरोध गर्दछु । आवश्यक छलफल सम्बन्धित पुस्तिका तहाँहरुलाई पठाइने छ । सो उपलब्ध नभएको खण्डमा पनि यसै सूचनालाई आधार मानी उपस्थित भै दिनु हुन अनुरोध छ ।

**छलफलका विषयहरु :-**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२. लेखा समितिका तर्फबाट लेखा समितिका संयोजक ज्यूको प्रतिवेदन ।
३. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.ब. ०७३/७४ को वासलात तथा नाफा नोक्सान हिसाबको विवरण ।
४. कोषहरुको अनुमोदन गर्ने बारे ।
५. आ.ब. ०७४/०७५ का लागि लेखा परीक्षकको नियुक्ति र नीजको पारिश्रमिक निर्धारण गर्ने ।
६. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरु र संचालकहरुका तर्फबाट प्रतिनिधि नियुक्ति गर्ने बारे ।
७. विविध
क. संचालक तथा लेखा समितिको बैठक भत्ता निर्धारण गर्ने बारे ।

**मिति, स्थान र समय :**
मिति : २०७४ पुस २९ गते शनिबार
स्थान : सहकारी प्रशिक्षण केन्द्र,बानेश्वर,काठमाण्डौं ।
समय : दिनको २:०० बजेबाट उपस्थिति
दिनको २:१५ बजे कार्यक्रम सुरु हुने ।

**संचालक समिति**
**सचिव**

**नेपाल सहकारी वित्तीय संस्था लि.**
(नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त)
केन्द्रिय कार्यालय भवन : बानेश्वर, देवकोटा मार्ग-६४५, काठमाडौं,
बानेश्वरः फोन नं.४४६५८४६, ४४६४८८५, भोटाहीटीः फोन नं.४२५४५६५, ४२४००७०


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ पुस १४, डिसेम्बर २९, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको


| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।२३ | १०२।८३ |
| युरो १ को रू. | १२१।९६ | १२२।६७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३७।३५ | १३८।१६ |
| स्विस फ्रन्क १ को रू. | १०४।३० | १०४।९१ |
| अस्ट्रलियन डलर १ को रू. | ७९।५७ | ८०।०४ |
| क्यानाडियन डलर १ को रू. | ८१।०५ | ८१।५३ |
| सिङ्गापुर डलर १ को रू. | ७६।४१ | ७६।८६ |
| जापानी यन १० को रू. | ९।०६ | ९।११ |
| चिनियाँ युआन १ को रू. | १५।६४ | १५।७३ |
| साउदी अरब रियाल १ को रू. | २७।२६ | २७।४२ |
| कतारी रियाल १ को रू. | २८।०८ | २८।२४ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।१३ | ३।१५ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८३ | २८।०० |
| मलसियन रिङ्गिट १ को रू. | २५।१४ | २५।२९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५६ | ९।६२ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३९ |
| डेनिस क्रानर १ का रू. | १६।३८ |
| हङकङ डलर १ का रू. | १३।०८ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।




## जर्ज फिस्चरका नयाँ उत्पादन बजारमा

काठमाडौं, (नेस)

जर्ज फिस्चरले आफ्नो उत्पादनको नयाँ संस्करण नेपालमा सार्वजनिक गरेको छ। आधिकारिक बितरक सञ्चेती ट्रेड लिंकमार्फत जर्ज फिस्चरले नयाँ रेञ्जको उत्पादन नेपालमा भित्र्याएको हो।

जर्ज फिस्चर पाइपिङ प्रणाली इलेक्ट्रोफ्यूजन पीई १०० फिटिङ्सको बृहत् रेञ्ज, मेयरमेन्ट इन्स्टुमेन्ट्स र थुप्रै प्रोडक्टहरूमा एउटा नमुना हो। पानी तथा ग्यासको सुरक्षित प्रवाहका लागि यो उत्कृष्ट उत्पादन हो। जर्ज फिस्चरका युटिलिटी हेड केतन शाह भन्नुहुन्छ- 'पानीको स्रोत निकै सीमित हुँदै गएको छ। त्यसकारण हामीले सावधानीपूर्वक यस महत्वपूर्ण स्रोतको उपयोग गर्नुपर्छ। पानीको अभावको मुख्य कारण भनेको असमान वितरण र शुद्ध पानीको सीमित आपूर्ति हो। '

जर्ज फिस्चर पाइपिङ सिस्टम्स, थर्मो-प्लास्टिक पाइपिङमार्फत पानीको स्थिर आपूर्तिको पूर्ण समाधान दिने उत्पादक हो। विश्वभर पानी संरक्षणका चुनौतिहरू सम्बोधन गर्न सक्ने र आफ्ना उपभोक्तालाई एकीकृत समाधान तथा सेवा दिनसक्ने एकमात्रै उत्पादक जर्ज फिस्चर हो। सञ्चेती ट्रेड लिंकका पवनकुमार सञ्चेती भन्नुहुन्छ-'जर्ज फिस्चर पाइपिङ सिस्टम्स अहिलेको मागलाई सम्बोधन गर्नसक्ने चुहावटरहित र खियारहित प्लास्टिक पाइप्स, फिटिङ्स र भल्भ्स हो।' उहाँले विगत एक दशकदेखि पानीको प्रयोगका क्षेत्रमा विश्वसनीय समाधानको विकास गर्दै घरायसीदेखि औद्योगिक र ठूला भवनका लागि उपयुक्त प्रविधिहरू उपभोक्तालाई दिने र पानीको स्रोतको प्रभावकारी व्यवस्थापनमा योगदान गर्दै आएको बताउनुभयो।

## डाबर स्कुल इम्युनो च्याम्पको पहिलो चरण सम्पन्न

काठमाडौं (नेस)

डाबर नेपालले काठमाडौं, पोखरा, तथा चितवनका विद्यालयमा आन्तरिक शक्ति (इम्युनिटि) को सन्देश लिएर सञ्चालन गरेको कार्यक्रम 'डाबर स्कुल इम्युनो च्याम्प २०१७' को पहिलो चरणको कार्यक्रम समापन भएको छ। कार्यक्रमको पहिलो चरणमा ८६ विद्यालयका ३५ हजार ८०१ विद्यार्थी संलग्न भएको कम्पनीले जनाएको छ।

डाबर स्कुल इम्युनो च्याम्प २०१७ कार्यक्रमको यो दोस्रो संस्करण हो। यो कार्यक्रममा डाबर नेपालका प्रतिनिधि र पार्टनर अस्पताल वयोधा अस्पतालका प्रतिनिधिहरू विद्यालयहरूमा गई विद्यार्थीको उचाइ र तौल मापन गरिन्छ जसबाट विद्यार्थीको बडी मास इन्डेक्स निकालिन्छ। त्यसै गरी विद्यालयको सफाइ र खानेपानीको सुविधा हेरी प्रतियोगिता सम्पन्न हुन्छ।

डाबर नेपालका बजार व्यवस्थापन प्रमुख अभयप्रसाद गोर्खालीले भन्नुभयो-'डाबर नेपालले प्रमुखरूपमा स्वास्थ्यलाई ध्यानमा राखेको छ। यो जाडो महिनामा साना नानीहरू, विशेष गरी ८ कक्षासम्मका विद्यार्थीहरूको आन्तरिक शक्तिमा कमी आएर साधारण रोगहरू लाग्ने गर्छ। हामीले विद्यालयहरूमा गएर यही सन्देश र आन्तरिक शक्तिको महत्वका बारेमा कुरा गरेका छौं।' यो कार्यक्रमबाट १० वटा विद्यालय विजेता घोषणा हुनेछन्। काठमाडौं पूर्व र भक्तपुर, काठमाडौं पश्चिम, ललितपुर, पोखरा, र चितवनबाट २-२ वटा विद्यालय विजेता घोषणा हुनेछन्।

## मूल्यवृद्धि नियन्त्रण गर्न आग्रह

काठमाडौं, (नेस)

डिजेलसहित सिमेन्ट, डन्डी, गिटी, बालुवालगायतका अत्यावश्यक निर्माण सामग्रीमा मूल्यवृद्धि भएकोप्रति नेपाल निर्माण व्यवसायी महासंघले ध्यानाकर्षण भएको जनाएको छ। निर्माण सामग्रीमा अप्राकृतिक र अप्रत्याशित ढंगले भएको चर्को मूल्यवृद्धिका कारण देशभरका निर्माण कार्य प्रभावित भई लागत समेत बढ्ने भएकाले व्यवसायीहरू ठूलो मारमा परेको महासंघका अध्यक्ष विष्णुभाई श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

देशको अर्थतन्त्रमा नै गम्भीर आघात पुग्ने गरी भएको यस्तो मूल्यवृद्धि अविलम्ब बिना शर्त फिर्ता हुनुपर्ने महासंघको माग छ। महासंघले । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा भएको मूल्य समायोजनको व्यवस्थालाई कडाईका साथ लागू गराई सबै निर्माण कार्यहरूमा निर्माण व्यवसायीले बिना झन्झट नेपाल राष्ट्र बैंकको उपभोक्ता मूल्य सूची बमोजिम मूल्य समायोजनको रकम प्राप्त गर्ने व्यवस्था गरिदिन समेत गरेको छ।

निर्माण समाग्री भारतबाट आयात गर्न र सोको भन्सार छुटको व्यवस्था गरिदिन महासंघले माग गरेको छ।

## गणेशमान सहकारीको साधारणसभा सम्पन्न

ललितपुर, (नेस)

गणेशमान सिंह मेमोरियल स्वास्थ्य सहकारी संस्थाको तेस्रो र चौथो वार्षिक साधारणसभा बिहीबार ललितपुरमा सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन गर्दै खेलकुद राज्यमन्त्री तेजलाल चौधरीले सहकारी माध्यमबाट छरिएको पुँजीलाई एकत्रित गरी जनमुखी कार्य गर्दै आएकोमा सहकारी संस्थाको प्रशंसा गर्नुभयो।

सो अवसरमा संस्थाका अध्यक्ष दीपकप्रकाश बास्कोटाले आम नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न नसकेको र निजी क्षेत्र नाफामुखीका रूपमा परिणत हुँदै गएको सन्दर्भमा स्वास्थ्य सेवालाई सहज तरिकाले उपलब्ध गराउन सहकारीमार्फत् अस्पताल सञ्चालन गरिएको बताउनुभयो।

अध्यक्ष बास्कोटाले सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै सामूहिक पहल र सहकार्यमा स्वास्थ्य सेवा उपलब्ध गराउँदा प्रभावकारी भएको बताउनुभयो।

संस्थाले ललितपुर महानगरपालिका-१५ स्थित महालक्ष्मीस्थानमा १ सय शैयाको गणेशमान सिंह मेमोरियल हस्पिटल एन्ड रिर्सच सेन्टर सञ्चालन गर्दै आएको छ। पूर्व सभासद् रामकृष्ण चित्रकारले समेत बोल्नुभएको सो सभामा लेखा समितिका संयोजक मुकुन्दप्रसाद दाहालले समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो।

## SHARE MARKET

28 DECEMBER THURSDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 9917.00 | 417.00 | 400.00 | 410.00 | -5.00 |
| 2 | Api Power Company Ltd. | 2188.00 | 463.00 | 450.00 | 455.00 | -2.00 |
| 3 | Arun Finance Limited | 1335.00 | 173.00 | 163.00 | 173.00 | 4.00 |
| 4 | Arun Kabeli Power Ltd. | 961.00 | 341.00 | 334.00 | 341.00 | -5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5969.00 | 205.00 | 200.00 | 204.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 4164.00 | 1395.00 | 1360.00 | 1384.00 | 4.00 |
| 7 | Bank of Kathmandu Ltd. | 23512.00 | 410.00 | 397.00 | 402.00 | -3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 1088.00 | 201.00 | 199.00 | 199.00 | 0.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 424.00 | 165.00 | 161.00 | 165.00 | 3.00 |
| 10 | Bhargav Bikash Bank Ltd. Pro. Share | 200.00 | 163.00 | 163.00 | 163.00 | 0.00 |
| 11 | Bishal Bazar Company Limited | 51.00 | 1782.00 | 1750.00 | 1782.00 | 57.00 |
| 12 | Bottlers Nepal (Terai) Limited | 190.00 | 7700.00 | 7690.00 | 7700.00 | -145.00 |
| 13 | Butwal Power Company Limited | 13493.00 | 685.00 | 665.00 | 671.00 | -1.00 |
| 14 | Central Finance Co. Ltd. | 1013.00 | 144.00 | 138.00 | 138.00 | -7.00 |
| 15 | Century Commercial Bank Ltd. | 28388.00 | 205.00 | 200.00 | 203.00 | -2.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 1700.00 | 1040.00 | 1000.00 | 1000.00 | -20.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 172.00 | 173.00 | 170.00 | 171.00 | -1.00 |
| 18 | Chilime Hydropower Company Limited | 6444.00 | 905.00 | 877.00 | 887.00 | -6.00 |
| 19 | Citizen Bank International Limited | 24513.00 | 285.00 | 279.00 | 282.00 | -4.00 |
| 20 | Citizen Investment Trust | 2320.00 | 3515.00 | 3460.00 | 3485.00 | -10.00 |
| 21 | Civil Bank Ltd | 17365.00 | 184.00 | 177.00 | 182.00 | -1.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 25.00 | 944.00 | 926.00 | 944.00 | 36.00 |
| 23 | Deprosc Development Bank Limited | 4628.00 | 1040.00 | 999.00 | 1034.00 | 19.00 |
| 24 | Deva Bikas Bank Limited | 2482.00 | 183.00 | 174.00 | 179.00 | -1.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 71.00 | 146.00 | 143.00 | 146.00 | -1.00 |
| 26 | Everest Bank Limited | 30229.00 | 810.00 | 788.00 | 798.00 | -18.00 |
| 27 | Everest Bank Limited Con. Pref. | 10.00 | 787.00 | 787.00 | 787.00 | -16.00 |
| 28 | Everest Insurance Co. Ltd. | 1030.00 | 2435.00 | 2390.00 | 2420.00 | 15.00 |
| 29 | Excel Development Bank Ltd. | 1105.00 | 370.00 | 360.00 | 360.00 | -10.00 |
| 30 | First Micro Finance Dev. Bank Ltd. | 11034.00 | 833.00 | 814.00 | 821.00 | -9.00 |
| 31 | Forward Com. Mic. Bittiya San. Ltd. | 1226.00 | 3330.00 | 3260.00 | 3291.00 | -9.00 |
| 32 | Gandaki Bikas Bank Limited | 6370.00 | 235.00 | 225.00 | 231.00 | -5.00 |
| 33 | Garima Bikas Bank Limited | 35518.00 | 237.00 | 221.00 | 227.00 | -2.00 |
| 34 | Global IME Bank Limited | 11328.00 | 320.00 | 310.00 | 320.00 | 3.00 |
| 35 | Goodwill Finance Co. Ltd. | 445.00 | 152.00 | 149.00 | 149.00 | -6.00 |
| 36 | Green Development Bank Ltd. | 4559.00 | 586.00 | 562.00 | 565.00 | -24.00 |
| 37 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 327.00 | 193.00 | 192.00 | 192.00 | 2.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 1770.00 | 977.00 | 930.00 | 954.00 | 12.00 |
| 39 | Gurkhas Finance Ltd. | 2598.00 | 148.00 | 144.00 | 146.00 | 0.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 830.00 | 174.00 | 168.00 | 168.00 | -3.00 |
| 41 | Himalayan Bank Limited | 9812.00 | 628.00 | 608.00 | 608.00 | -22.00 |
| 42 | Himalayan Distillery Limited | 585.00 | 1150.00 | 1100.00 | 1150.00 | 40.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 16602.00 | 515.00 | 495.00 | 505.00 | -5.00 |
| 44 | Himalayan Power Partner Ltd. | 6611.00 | 378.00 | 361.00 | 370.00 | -4.00 |
| 45 | ICFC Finance Limited | 8049.00 | 210.00 | 202.00 | 210.00 | 2.00 |
| 46 | IME General Insurance Ltd. | 600.00 | 1060.00 | 1045.00 | 1045.00 | 0.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6145.00 | 174.00 | 169.00 | 169.00 | -4.00 |
| 48 | Janaki Finance Ltd. | 2910.00 | 222.00 | 217.00 | 217.00 | 3.00 |
| 49 | Janata Bank Nepal Ltd. | 50170.00 | 197.00 | 189.00 | 190.00 | -5.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 138.00 | 3565.00 | 3555.00 | 3565.00 | -35.00 |
| 51 | Jebils Finance Ltd. | 310.00 | 130.00 | 126.00 | 130.00 | 2.00 |
| 52 | Jyoti Bikas Bank Limited | 23731.00 | 178.00 | 169.00 | 178.00 | 4.00 |
| 53 | Jyoti Bikash Bank Ltd. Pro. Share | 221790.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 54 | Kabeli Bikas Bank Limited | 19.00 | 330.00 | 330.00 | 330.00 | -3.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 5681.00 | 235.00 | 230.00 | 234.00 | 3.00 |
| 56 | Kalika Microcredit Development Bank Ltd. | 326.00 | 1665.00 | 1601.00 | 1665.00 | -11.00 |
| 57 | Kamana Sewa Bikas Bank Limited | 12381.00 | 178.00 | 173.00 | 174.00 | -3.00 |
| 58 | Kankai Bikas Bank Ltd. | 1889.00 | 168.00 | 162.00 | 168.00 | 6.00 |
| 59 | Karnali Development Bank Limited | 4874.00 | 268.00 | 246.00 | 250.00 | -8.00 |
| 60 | Khanikhola Hydropower Co. Ltd. | 372.00 | 147.00 | 143.00 | 144.00 | -1.00 |
| 61 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 402.00 | 1960.00 | 1921.00 | 1921.00 | -59.00 |
| 62 | Kumari Bank Limited | 14904.00 | 290.00 | 279.00 | 290.00 | 2.00 |
| 63 | Laxmi Bank Limited | 7654.00 | 267.00 | 254.00 | 254.00 | -8.00 |
| 64 | Laxmi Equity Fund | 1000.00 | 9.80 | 9.80 | 9.80 | 0.00 |
| 65 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 524.00 | 1254.00 | 1188.00 | 1220.00 | 9.00 |
| 66 | Laxmi Value Fund-1 | 15800.00 | 11.18 | 11.17 | 11.17 | 0.02 |
| 67 | Life Insurance Co. Nepal | 1527.00 | 1930.00 | 1880.00 | 1920.00 | 3.00 |
| 68 | Lumbini Bikas Bank Ltd. | 7644.00 | 180.00 | 173.00 | 177.00 | -2.00 |
| 69 | Lumbini General Insurance Co. Ltd. | 6338.00 | 609.00 | 587.00 | 599.00 | 2.00 |
| 70 | Machhapuchhre Bank Limited | 22944.00 | 275.00 | 267.00 | 270.00 | -1.00 |
| 71 | Mahalaxmi Bikas Bank Ltd. | 21316.00 | 198.00 | 188.00 | 198.00 | 4.00 |
| 72 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 44.00 | 829.00 | 829.00 | 829.00 | -16.00 |
| 73 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 880.00 | 3212.00 | 2978.00 | 3212.00 | 292.00 |
| 74 | Manjushree Finance Ltd. | 8189.00 | 140.00 | 138.00 | 139.00 | -1.00 |
| 75 | Mero Microfinance Bittiya Sanstha Ltd. | 820.00 | 1385.00 | 1353.00 | 1364.00 | 0.00 |
| 76 | Mirmire Microfinance Dev. Bank Ltd. | 170.00 | 2862.00 | 2786.00 | 2786.00 | -114.00 |
| 77 | Mission Development Bank Ltd. | 23.00 | 250.00 | 250.00 | 250.00 | -5.00 |
| 78 | Miteri Development Bank Limited | 290.00 | 330.00 | 324.00 | 330.00 | -6.00 |
| 79 | Mithila LaghuBitta Bikas Bank Ltd. | 260.00 | 1210.00 | 1177.00 | 1210.00 | 10.00 |
| 80 | Muktinath Bikas Bank Ltd. | 14041.00 | 428.00 | 417.00 | 417.00 | -8.00 |
| 81 | Multipurpose Finance Company Limited | 176.00 | 273.00 | 273.00 | 273.00 | -5.00 |
| 82 | Nabil Balance Fund 1 | 78051.00 | 17.00 | 16.77 | 16.80 | -0.30 |
| 83 | Nabil Bank Limited | 15690.00 | 1129.00 | 1085.00 | 1090.00 | -44.00 |
| 84 | NABIL Bank Limited Promotor Share | 3781.00 | 840.00 | 825.00 | 840.00 | 0.00 |
| 85 | Nabil Equity Fund | 36693.00 | 10.15 | 10.00 | 10.05 | -0.02 |
| 86 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 335.00 | 2529.00 | 2463.00 | 2485.00 | -26.00 |
| 87 | National Hydro Power Company Limited | 12550.00 | 117.00 | 115.00 | 116.00 | -2.00 |
| 88 | National Life Insurance Co. Ltd. | 2268.00 | 1570.00 | 1531.00 | 1547.00 | -13.00 |
| 89 | National Microfinance Bittiya Sanstha Ltd. | 502.00 | 2435.00 | 2387.00 | 2387.00 | -58.00 |
| 90 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 825.00 | 2510.00 | 2425.00 | 2425.00 | -130.00 |
| 91 | Neco Insurance Co. Ltd. | 5329.00 | 836.00 | 805.00 | 830.00 | 2.00 |
| 92 | Nepal Bangladesh Bank Limited | 18731.00 | 277.00 | 266.00 | 271.00 | 1.00 |
| 93 | Nepal Bank Limited | 31122.00 | 348.00 | 340.00 | 347.00 | -1.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 27618.00 | 346.00 | 330.00 | 340.00 | 0.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 122210.00 | 850.00 | 837.00 | 843.00 | 4.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 7480.00 | 682.00 | 654.00 | 680.00 | 10.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 280.00 | 207.00 | 203.00 | 206.00 | -1.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 1907.00 | 1425.00 | 1401.00 | 1402.00 | -18.00 |
| 99 | Nepal Investment Bank Limited | 13115.00 | 650.00 | 633.00 | 649.00 | -1.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 3585.00 | 575.00 | 569.00 | 569.00 | -2.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 10139.00 | 1770.00 | 1731.00 | 1751.00 | -1.00 |
| 102 | Nepal SBI Bank Limited | 9409.00 | 595.00 | 587.00 | 590.00 | -1.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 1256.00 | 810.00 | 794.00 | 801.00 | -9.00 |
| 104 | Ngadi Group Power Ltd. | 330.00 | 243.00 | 232.00 | 239.00 | -4.00 |
| 105 | NIBL Samriddhi Fund 1 | 14991.00 | 12.10 | 12.00 | 12.01 | -0.15 |
| 106 | NIC Asia Bank Ltd. | 7672.00 | 343.00 | 336.00 | 339.00 | 0.00 |
| 107 | Nirdhan Utthan Bank Limited | 2985.00 | 2135.00 | 2060.00 | 2104.00 | 18.00 |
| 108 | NLG Insurance Company Ltd. | 1295.00 | 1400.00 | 1348.00 | 1371.00 | -19.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 405.00 | 1900.00 | 1865.00 | 1890.00 | -17.00 |
| 110 | NMB Bank Limited | 6172.00 | 461.00 | 455.00 | 460.00 | 4.00 |
| 111 | NMB Hybrid Fund L-1 | 25242.00 | 10.01 | 10.00 | 10.01 | 0.00 |
| 112 | NMB Sulav Investment Fund-1 | 34000.00 | 13.17 | 13.15 | 13.15 | -0.29 |
| 113 | Om Development Bank Ltd. | 4639.00 | 240.00 | 229.00 | 229.00 | -8.00 |
| 114 | Oriental Hotels Limited | 1623.00 | 668.00 | 650.00 | 650.00 | 6.00 |
| 115 | Pokhara Finance Ltd. | 2427.00 | 191.00 | 188.00 | 188.00 | -5.00 |
| 116 | Prabhu Bank Limited | 45656.00 | 332.00 | 316.00 | 325.00 | 4.00 |
| 117 | Prabhu Bank Limited Promoter Share | 187327.00 | 170.00 | 170.00 | 170.00 | 0.00 |
| 118 | Prabhu Insurance Ltd. | 9424.00 | 820.00 | 775.00 | 804.00 | 5.00 |
| 119 | Premier Insurance Co. Ltd. | 1179.00 | 1420.00 | 1360.00 | 1386.00 | -4.00 |
| 120 | Prime Commercial Bank Ltd. | 12322.00 | 308.00 | 298.00 | 306.00 | -3.00 |
| 121 | Prime Life Insurance Company Limited | 948.00 | 1775.00 | 1746.00 | 1750.00 | 0.00 |
| 122 | ProgressiveFinance Limited | 1040.00 | 221.00 | 209.00 | 218.00 | 5.00 |
| 123 | Prudential Insurance Co. Ltd. | 1390.00 | 800.00 | 790.00 | 800.00 | 2.00 |
| 124 | Purnima Bikas Bank Ltd. | 2023.00 | 280.00 | 270.00 | 270.00 | -7.00 |
| 125 | Rastriya Beema Company Limited | 451.00 | 13500.00 | 13120.00 | 13230.00 | -100.00 |
| 126 | Rastriya Beema Co. Limited Pro. Share | 1317.00 | 12740.00 | 12325.00 | 12560.00 | -240.00 |
| 127 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 32.00 | 1542.00 | 1540.00 | 1540.00 | -2.00 |
| 128 | Reliance Finance Ltd. | 2310.00 | 144.00 | 138.00 | 143.00 | 1.00 |
| 129 | Ridi Hydropower Dev. Company Ltd. | 1723.00 | 156.00 | 152.00 | 152.00 | 1.00 |
| 130 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 411.00 | 1220.00 | 1180.00 | 1185.00 | -27.00 |
| 131 | Rural Microfinance Dev. Centre Ltd. | 1155.00 | 669.00 | 643.00 | 650.00 | -6.00 |
| 132 | Sagarmatha Insurance Co. Ltd. | 911.00 | 1350.00 | 1283.00 | 1340.00 | 35.00 |
| 133 | Sahayogi Bikas Bank Limited | 643.00 | 241.00 | 240.00 | 240.00 | 3.00 |
| 134 | Sana Kisan Bikas Bank Ltd | 1522.00 | 1165.00 | 1145.00 | 1164.00 | 14.00 |
| 135 | Sanima Bank Limited | 14286.00 | 344.00 | 334.00 | 339.00 | -3.00 |
| 136 | Sanima Mai Hydropower Ltd. | 6914.00 | 489.00 | 472.00 | 486.00 | 8.00 |
| 137 | Saptakoshi Development Bank Ltd. | 1948.00 | 150.00 | 147.00 | 148.00 | -2.00 |
| 138 | Shangrila Development Bank Ltd. | 6751.00 | 193.00 | 185.00 | 190.00 | -6.00 |
| 139 | Shikhar Insurance Co. Ltd. | 1601.00 | 1190.00 | 1164.00 | 1190.00 | 7.00 |
| 140 | Shine Resunga Development Bank Ltd. | 1041.00 | 303.00 | 296.00 | 299.00 | 1.00 |
| 141 | Shree Investment Finance Co. Ltd. | 200.00 | 392.00 | 392.00 | 392.00 | -4.00 |
| 142 | Siddhartha Bank Limited | 9609.00 | 367.00 | 350.00 | 358.00 | -5.00 |

Total Amount Rs. 816,998,624 Total Quantity 1,861,065 Total No of Transactions 7,945

२०७४, पुस
शुक्रबार
१४

बिहीबारको कारोबारमा व्यापार समूह, होटल र अन्य समूहबाहेक सबै घटेका छन्। घट्नेमा बैंकिङ समूह सर्वाधिक १६ दशमलव २६ अंकले घट्यो। त्यस्तै होटल समूह सबैभन्दा बढी ७ दशमलव शून्य ६ अंकले सुधारियो। बिहीबार यसदिन स्ट्यान्डर्ड चार्टर्ड बैंकको सर्वाधिक शेयर कारोबार भएको छ।




# भारतीय सिमेन्टको आयात बढाउने खेल

**नेपाल समाचारपत्र**

काठमाडौं



सिमेन्टको कच्चापदार्थ ढुवानीमा अवरोध गरेर भारतीय सिमेन्ट नेपाली बजारमा प्रवेश गराउने प्रपन्च भएको छ। नेपाल सिमेन्ट उत्पादनमा आत्मनिर्भर बन्दै गएको सन्दर्भमा नेपाली सिमेन्ट उद्योग धराशयी बनाउनका निम्ति प्रदूषणको विषय उठाएर कच्चा पदार्थको ढुवानीमा रोक लगाइएको सरोकारवालाहरूको भनाइ छ।

नेपाल आयात हुने क्लिंकर भारतको रक्सौलस्थित रेल्वे यार्डमा अनलोड गर्न रोक लगाइएपछि नेपाली बजारका लागि आवश्यक सिमेन्ट भारतबाट आयात गर्नुपर्ने अवस्था देखिएको हो।

क्लिंकर अनलोडसम्बन्धी उत्पन्न समस्या समाधानका लागि भारत तथा नेपाल सरकारका प्रतिनिधि र उद्योगी व्यापारीबीच भएको त्रिपक्षीय छलफल अझै निश्कर्षमा पुग्न सकेको छैन।

पछिल्लो समय रक्सौलका स्थानीय बासिन्दा यार्ड स्थानान्तरणको माग गर्दै अदालत पुगेका थिए। त्यसपछि नेपाललाई अधिकारिक रूपमा कुनै जानकारी नगराई भारतले रक्सौलमा हुँदै आएको क्लिंकर अनलोडिङमा रोक लगाउँदै सिर्सियास्थित सुख्खा बन्दरगाहमा अनलोड गर्न निर्देशन दिएको थियो।

वाणिज्य मन्त्रालयका अधिकारीका अनुसार नेपाल सिमेन्ट उत्पादनमा आत्मनिर्भर भइसकेको अवस्थामा भारतीय पक्ष यसबाट त्रसित भएको हो। पछिल्ला दिनमा सिमेन्ट उत्पादनको प्रमुख कच्चा पदार्थ क्लिंकरमा पनि नेपाल आत्मनिर्भर हुने क्रममा रहेकाले भारतीय पक्ष यो असफल बनाउने योजनामा रहेको उनको भनाइ छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै उनले भने- 'अदालतले पनि यार्ड अन्तै सार्न पहिले नै आदेश दिइसकेको थियो। तर, भारतीय रेल्वेले यस विषयमा तदारुकताका साथ काम गरेको छैन। नेपाली सुख्खा बन्दरगाह क्लिंकर अनलोडका लागि बनाइको पनि हैन।' नेपाली पक्षलाई नै नसोधी भारतबाट यस्तो निर्णय आउनुमा भारतको स्वार्थ रहेको उनको बुझाइ छ।

भारत तथा तेस्रो मुलुकबाट रेलमार्फत् आउने ८० र्‍याक मालवस्तुको भार हाल सुख्खा बन्दरगाहले थेग्दै आएको छ। बन्दरगाहको वर्तमान पूर्वधारले थप ३५ र्‍याक क्लिंकरको भार थेग्न सन्दैन। भारतीयले यही कमजारीको फाइदा उठाएको उनको आरोप छ। अझ पछिल्लो समय नेपाली सिमेन्ट प्रयोग प्राथमिकतामा राख्न नेपालले भारतबाट आयात हुने सिमेन्टमा भन्सार बढाएको थियो। यसका कारण नेपाली बजारमा भारतीय सिमेन्ट महँगो पर्ने जाने कारण भारतीय सिमेन्ट आयात लगभग ठप्प प्राय: थियो। यसैविषयमा भारतीय पक्ष असन्तुष्ट रहँदै आएको थियो।

यससम्बन्धी समस्या समयसमयमा निस्किने गरे पनि दीर्घकालीन रूपमा समाधान हुन सकेको छैन। एउटै विषयलाई लिएर बखेडा झिकिरहनु दीर्घकालीन हल नगरी नेपाली पक्षलाई च्याप्न खोज्नु भारतको बेइमानी रहेको उनको दाबी छ। नेपाली सिमेन्ट उद्योगका लागि भारतको विभिन्न स्थानबाट वीरगन्ज नाका हुँदै आयात हुने क्लिंकर, जिप्समलगायत कच्चापदार्थका ठूलो प्रदूषण खेप्नु परेको कारण रक्सौल बासिन्दा बताउँछन्।

क्लिंकरमा देखिएको समस्याले सिमेन्टको मूल्य बढाउन टेवा पुग्ने नेपाल उद्योग वाणिज्य महासंघका सडक तथा पारवहन समितिका अध्यक्ष अशोक टेमानी बताउनुहुन्छ। रक्सौलको क्लिंकर समस्या समाधान नभए तत्काल तथा दीर्घकालीन दुवै रूपमा सिमेन्टको मूल्य बढ्ने निश्चित रहेको उहाँको दाबी छ। उहाँले भन्नुभयो-'क्लिंकर आयात गर्न नेपालका लागि रक्सौल यार्ड सबैभन्दा सस्तो यार्ड हो। यसको तत्कालका लागि कुनै विकल्प छैन। विकल्प खोजिए पनि योभन्दा सस्तो यार्ड पाइँदैन र यो सम्भव पनि देखिँदैन।'

> 'समस्या समाधान गर्न नयाँ यार्ड खोजिए पनि त्यो रक्सौलभन्दा महँगो पर्छ। विकल्पको रुपमा भारतीय सिमेन्ट आयात गरि एपनि उच्च करका कारण भारतीय सिमेन्ट नेपाली सिमेन्टभन्दा महँगो पर्छ।'

सुख्खा बन्दरगाहमा क्लिंकरको लागि प्रयाप्त स्थान र उपकरणको कमी भएकाले भारत सरकारको निर्णय कार्यान्वयनका लागि कम्तीमा नेपाली व्यापारीलाई ६ महिनाको समय दिनुपर्ने उहाँको धारणा छ।

टेमानीले क्लिंकरको अभावमा वीरगन्ज पथलैया करिडोरका एक दर्जन सिमेन्ट उद्योग समस्यामा पर्ने पनि बताउनुभयो। उहाँ भन्नुभयो-'नेपालका अन्य स्थानमा रहेका सिमेन्टले आफैं क्लिंकर उत्पादन गर्दै आए पनि यस करिडोरमा रहेका उद्याग भने भारतीय क्लिंकरमा निर्भर छन्। अब उनीहरूको उत्पादन बन्द हुँदा बजारको मागअनुसार मूल्य बढ्ने पक्का देखिन्छ।'

यद्यपि, क्लिंकर आयातमा देखिएको समस्या हल नहुञ्जेल नेपालीका लागि अर्को विकल्प भारतीय सिमेन्ट आयात गर्नु रहेको उहाँ स्वीकार्नुहुन्छ। उहाँले भन्नुभयो- 'केही सीप नलागेको अवस्थामा बजारको माग धान्नका लागि हामी भारतीय सिमेन्ट आयात गर्न बाध्य हुन्छौं।' तर यसको भए पनि सिमेन्टमा लाग्ने उच्च करका कारण यो नेपाली सिमेन्टको तुलनामा महँगो पर्नु स्वभाविक रहेको उहाँको दाबी छ।

डस्टी कार्गोको रूपमा रहेको क्लिंकरबाट धेरै धुलो उड्ने भएकाले स्थानीयले यसको विरोध गर्नु स्वाभाविक रहेको उनको बुझाइ छ। हाल बारा र पर्साका १३ वटा सिमेन्ट उद्योगले यस नाकाबाट कच्चा पदार्थ आयात गर्छन्।

## 'उपभोग्य वस्तुको माग पूरा गर्ने अवस्थामा छैन'

काठमाडौं, (नेस)

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाल उपभोग्य वस्तु किन्ने मात्र अवस्थामा रहेको बताउनुभएको छ। राजधानीको भृकुटीमण्डपमा शुरू भएको १४औं राष्ट्रिय औद्योगिक प्रदर्शनी उद्घाटन गर्दै कार्कीले नेपाल यतिखेर वस्तु उत्पादन गरेर बाहिरी देशहरूमा बिक्री गर्न सकिने अवस्थामा नरहेको बताउनुभएको हो।

मन्त्री कार्कीले स्वदेशी वस्तु उत्पादनले नेपाली उपभोक्ताको कुनै पनि मागको आपूर्ति गर्न सम्भव नरहेको दाबी गर्नुभएको थियो।

कार्कीले भन्नुभयो- 'आन्तरिक उत्पादनको विषयमा जसले जतिसुकै कराए पनि नेपाल अहिले कुनै पनि उपभोग्य वस्तुको आन्तरिक माग पूरा गर्ने अवस्थामा छैन।' कार्कीले नेपालले हाल स्वदेशी उद्योगलाई प्रवर्द्धन गरी यसका उत्पादनलाई निर्यात गराउन सरकारले सहयोगीको भूमिका निर्वाह गर्ने नीति लिएको पनि स्पष्ट पार्नुभयो।

यद्यपि, आयातलाई क्रमश: कम गराउन प्रयास जारी राखेको बताउँदै कार्कीले स्वदेशी उत्पादनले विस्थापित गराउँदै लैजान आवश्यक रहेको उहाँको जोड थियो।

मुलुक आर्थिक समृद्धिको दिशामा अघि बढिसकेको सूचक भएको अर्थमन्त्री कार्कीको दाबी थियो। मुलुकमा तिनै चरणको निर्वाचन सम्पन्न भइसकेको अवस्थामा आर्थिक समृद्धि अझै नजिक रहेको उहाँको भनाइ थियो।

कार्कीले भन्नुभयो- 'मैले विगतमा पनि उद्योगधन्दा तथा कलकारखानाको उत्थानका लागि पहल गर्दै आएको थिएँ। जनताले भर्खरै मलाई संसद चुनेर पठाएका छन्। अब देशमा उद्योग निर्माण एवं परिचालनका लागि मैले गर्न सक्ने सहयोग गर्न तयार छु।'

नेपाल फुटवेयर उत्पादक संघको आयोजनामा बिहीबारबाट शुरू भएको मेला ६ दिनसम्म चल्नेछ। त्यसक्रममा नेपाली बजारमा स्वदेशी उत्पादनका जुत्ताले ५० प्रतिशत हिस्सा ओगट्न सफल भएको जानकारी दिइयो।

गत वर्षको तथ्यांकअनुसार नेपाली बजारमा गत वर्ष ७ करोड ६२ लाख ४४ हजार १ सय ८६ जोर जुत्ता खपत भएकामा ३ करोड ८२ लाख ९४ हजार ७ सय ९३ जोर जुत्ता स्वेदेशी उद्योगबाट निर्मित रहेका थिए।

आयोजकका अनुसार हाल नेपालमा ६० भन्दा बढी जुत्ता उद्योग रहेका छन्। ती उद्योगमा ३० अर्ब रुपियाँभन्दा बढी लगानी रहेको छ।

## परिसूचक घट्दो, कारोबार बढ्दो

काठमाडौं, (नेस)

करिब दुई सातादेखि ओरालो लाग्ने क्रममा रहेको नेप्से परिसूचक साताको अन्तिम कारोबार दिने बिहीबार पनि गिरावट आएको छ। दिनभर उतारचढाव देखिएको नेप्से बिहीबार १० दशमलव ७३ अंकले ओरालो लागेको हो।

बिहीबार १ हजार ४ सय २५ दशमलव ५१ अंकबाट शुरू भएको बजार १ हजार ४ सय १४ दशमलव ७८ अंक आएर रोकिएको हो। नेप्से परिसूचकमा गिरावट आउँदा बिहीबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटीभ इन्डेक्स पनि २ दशमलव ५१ अंकले घटेर २ सय ९७ दशमव ६२ बिन्दूमा पुगेको छ।

साताको अन्तिम दिन बिहीबार नेप्से परिसूचक घटे पनि बिहीबार बजारमा पौने ८२ करोड रुपियाँको कारोबार भएको छ। बुधबार ७६ करोड ५७ लाख रुपियाँको शेयर कारोबार भएको बजारमा बिहीबार १ सय ६२ कम्पनीको ८१ करोड ६४ लाख २२ हजार ५ सय ५२ रुपियाँ बराबरको शेयर किनबेच भए। यसक्रममा १८ लाख ५९ हजार २ सय ३९ कित्ता शेयर खरिद बिक्री भए। बजार परिसूचक घट्दा बिहीबार लगानीकर्ताको सम्पत्ति १२ अर्ब रुपियाँले घटेको छ। बुधबार १६ खर्ब ५७ अर्ब रुपियाँ रहेको लगानीकर्ताको सम्पत्ति बिहीबार १६ खर्ब ४५ अर्ब रुपियाँमा सीमित भएको छ।

**सेती गणेश बचत तथा ऋण सहकारी संस्थाको वार्षिक साधारण सभा हुने सूचना**

यस सेती गणेश बचत तथा ऋण सहकारी संस्थाको साधारण सभा मिति २०७४ पुस २९ गते शनिवारका दिन हुने भएकोले यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरु यसैलाई सूचना मानी उक्त साधारण सभामा उपस्थित हुन विनम्र अनुरोध गरिन्छ।

**कार्यक्रम**
**मिति** : २०७४ पुस २९ गते शनिवार।
**स्थान** : सीता पाइला पार्टी प्यालेस।
**समय** : दिउँसो १ बजे।
**विस्तृत जानकारीका लागि**
**सम्पर्क फोन : ४ -३०१५५५।**

**अधिकृत वारेसनामा बदर गरिदिएको सूचना**

**खड्ग बहादुर श्रेष्ठको नाति कैलाश बहादुर श्रेष्ठको छोरा का.म.न.पा. वडा नं. ३१ बस्ने वर्ष ३७ को म कयुर श्रेष्ठको नाउंमा मालपोत कार्यालय चावहिलमा एकलौटी दर्ता कायम रहेको का.जि. विष्णु गा.वि.स. वडा नं. ९ (ख) कि.नं. ७८३, ५६८, १५४ र ७८१ को जग्गा मेरो पिता कैलाश बहादुर श्रेष्ठलाई का.जि.अ.का माननिय जिल्ला न्यायधिसज्यूको रोहवरमा मिति २०६५ पौष २३ गते गरिदिएको अधिकृत वारेसनामाको लिखत आजैका मितिदेखि बदर गरिदिएको जानकारीको लागि सर्वसाधारणको सूचनामा प्रकाशित गरिएको छ।**

**कयुर श्रेष्ठ**
**का.जि. का.म.न.पा , वडा नं. ३१ काठमाडौं।**

## ५१ करोडको घ्यू उत्पादन

गणेश घिमिरे, इलाम

यस वर्ष जिल्लामा ५१ करोड ४ लाख रुपियाँबराबरको ९ सय २८ मेट्रिक टन घ्यू तथा २२ करोड २७ लाख रुपियाँ बराबरको २ सय ९७ मेट्रिक टन छुर्पी उत्पादन भएको जिल्ला पशु सेवा कार्यालय इलामले जनाएको छ।

कार्यालयको अनुसार जिल्लाका विभिन्न गाउँमा २ सय ३० हाते डेरी सञ्चालनमा रहेका छन्। जिल्लामा हाल घ्यू तथा छुर्पी उत्पादन गर्नेमा मुख्य गरी घरेलु डेरी रहेका छन्।

जिल्लामा घरेलु डेरी स्थापनासँगै घ्यू तथा छुर्पी उत्पादन बढ्दा गाउँका सर्वसाधारणको आयमा पनि वृद्धि हुन थालेको छ। त्यसमा पनि विषेशगरी महिला यसबाट लाभान्वित भएका हुन्। इलाममा सञ्चालित छुर्पी उद्योगमा उत्पादित छुर्पी भारतको दार्जिलिङमा समेत निकासी हुने गरेको छ। जिल्लामा हाल ग्रामीण भेगमा उत्पादित छुर्पी उद्योगको प्रवर्द्धनका लागि जिल्लास्तरमा डेरी प्रवर्द्धन कार्यक्रमसमेत सञ्चालन हुँदै आएको छ।

जिल्लामा घ्यू तथा छुर्पीको उत्पादन बढेसँगै जिल्ला पशु सेवा कार्यालयले डेरी उद्योगलाई उद्योगको क्षमता बढाउन अनुदान उपलब्ध गराउन थालेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ। कार्यालय प्रमुख पशुपति ढुंगानाका अनुसार कार्यालयले हालै डिप फ्रिज खरिद गर्न अनुदान दिइसकेको छ।

पूर्वका पहाडी जिल्लामा दूधबाट उत्पादित छुर्पी कुकुरको आहाराका लागि अमेरिका पनि निकासी हुन थालेको छ। छुर्पीको बजार बढेपछि यहाँका व्यापारीले छुर्पीमा गुणस्तर सुधार हुनुपर्ने र आकार पनि मागअनुरूपकै हुनुपर्ने धारण व्यक्त गर्दै आएका छन्।

हाल पूर्वका इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, ताप्लेजुङ र सङ्खुवासभालगायत जिल्लाबाट वार्षिक साढे २ लाख किलो छुर्पी अमेरिका निर्यात हुने गरेको छ। कुकुरको आहाराका लागि युरोपको प्रसिद्ध कम्पनी हिमालय डग चिउले यहाँ उत्पादित छुर्पी खरिद गरी अमेरिका पुऱ्याउने गरेको हो। उक्त कम्पनीले वार्षिक ६ लाख किलोभन्दा बढी छुर्पीको माग गरे पनि उत्पादन कम हुँदा मागअनुसार उपलब्ध गराउन सकेको छैन। अमेरिका निर्यात हुनेमा हिमाली चौरीगाईको २ सय ग्रामदेखि ५ सय ग्रामसम्मको छुर्पी पर्छ।

जिल्लामा हाल चिल्लोरहित छुर्पी निर्यात हुने र बढी चिल्लो भएको छुर्पी भने स्थानीय बजारमै खपत हुने गरेको छ। कम्पनीले प्रतिकिलो १ सय ५० देखि ८ सय रुपियाँमा छुर्पी खरिद गर्ने गरेको छ। जिल्लामा गाउँघरमा क्रिम सेपरेटर मेसिनमार्फत दूधको प्रशोधन गरी मठ्ठा र क्रिम निकालिन्छ। क्रिमबाट घ्यु उत्पादन गरिन्छ तथा मठ्ठाबाट छुर्पी बनाइने गरिएको छ।

## १७ करोडको सुन्तला फल्यो

सिर्जना पन्त, बागलुङ

बागलुङका कृषकले यस सिजन १७ करोड ३२ लाख ५० हजार रुपियाँ बराबरको सुन्तला फलाएका छन्। अनुकुल मौसम तथा क्षेत्रफल विस्तार हुँदा यस वर्ष सुन्तला उत्पादन बढेपछि बागलुङको सुन्तला उत्पादन बढेको हो।

जिल्ला कृषि विकास कार्यालयका अनुसार जिल्लाबाट १२ करोड १२ लाख ५० हजार रुपियाँ बराबरको सुन्तला अन्य जिल्लामा निर्यात भएको छ भने ५ करोड १९ लाख ७५ हजार रुपियाँको सुन्तला जिल्लामा नै खपत भएको हो। गत वर्ष जिल्लामा २ सय ३२ हेक्टर क्षेत्रफलमा ३ हजार ३ सय मेट्रिक टन अर्थात् १३ करोड २० लाख रुपियाँ बराबरको सुन्तला उत्पादन भएको थियो। बागलुङका किसानले उत्पादन गरेको सुन्तला चितवन, पोखरा, गुल्मी, रुकुम, बुटवल, धादिङ, काठमाडौंलगायतका देशका विभिन्न स्थानमा निर्यात हुने गरेको छ।



अनुकुल मौसम एवम् थप २० हेक्टर क्षेत्रफल विस्तार गरिएकाले सुन्तलाको उत्पादन अहिले ५ प्रतिशतले बढेको कृषि प्रसार अधिकृत विप्लप अधिकारीले बताउनुभयो। उहाँका अनुसार सुन्तला खेती गर्दै आएका बागलुङका एक हजार भन्दा बढी घरधुरी लाभान्वित भएका हुन्।

बागलुङमा ५ हजार ४० रोपनी क्षेत्रफल उत्पादनशील छ। यसवर्ष क्षेत्रफल विस्तार भएपछि ३ हजार ४ सय ६५ मेट्रिक टन सुन्तला उत्पादन भएको हो। त्योमध्ये ७० प्रतिशत जिल्ला बाहिर निकासी हुने गरेको छ। सुन्तलाखेतीबाट यहाँका किसानले १० हजार देखि ५ लाख रुपियाँसम्म आम्दानी गर्ने गरेका छन्।


यस वर्ष उत्पादित सुन्तला व्यवसायीले बगैंचामै पुगेर खरिद गरेको कृषक बताउँछन्। खुद्रा सुन्तला बिक्री गर्नुभन्दा व्यापारीहरू आएर एकमुष्ट खरिद गरेपछि सहज भएको किसानको भनाइ छ। सिजनमा भन्दा बेसिजनमा सुन्तला बिक्री गर्दा फाइदा पुग्ने भएकाले कतिपय किसानले आधुनिक स्रोत र साधनको अभावमा परम्परागत रूपमा घर भित्रनै सुन्तला भण्डारण गर्ने गरेका छन्।

सुन्तला उपादनका लागि बागलुङको भकुण्डे, बिहुँ, जैदी, छिस्ती, हरिचौर, दमेक नरेठाँटीलगायत क्षेत्रलाई पकेट क्षेत्र मानिएको छ।

**हामा बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड त्रिपुरेश्वर, काठमाडौंको**
**कर्जा चुक्ता गर्ने ३५ दिने सूचना**

तपसिलमा उल्लेखित कर्जावालाहरुले यस संस्थाबाट लिनु भएको कर्जाको सांवा, व्याज तथा हर्जाना समेतको रकम समयमा नबुझाई कर्जा लिंदा गरेको शर्त बमोजिम कर्जा चुक्ता गर्न पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र तिर्नु बुझाउनु पर्ने बांकी सम्पुर्ण सांवा, व्याज र लाग्ने अन्य दै-दस्तुर समेत बुझाउन यस संस्थाको कार्यालयमा उपस्थित भई कर्जा चुक्ता गर्नुहोला र उक्त रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला। अन्यथा लेखिदिएको धितो लिलाम विक्री गरी असुल उपर गरिनेछ। सो बाट पनि अपुग भएमा ऋणी, धनजमानी दिने व्यक्ति समेतको घर घरानाबाट असुल उपर गरिने व्यहोरा अवगत गरांउदै सहकारी ऐन,२०४८ को दफा ३९ तथा सहकारी नियमावली २०४९ को नियम २५ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं | कर्जावालाको नाम र तिनपुस्ते | ठेगाना | धितो विवरण | व्यक्तिगत धनजमानी दिनेको नाम, ठेगाना र तिनपुस्ते | कर्जावालाको फोटो |
| --- | --- | --- | --- | --- | --- |
| १. | **प्रणव थापा** बाजे:वेदमान सिंह थापा बाबु:मणि कुमार थापा | ल.पु.जि. इमाडोल न.पा वडा नं.६ | ऋणीको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ल.पु.जि.इमाडोल वडा नं.६ को कि.नं. १५५ को क्षे.फ. ५०८।७४ व.मि.जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत | **शिव श्रेष्ठ** का.जि.धादिङ्ग-९ वैरेनी हाल का.म.न.पा.वडा नं.१५ डल्लु बाजे : भुइये गोपाल श्रेष्ठ बाबु : हर्क बहादुर श्रेष्ठ **कृष्ण कुमार राजभण्डारी** कास्की जि.पोखरा न.पा.वडा नं.१२ महेन्द्रपुल बाजे : हिरालाल राजभण्डारी बाबु : अग्नी लाल राजभण्डारी |  |

**नोट** :- यस हामा बहुउदेश्यीय सहकारी संस्था लि. बाट कर्जा लिई समयमा सांवा ब्याज किस्ता नियमित नबुझाउने अन्य ऋणीहरुले समेत संस्थामा तुरुन्त सम्पर्क राखि किस्ता बुझाउनु होला अन्यथा क्रमश अन्य ऋणीहरुको समेत सुचना प्रकाशित गरी रकम असुल उपरको कारवाहि गरिने व्यहोरा जानकारी गराइन्छ।

**हामा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड**
**त्रिपुरेश्वर, काठमाडौं**
**फोन नं.४२१९९३५, ४२२८८७५**

# विराटनगर र भैरहवा तेस्रोपटक भिड्दै

नेपाल समाचारपत्र

काठमाडौं

टी भीएस एभरेस्ट प्रिमियर लिग (ईपीएल) मा विराटनगर वारियर्स र भैरहवा ग्लाडिएटर्सबीच तेस्रोपटक भिडन्त हुने भएको छ।

बिहीबार भएको दोस्रो क्वालिफायर खेलमा भैरहवाले ललितपुर प्याट्रियटसलाई ३ विकेटले हराएपछि विराटनगरसँग शनिबार हुन फाइनल खेल्ने तय गरेको हो। यसअघि यी २ टोलीबीच २ पटक भेट भएको थियो। जसमा १ पटक समूह चरणमा र अर्को पटक पहिलो क्वालिफायरमा आमनेसामने हुँदा दुबै पटक विराटनगरले बाजी मारेको थियो।

कीर्तिपुरस्थित त्रिवि मैदानमा ललितपुरले पहिले ब्याटिङ गरेर निर्धारित २० ओभरमा ६ विकेटको नोक्सानीमा १ सय ३२ रन बनाएको थियो। जसमा जयकिसन कोल्सावालले सर्वाधिक ४२ रन जोडेका थिए। त्यस्तै सन्नी पटेलले २४ रन बनाए भने दिपेश भण्डारीले ९ बलमा २ चौका र २ छक्का हान्दै २२ रन योगदान दिँदा ललितपुरको स्कोर केही बढेको थियो। तर यो स्कोर उनीहरूले बचाउन नसक्दा फाइनल खेल्नबाट वञ्चित भएको थियो।



उजोल डंगोल

भैरहवाले ८८ रनमा शरद भेषवाकर र आरिफ शेखसहित ६ शीर्ष ब्याटसम्यानलाई गुमाउँदा ललितपुरको जित्ने आस भइसकेको थियो। तर मध्यक्रमका ब्याटसम्यान रोहित पौडेललाई आउट गर्न नसक्नु नै ललितपुरले हातमा आइसकेको खेल गुमाउनुपर्‍यो। अन्तिम ओभरमा भैरहवाका लागि जित्न १३ रनको आवश्यक थियो। रोहितले दीपेश भण्डारीको पहिलो २ बलमै छक्का प्रहार गरे भने तेस्रो बलमा १ रन लिएर भैरहवालाई फाइनलमा पुर्‍याए। उनी २८ रनमा नटआउट रहेका थिए।

## मध्यमाञ्चलकै वर्चश्व

काठमाडौं, (नेस)

मध्यमाञ्चलका ३ खेलाडी भावना सुनुवार, विपना ब्लोन र स्वस्थानी श्रेष्ठ राखेप च्याम्पियनसिपअन्तर्गत १० औं राष्ट्रिय स्क्वास प्रतियोगिताको महिला सिंगल्सको सेमिफाइनलमा स्थान बनाएर वर्चश्व राखेका छन्।

बिहीबार भएको क्वाटरफाइनल खेलमा सपना ब्लोन पश्चिमाञ्चलकी कृष्णा थापासँग हारेपछि अन्तिम ४ मा मध्यमाञ्चलका चारै खेलाडी पुग्नबाट वञ्चितसमेत भयो। कृष्णाले सपनालाई ११-४, ११-५ र ११-० ले हराएर अन्तिम चारमा स्वस्थानीसँग खेल्ने पक्का गरिन्। स्वस्थानीले मध्यमाञ्चलकी मञ्जिला आलेमगरलाई ११-७, ११-८, ११-९ को सेटले हराएकी थिइन्। त्यस्तै अर्को अन्तिम ४ खेलमा भावनाको सामना विपनासँग हुनेछ। क्वाटरफाइनल खेलमा भावनाले भावनाले पूर्वाञ्चलकी मुस्कान राउतलाई ११-१, ११-२ र ११-३ र विपनाले मध्यमाञ्चलकी श्रीमाया लामालाई ११-३, ११-२ र ११-७ ले पन्छाएका थिए।

## सीटी अपराजित बन्दै

लन्डन, (एजेन्सी)

प्रिमियर लिगको शीर्ष टोली म्यानचेस्टर सीटीले आफ्नो अपराजित यात्रालाई कायमै राख्दै बुधबार राति १८औं जित हात पारेको छ।

प्रिमियर लिगअर्न्तगत खेलमा म्यान्चेस्टर सीटीले न्युक्यासल युनाइटेडलाई १-० ले पराजित गरेको हो। रहिम स्टर्लिङले ३१औं मिनेटमा गरेको गोल निर्णायक बन्दा टोलीले जित हासिल गर्‍यो। उनले केभिन डे ब्रुएनको पासमा गोल गर्न सफल भएका थिए। योसँगै म्यानचेस्टर सीटीले लिग तालिकामा दोस्रो स्थानको म्यानचेस्टर युनाइटेडसँगको अंक दूरीलाई झनै फराकिलो पारेको छ।

२० खेलबाट सीटीको ५८ अंक भएको छ भने १५ अंकले पछि परेको म्यानचेस्टर युनाइटेड ४३ अंकसहित दोस्रो स्थानमा छ। यस्तै तेस्रो स्थानको चेल्सीको ४२ अंक रहेको छ।

## धरहरा

### काम चलाउबाट सिक्ने कि ?



१५ दिनमा २ पटक इन्धनको मूल्य बढाएर आलोचनाको कीर्तिमान रचेको सरकारले बिहीबार भने अचम्मै गरेछ। दुवै मृगौला फेल भएका, क्यान्सर, स्पाइनल इन्जुरी र अन्य गम्भीर प्रकृतिका बिरामीलाई जीवनवृत्तिका लागि मासिक ५ हजार रुपियाँ राहत रकम प्रदान गर्ने सरकारले निर्णय गरेछ।

बिहीबार बसेको मन्त्रीपरिषद्ले यस्तो निर्णय गरेको धरहराले देख्यो। त्यसो त यसअघि पनि सरकारले मिर्गौला फेल भएकाहरूको आजीवन डायलासिस र प्रत्यारोपण निःशुल्क हुने व्यवस्था गरिसकेको छ। यस्तै विपन्न नागरिकका लागि क्यान्सर र स्पाइनल इन्जुरीको उपचारका लागि १ लाख रुपियाँका दरले उपचार खर्च दिने गरेको छ।

अहिले बिदावारी हुने तयारीमा रहेको काम चलाउ भनिएको सरकारले ढिलै भए पनि स्मरणीय काम गरेको छ। यो निर्णयसँगै सरकारले विगतमा गरेका धेरै अप्रिय कामलाई ढाकछोप पार्न सहयोग पुगेको धरहराको ठहर छ। अब बिरामी र बिरामीका आफन्तले सहयोग रकम बिनाअलमल नियमित रुपमा पाएको खबर सुन्ने धेरैको इच्छा रहेको धरहराले बुझ्या छ।

अब गठन हुने नयाँ सरकारले काम चलाउ सरकारको निर्णयलाई सम्मान गर्न सिकोस्। नयाँ सरकार राहत रकमको प्रतिस्पर्धामा मात्र होइन, दुर्गम क्षेत्र र दूरदराजमा पनि विशेषज्ञ चिकित्सकसहितको औषधोउपचारमा चासो देओस्।

## माउन्टग्लोरीलाई उपाधि

काठमाडौं, (नेस)

छैठौं दि एक्सेलसियर कप अन्तर विद्यालय खेलकुद प्रतियोगिताअन्तर्गत सिनियर छात्रको फाइभ ए साइड



फुटबलमा माउन्ट ग्लोरी च्याम्पियन बनेको छ। बिहीबार भएको फाइनल खेलमा माउन्ट ग्लोरीले दि एक्सेलसियरलाई ७-३ गोल अन्तरले हरायो। दिपेश गुरुङको ४ गोलको योगदानमा टोलीले उपाधि जित्न पाएको थियो। जुनियर छात्रतर्फ राजश्री गुरुकुलले किट्स लर्निङलाई ३-० गोलले पछि पार्दै च्याम्पियन बन्यो। बास्केटबलतर्फ सिनियर छात्रातर्फ स्किब्सले जेनितमाथि २४-२२ को स्कोरमा स्तब्ध बनाउँदै उपाधि जित्यो। त्यस्तै सिनियर छात्रतर्फ उत्कृष्ट खेलाडी चुनिएका पेम्बा शेर्पाको ४३ अंकको सहयोगमा विल्सनले रेडिअन्टलाई ६१-५५ ले हराउँदै च्याम्पियन बन्यो।

## सर्वाधिक राशिको फुटबल शुरू

लमजुङ, (नेस)

लमजुङको जिल्ला सदरमुकाम बेंसीशहरमा त्रिवेणी कप फुटबल प्रतियोगिता शुरू भएको छ। उद्घाटनपछि पहिलो मैत्रीपूर्ण खेल आयोजक त्रिवेणी भेट्रान र लमजुङ मर्स्याङ्दी युवा क्लबबीच खेलाइएको थियो। सो खेलमा ३- ० गोल अन्तरले आयोजकको टोली विजयी भयो।

त्यस्तै प्रतियोगिताको पहिलो खेलमा सुन्दरबजार युथ क्लब रातोले शेरा ८ बेंसीशहरलाई २-० ले हरायो। दोस्रो खेलमा अन्नपूर्ण युवा क्लब नाल्माले नवकालिका युवा क्लब उदीपुरलाई ३-० ले पराजित गर्दा लमजुङ मर्स्याङ्दी युवा क्लब बेंसीशहरले एमसीटी बेंसीशहरविरुद्ध टाइब्रेकरमा जित हात पार्‍यो।

## सुनसरी फाइनलमा

पाँचथर, (नेस)

अग्नि रुपन्देही ११ लाई ३-१ गोलको अन्तरले हराएर सुनसरी ११ पाँचथरको फिदिममा जारी फाल्गुनन्द गोल्डकपको फाइनलमा प्रवेश गरेको छ। बिहीबार भएको पहिलो सेमिफाइनल खेलमा १५औं मिनेटमा सुनसरीका तीर्थ बस्नेतले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए। ७६औं मिनेटमा सुजन याक्खाले र ८१औं मिनेटमा हेमन्त थापाले गोल थप्दा सुनसरी ३-० ले जित्ने तरखरमा रह्यो। तर रुपन्देहीका छिरिङ गुरुङले खेल सकिन २ मिनेट बाँकी रहँदा १ गोल फर्काएका थिए।

# कूकको एमसीजीमा इतिहास

मेलबर्न, (एजेन्सी)

इंग्ल्यान्डका एलेस्टेर कूक मेलबर्न क्रिकेट ग्राउन्ड (एमसीजी) मा सर्वाधिक व्यक्तिगत रन जोड्ने भ्रमणकारी ब्याटसम्यान बनेका छन्।

३३ वर्षीय कूकले एसेसअन्तर्गत चौथो टेस्टमा २ सय ४४ रनमा नटआउट हुँदै सर भिभियन रिचर्डस्को ३३ वर्ष कै लामो रेकर्डलाई समेत पछाडि पारे। वेस्ट इन्डिजका लिजेन्ड रिचर्डस्ले सन् १९८४ मा यही एमसीजीमा अस्ट्रेलियाविरुद्ध २ सय ८ रन जोडेका थिए। यसपछि कूकले सो रेकर्ड नतोड्न्जेल त्यहाा कोही पनि भ्रमणकारी ब्याटसम्यानले रिचर्डस्को रेकर्ड पार गर्न सकेका थिएनन्।

यसैगरी कूकले अर्का वेस्ट इन्डिजका लिजेन्ड ब्याटसम्यान ब्रायन लारालाई पनि पछि पारेका छन्। टेस्ट कूकको दोहोरो सतकको सहयोगमा इंग्ल्यान्ड जारी एसेसमा ह्वाइटवाश हुनबाट समेत जोगिने सम्भावना बढेको छ। साथै टोली अस्ट्रेलियामा लगातार आठौं टेस्टमा हार हुनेबाट वञ्चित हुने तरखरमा पनि छ। ३ टेस्ट हारेर एसेस गुमाएको इंग्ल्यान्डले चौथो टेस्टमा अस्ट्रेलियाविरुद्ध १ सय ६४ रनको अग्रता लिइसकेको छ। तेस्रो दिन बिहीबार स्टम्प हुँदा इंग्ल्यान्ड ९ विकेटको क्षतिमा ४ सय ९१ रनमा रह्यो। घरेलु टोली पहिलो इनिङमा ३ सय २७ रनमा अलआउट भएको थियो।

यसैगरी कूकले अर्का वेस्ट इन्डिज लिजेन्ड ब्रायन लारालाई पनि पछि पारेका छन्। टेस्टमा सर्वाधिक रन बनाउने सूचीमा उनले कूल ११ हजार ९ सय ५६ रन जोडेर नवौंबाट छैटो स्थान कब्जा जमाउँदा लारा ३ रनले पछि परेका हुन्। कूकले लाराका लागि क्षमासमेत भन्दै बताए- 'इमान्दारीका साथ भन्नुपर्दा लाराका लागि क्षमा भएको महशुस गरे। तर आफ्नो नाम अगाडि भएपछि यो विशेष क्षण पनि बन्यो।

एमसीजीमा दोहोरो सतक प्रहार गर्ने पहिलो इंग्लिस ब्याटसम्यान बनेका कूकको यो आफ्नो पाँचौं दोहोरो सतकसमेत थियो। उनलाई



स्टुअर्ट ब्रोडले अन्तिम विकेटका लागि नटआउट १ सय रनको साझेदारीमा सहयोग गर्नाले पनि कूकले एमसीजीमा इतिहास रच्न सहज भयो। त्यस्तै ५६ रनमा नटआउट रहेका ब्रोड टेस्ट क्रिकेटमा १० औं नम्बरका ब्याटसम्यानले अर्धसतक प्रहार गर्नेमा क्रिस लेविसपछि दोस्रो इंग्लिस खेलाडी बने। लेविसले सन् १९९१ को टेस्टमा ६५ रन बनाएका थिए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ